# नेपाल उद्योग वाणिज्य महासंघ
# वार्षिक प्रतिवेदन
# २०६४/६५

## परिच्छेद – (१)

(२०६४ चैत्र १३ गते आयोजित ४२ औं वार्षिक साधारण सभा अघिको)

# नेपाल उद्योग वाणिज्य महासंघ
# बयालीसौं वार्षिक प्रतिवेदन
# २०६४/ २०६५

१. **पृष्ठभूमि** :

नेपालका समस्त निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको ४२ औं वार्षिक / विशेष साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट यो वार्षिक प्रतिवेदन पेश गरेको छु। यस अवसरका लागि म महासंघका अध्यक्षज्यू एवं पदाधिकारीज्यूहरु लगायत कार्यकारिणी समितिका सदस्यहरुमा हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

महासंघको ४१ औं वार्षिक साधारण सभा गत २०६४ साल जेठ २० र २१ गते काठमाडौंमा सम्पन्न भएको थियो। यस अघि प्रत्येक वर्ष आषाढ वा श्रावण महिनामा हुने गरेको महासंघको वार्षिक साधारण सभा यो पटक करिव १० महिना भित्रमा नै हुँदै छ। यसको प्रमुख कारण महासंघको वर्तमान विधान (पांचौं) संशोधनको व्यवस्था अनुसार महासंघको साधारण सभा प्रत्येक वर्षको चैत्र मसान्त भित्र सम्पन्न गरी सक्नु पर्ने छ। निर्वाचित वर्तमान कार्यकारिणी समितिको पदावधि समेत सम्पन्न हुन गई रहेको यस अवस्थामा निर्वाचनको लागि हुने साधारण सभा चैत्र मसान्त भित्र हुने र अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन वाहेकका बांकी बिषयमा छलफल गर्न साधारण सभा पछिको जेठ मसान्त भित्र विशेष साधारण सभा बस्ने व्यवस्था समेत विधानले गरेको छ। यसैले यस पटकको साधारण सभा विशेष महत्वको रहेको छ।

प्रस्तुत प्रतिवेदनमा महासंघको वर्तमान नेतृत्व एवं कार्यकारिणी समितिको अग्रसरतामा विगत ४१ औं वार्षिक साधारण सभा पश्चात भए गरेका कार्यक्रम, गतिविधि तथा अर्थ उद्योग, वाणिज्य क्षेत्रको वाह्य एवं आन्तरिक बस्तुस्थिति एवं अवलम्बन गरिएका रणनीतिहरुलाई समेट्ने प्रयास गरिएको छ।

वर्षौदेखि पेट्रोलियम पदार्थको आपूर्तिमा आएको कमि, विद्युत आपूर्तिमा अत्यधिक कटौति, श्रम विवाद तथा बढ्दो अशान्ति एवं असुरक्षाको कारण देशको उद्योग, व्यापार, व्यवसायको स्थिति यस अवधिमा पनि प्रतिकूल रह्यो। यस अवस्थामा उद्योग व्यापार व्यवसायलाई बचाई राख्ने प्रयाशमा महासंघको वर्तमान नेतृत्व एवं कार्यकारिणी समिति प्रयाशरत रही आएको छ। यसैको फलस्वरुप महासंघ प्रतिको विश्वास एवं अपेक्षा तमाम उद्योगी व्यवसायिको मात्र नभई सरकार, नागरिक समाज, दातृ संस्थाहरु, कुटनैतिक नियोगका साथै क्षेत्रीय तथा आन्तराष्ट्रिय निकाय एवं महासंघका अन्य भातृ संस्थाहरुमा बढेको पाईएको छ। यो वार्षिक साधारण सभा महासंघको नियमित प्रकृया हो तापनि यस सभाको सान्दर्भिकता एवं महत्व प्रत्येक वर्ष छ। यस सभाले महासंघलाई आउंदा दिनहरुमा क्रियाशील एवं गतिशील बनाउन थप मार्ग दर्शन गर्ने विश्वास लिएको छु।

विगत २०६२।२०६३ मा भएको ऐतिहासिक जनआन्दोलन–२ पछि मुलुकको राजनीतिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन आएको छ। नेपाल सरकार र नेपाल कम्यूनिष्ट पार्टि (माओवादी) बीच सम्पन्न शान्ति सम्झौता, अन्तरिम व्यवस्थापिका संसदको गठन, अन्तरिम संविधानको घोषणा तथा अन्तरिम सरकारको गठनलाई नेपालको राजनीतिक क्षेत्रमा अत्यन्त महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ। यसबाट वर्तमान राष्ट्रिय मूल लक्ष्य संविधान सभाको निर्वाचन समयमानै भई देशमा यस अघिको जस्तो द्वन्द, अशान्ति र असुरक्षा, अनेकन दवावका साथै प्रतिकूल औद्योगिक व्यवसायिक वातावरणको अन्त हुनुका साथै एक समुन्नत एवं लोकतान्तिक नेपाल र समृद्ध नेपाली हुने अपेक्षा गरिएकोमा निर्धारित समयमा संविधान सभाको निर्वाचन हुन सकेन। यसको परिणाम तथा यस अवधिमा देशमा विभिन्न क्षेत्र र समूहबाट वारम्वार हुने बन्द हडताल, चक्काजाम, जस्ता घटनामा बढोत्तरी भएको छ। त्यसैगरी चोरी, डकैति, हत्या, अपहरण जस्ता अपराधिक गतिविधिमा समेत तीब्रता आएको छ। बर्षौको असुरक्षा, अशान्ति तथा द्वन्द दिनचर्या जस्तै भएको छ। महासंघले त्यस्तो गतिविधिको घोर भत्सर्ना गर्दै उद्योग व्यवसाय लगायतको आर्थिक क्रियाकलाप सञ्चालनमा प्रतिकूल अवस्था सिर्जना हुन नदिन र अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुलाई तत्कालै पक्राउ

गरी कडा कारवाही गर्ने कार्यमा तदारुकता देखाई शान्ति सुरक्षा कायम गर्न महासंघले निरन्तर पहल गर्दै आएको छ। तापनि शान्ति सुरक्षामा अझै सुधार हुन सकेको छैन। यद्यपि यो राष्ट्रिय राजनीतिको संक्रमणकालिन अवस्था भएको तथा नेपाल र नेपालीको भविष्य निर्माणको ऐतिहासिक एवं महत्वपूर्ण कदमका रुपमा संविधान सभा निर्वाचन नजिक आई रहेकोले निर्धारित समयमानै संविधान सभाको निर्वाचन शान्तिपूर्वक एवं निष्पक्ष रुपमा सम्पन्न भई मुलुकको राजनीतिले स्थिरता प्राप्त गर्नुको साथै शान्ति सुरक्षामा सुधार हुने तथा उद्योग व्यवसायले गति लिनेमा महासंघ विश्वस्त छ।

विद्यमान कठिन अवस्थामा पनि महासंघका गतिविधि तथा आ–आफ्नो पेशा व्यवसाय एवं आ–आफ्नो क्षेत्रका औद्योगिक व्यवसायिक लगायतका आर्थिक क्रियाकलापहरुलाई जीवन्त राख्न महासंघका सदस्य जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरु, बस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु र एशोसिएट सदस्यहरुबाट सक्रियतापूर्वक सहयोग भई आएको छ। त्यसको हृदयदेखिनै सराहना गर्नै पर्दछ। आगामी दिनहरुमा पनि महासंघलाई प्रभावकारी बनाई राख्न सम्पूर्ण सदस्यहरुको सहयोग र सद्भावको पूर्ण अपेक्षा सहित यस अवधिमा अत्यन्त असहज परिस्थितिका बावजूद महासंघबाट उद्योग वाणिज्य व्यवसायको विकास र प्रबर्द्धनका अतिरिक्त यस क्षेत्रका समस्यालाई न्यूनिकरण गर्न तथा महासंघ एवं सदस्य संघहरुको संस्थागत विकास र सुदृढिकरणका साथै विभिन्न परिषद्, समिति, फोरमबाट यस अवधिमा भए गरेका कामहरुको संक्षिप्त विवरण यस प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ। यस अन्तर्गत समेट्न खोजिएका प्रमुख बिषयहरु यस प्रकार छन् :

(क) विश्व र नेपालको संक्षिप्त आर्थिक गतिविधि।

(ख) मुलुकको उद्योग, व्यापार व्यवसाय र निजी क्षेत्रको विकासमा महासंघले लिएको रणनीति एवं अवधारणा।

(ग) महासंघको परिषद⁄फोरम⁄समितिको हालसम्मका गतिविधि।

(घ) महासंघ अन्तर्गत सञ्चालित परियोजनाहरुको कार्यक्रम एवं समीक्षा।

(ङ) महासंघका अन्य समसामयिक गतिविधि एवं सहभागिता।

(च) विविध।

२. **विश्व अर्थतन्त्रको संक्षिप्त झलक** :

विश्वको आर्थिक बृद्धिदर सन् २००८ मा ४.१ प्रतिशत रहने अनुमान गरिएको छ। विश्वको आर्थिक बृद्धिदर सन् २००७ मा ४.९ प्रतिशत र सन् २००६ मा ५ प्रतिशत रहेको थियो। विश्व अर्थव्यवस्थामा सन् २००६ को पूर्वार्द्धमा पेट्रोलियम पदार्थको मूल्यमा बृद्धि र संयुक्त राज्य अमेरिकाको आवास (Housing Market) क्षेत्रमा शिथिलता देखिएको भएता पनि सन् २००६ को अगस्त महिनादेखि पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावट, विकसित मुलुकहरुको आन्तरिक मागमा आएको सुदृढता, जापानको आर्थिक क्रियाकलापमा भएको क्रमिक सुधार, हालका वर्षहरुमा तीव्र आर्थिक बृद्धि दर हासिल गरिरहेका मुलुकहरु मध्ये खासगरी चीन र भारतको उच्च आर्थिक बृद्धि, अनुकूल वित्तिय बजार स्थिति तथा उपयुक्त आर्थिक एवं वित्तिय नीतिहरुका कारण सन् २००६ मा विश्वको आर्थिक बृद्धि दर सुदृढ रहेको थियो।

अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार विकसित अर्थतन्त्रहरुको आर्थिक बृद्धि दर सन् २००७ र २००८ दुवै वर्षहरुमा सन् २००६ को तुलनामा घट्न जाने अनुमान भएता पनि विकासोन्मुख राष्ट्रहरु र तेल–निर्यातक मध्यपूर्वी राष्ट्रहरुको आर्थिक बृद्धि दर सन्तोषजनक रहने आधारमा सन् २००७ र २००८ दुवै वर्षहरुमा विश्वको उत्पादन ४.९ प्रतिशतको समान दरले बढ्ने देखिन्छ।

एशियाली विकासोन्मुख मुलुकहरुको आर्थिक बृद्धि दर सन् २००८ मा ८.६ प्रतिशत रहने अनुमान गरिएको छ। दक्षिण एशियाको आर्थिक बृद्धि दर सन् २००६ मा ८.७ प्रतिशत रहेकोमा सन् २००७ मा ८.१ प्रतिशत रहने अनुमान छ। नेपालका छिमेकी मुलुकहरु भारत र चीनको आर्थिक बृद्धिदर क्रमशः ९.२ प्रतिशत र १०.७ प्रतिशत रह्यो। भारतमा सन् २००७ मा आर्थिक बृद्धि दर ८.४ प्रतिशतले र चीनमा १०.० प्रतिशतले आर्थिक बृद्धिदर हुने अनुमान गरिएको छ।

३. **नेपालको आर्थिक स्थिति** :

देशमा विगतमा उत्पन्न असहज परिस्थिति, पटक–पटक भई रहने बन्द, हडताल, चन्दा आतंक, लोडसेडिङ्ग, ट्रक व्यवसायीको कार्टेलिङ्ग, कच्चा पदार्थको नियमित आपूर्तिमा देखिएको समस्या, औद्योगिक सुरक्षाको अभाव आदिका कारण नेपालको आर्थिक प्रगति दक्षिण एशियामानै सबै भन्दा कम रहेको छ। आर्थिक वर्ष २०६३।६४ मा कूल गार्हस्थ उत्पादनको बृद्धिदर उत्पादकको मूल्यमा २.५० प्रतिशत भएको अनुमान छ। आर्थिक वर्ष २०६३। ६४ मा मुख्य गरी धान रोपाई गर्ने समयमा पर्याप्त वर्षा नभई प्रमुखबाली धानको उत्पादन उच्चरदले घटेकोले कृषि क्षेत्रको ०.७ प्रतिशतले सीमान्त दरमा बृद्धि हुने र गैर कृषि क्षेत्रको बृद्धिदर ३.६ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ। प्रमुख औद्योगिक बस्तुहरुको उत्पादन सूचकाङ्क गत वर्ष १.९ प्रतिशतले बढेकोमा यस वर्ष २.१ प्रतिशतले बढ्ने अनुमान छ।

दशौं योजनाको अन्तिम वर्ष २०६३।६४ मा ४.३ प्रतिशतको सामान्य आर्थिक बृद्धि दर हासिल गर्ने लक्ष्य रहेको थियो। तर योजना अवधिमा लक्षित समान्य आर्थिक बृद्धि दर भन्दा पनि कम अर्थात औसत ३ प्रतिशतले बृद्धि भएको छ। देशमा शान्ति सुरक्षाको अवस्थामा अपेक्षित सुधार हुन नसक्नु, लगानी उत्साहजनक रुपमा बढ्न नसक्नु, बन्द, हडताल आदिका कारण बस्तुको सहज आपूर्तिमा व्यवधान हुनु, सरकारको विकास खर्च बढ्न नसक्नु, मौसमको प्रतिकूलताले गर्दा कृषि उत्पादन नराम्ररी प्रभावित हुनु आदि कारणहरुले गर्दा यस योजना अवधिमा आर्थिक बृद्धि दर न्यून रहन गएको छ।

आर्थिक वर्ष २०६४।६५ को फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यसै अवधिमा मुद्रा स्फिति ६.२ प्रतिशत रहेको थियो। चामल तथा चामलजन्य पदार्थ तेल तथा घ्यूको उच्च मूल्य बृद्धिका कारण समग्र मूल्य स्थितिमा भार पर्न गएको हो।

यसैगरी आ.व. २०६४।६५ मा वार्षिक औसत अन्तरनिहित मुद्रास्फिति (Core Inflation) ६.१ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष यस्तो मुद्रास्फिति ६.८ प्रतिशत थियो। यस २०६४।६५ को प्रथम आठ महिनामा काठमाडौं उपत्यका, तराई र पहाडको सूचकांकमा क्रमशः ७.०, ७.१ र ७.५ प्रतिशतले बृद्धि भएको छ। गत वर्ष यसै अवधिमा यो बृद्धि दर क्रमशः ६.४, ६.५ र ५.२ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०६४।६५ को फागुन मसान्तसम्ममा वार्षिक औसत राष्ट्रिय तलव तथा ज्याला दर सूचकांक ९.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा औद्योगिक मजदूरको ज्याला दर ११.६ प्रतिशत, कृषि मजदूरको ज्याला दर ६.० प्रतिशत र निर्माण मजदूरको ज्याला दर १०.९ प्रतिशतले बढेको छ।

विश्व व्यापार संगठनको सदस्यतापछि नेपालले उठाउन सक्ने लाभ एवं आई पर्ने चुनौतिको सामना गर्न आधुनिक व्यवस्थापन, नविन सीपको प्रयोग, उन्नत प्रविधिको उपयोग, प्राविधिक दक्षता अभिबृद्धि, उद्यमशीलताको विकास एवं प्रबर्द्धन गरी मुलुकको अर्थतन्त्रलाई सुदृढ तुल्याउनु नेपालको अहिलेको टड्कारो आवश्यकता हो।

३(१) **उद्योग र लगानी** :

देशमा विगतमा उत्पन्न असहज परिस्थिति, पटक पटक भई रहने बन्द, हडताल, चन्दा आतंक, लोडसेडिङ्ग, ट्रक व्यवसायीको कार्टेलिङ्ग, कच्चा पदार्थको नियमित आपूर्तिमा देखिएको समस्या, औद्योगिक प्रतिष्ठानमा देखिएको श्रमिक व्यवस्थापन बीचको तनाब, औद्योगिक सुरक्षाको अभाव आदिका कारण औद्योगिक तथा व्यवसायिक क्षेत्रको उत्पादनमा नकारात्मक असर परेको छ। परिणामस्वरुप, औद्योगिक क्षेत्रमा निजी क्षेत्रको लगानी प्रोत्साहित नभएकोले लगानीकर्ताहरु निराश र हतोत्साहि बन्दै गई रहेका छन्। यसबाट पूंजी पलायन हुने स्थिति श्रृजना भएको छ।

आर्थिक वर्ष २०६३।६४ मा समूहगत औद्योगिक सूचकांक २.१० प्रतिशतले बृद्धि हुन गई १०४.३२ रहन गएको थियो भने गत वर्ष यो बृद्धि दर १.९२ प्रतिशत थियो। यस अवधिमा बनस्पति तेल तथा घ्यू, दूग्ध पदार्थ, अन्न तथा पशु दाना, अन्य खाद्य पदार्थ, प्लाष्टिकका

सामान, प्रकाशन छापाखाना तथा रेकर्डिङ्ग, अन्य रासायनिक पदार्थ, गैर धातु खनिजजन्य उत्पादन, फेब्रिकेटेड धातुका सामान र बिजुलीका उपकरणको सूचकांकमा बृद्धि हुने अनुमान छ भने लगाउने लत्ता कपडा तथा अन्य कपडा, पेय पदार्थ, सूर्तिजन्य बस्तु, छाला तथा छालाका सामानको सूचकांकमा ह्रास आउने अनुमान छ ।

उद्योग विभागका अनुसार आर्थिक वर्ष २०६४।६५ को प्रथम नौ महिनामा १६ अर्ब ३४ करोड ४४ लाख परियोजना लागत भएका जम्मा १५८ स्वदेशी लगानीमा उद्योगहरु स्थापना गर्न स्विकृति प्रदान गरिएको छ । यसरी हालसम्म मझौला र ठूला उद्योगहरु गरी जम्मा ३६८० उद्योगहरु स्वीकृत भएका छन् । यी उद्योगहरु सञ्चालनमा आएपछि ३३९५८७ जनाले रोजगारी प्राप्त गर्ने अनुमान छ ।

विश्व व्यापार संगठनको प्रावधान अनुसार सन् २०१० पछि लगानीका सबै क्षेत्र खुला गर्ने नीति अनुसार नेपालले पनि विदेशी लगानीका नयां क्षेत्रहरु खुला गर्दै आएको छ । यसै अनुसार आर्थिक वर्ष २०६४।६५ को प्रथम नौ महिनासम्मको अवधिमा विदेशी लगानीमा जम्मा १२७ उद्योगहरुले उद्योग स्थापना गर्न स्विकृति पाएका छन् । ती उद्योगहरुको कूल परियोजना लागत रु. १५ अर्ब १७ करोड ४६ लाख छ भने त्यसमा विदेशी लगानीको अंश रु. ७ अर्ब ७२ करोड रहेको देखिन्छ । यी उद्योगहरु सञ्चालनमा आएपछि जम्मा ६०४५ जनाले थप रोजगारीको अवसर प्राप्त गर्नेछन् ।

उद्योग विभागका अनुसार शुरुदेखि आ.व. २०६४।६५ को प्रथम नौ महिनासम्ममा विदेशी लगानीको अंश रु. ४० अर्ब ५५ करोड १५ लाख भएका जम्मा १४११ उद्योगहरु स्थापना गर्न स्विकृति प्रदान गरिएको छ । यी उद्योगहरु सञ्चालन भए पश्चात जम्मा १ लाख २० हजार ९२५ नेपालीले रोजगारी प्राप्त गर्ने छन् ।

देशगत लगानीबाट हेर्दा सबै भन्दा बढी भारतको ३९०, चीनको १७७, जापान १३२, अमेरिका १३२, दक्षिण कोरिया ९२, सयुक्त अधिराज्य ६८ आदि छन् भने समूहगत लगानीको आधारमा हेर्दा ४९३ उत्पादन औद्योगिक समूह, ५१४ सेवा, २८१ पर्यटन, ३७ निर्माण, २३ उर्जा, १४ कृषि र ३१ ढुवानी र सञ्चारसंग सम्बन्धित उद्योगहरु रहेका छन् ।

देशमा दिगो स्थायी शान्तिको लागि प्रयास भई रहेता पनि दिनानुदिन उद्योग व्यापार क्षेत्रमा भई रहेको प्रहार, हत्या, अपहरण, चन्दा आदि आतंककारी कृयाकलापले गर्दा औद्योगिक वातावरण त्यति शान्तिपूर्ण र सहज बन्न नसकि नेपालको लगानीको वातावरणमा प्रतिकूल प्रभाव परिरहेको छ ।

३(२) **<u>बैदेशिक व्यापार तथा सोधनान्तर</u>** :

आर्थिक वर्ष २०६३।६४ मा वाह्य क्षेत्र तर्फ मिश्रित उपलब्धि हासिल भएको छ । यस अवधिमा कूल निर्यातको बृद्धिदर ०.९३ मा सीमित रहि रु. ६० अर्ब ७९ करोड ५८ लाख पुगेको छ । गत वर्ष सो बृद्धि २.६ प्रतिशत पुगेको थियो ।

यस अवधिमा भारत तर्फको निर्यात २.८५ प्रतिशतले बृद्धि भई रु. ४१ अर्ब ७१ करोड ४७ लाख पुगेको छ भने तेश्रो मुलुक तर्फको निर्यात भने ३.११ प्रतिशतले ह्रास आई रु. १८ अर्ब ९२ करोड १० लाखमा सीमित हुन पुगेको छ ।

अघिल्लो वर्ष भारत तर्फको निर्यात ४.६२ प्रतिशतले बढेको थियो भने अन्य मुलुक तर्फको निर्यात १.६३ प्रतिशतले घटेको थियो ।

आ.व. २०६३।६४ मा कूल आयात १०.३ प्रतिशतले बृद्धि भई रु. १९१ अर्ब ७० करोड ८८ लाख पुगेको छ भने अघिल्लो वर्ष कूल आयात १६.३ प्रतिशतले बढेको थियो । कूल आयात मध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २०.८ प्रतिशतले बढेकोमा यस वर्ष ९.९ प्रतिशतले बढी रु. ११७ अर्ब ७४ करोड ४ लाख पुगेको छ ।

त्यसैगरी अन्य मुलुक तर्फको आयातमा ११ प्रतिशतले बृद्धि भई रु. ७३ अर्ब ९६ करोड ८४ लाख पुगेको छ ।

आ.व. २०६३।६४ मा भारतबाट सवारी साधन तथा पार्टपूर्जा, क्वाइलहरु, धागो, विद्युतीय सामग्रीको आयात बढेको छ भने अन्य मुलुकबाट विशेषगरी सुन, कच्चा पाम तेल, कम्प्यूटर पार्टस, दूरसञ्चारका सामग्री तथा सुपारीको आयात उल्लेख्य रुपमा बढेको छ ।

आ.व. २०६३।६४ मा रु. ५ अर्ब ८८ करोडको समग्र शोधनान्तर बचत भएको छ । आर्थिक वर्ष २०६२।६३ मा विप्रेषण आप्रवाह बृद्धि उल्लेख्य दरमा ४९ प्रतिशत रहेको थियो भने यस आ.व.मा २.५ प्रतिशत मात्र रहेको छ ।

आर्थिक वर्ष २०६४।६५ को प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा कूल निर्यात २.९ प्रतिशतले घटि रु. ३८ अर्ब ९६ करोड ३२ लाख पुगेको छ । गत वर्ष सो आंकडा ६.६ प्रतिशतको उच्च दरले घटेको थियो ।

सो अवधिमा भारत तर्फको निर्यातमा ६.९ प्रतिशतले घटी रु. २५ अर्ब ८५ करोड ९९ लाखमा सीमित हुन पुगेको छ । त्यसैगरी तेश्रो मुलुक तर्फको निर्यातमा भने ७.२ प्रतिशतले बृद्धि भई रु.  १३ अर्ब १० करोड ३३ लाख पुगेको छ ।

भारत तर्फ मुख्यतया बनस्पति घ्यू, जिंक सिट, जुस, जुटका सामान, पोलिष्टर धागो, अन्य धागो, कपडाको निर्यातमा बृद्धि भएको छ । अन्य मुलुक तर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, दाल, धातुजन्य बस्तुहरु, चांदिका गरगहना, छालाको निर्यातमा बृद्धि आएको कारण कूल निर्यात बढेको हो ।

आर्थिक वर्ष २०६४।६५ को पहिलो आठ महिनासम्ममा कूल आयात १२.५ प्रतिशतको उच्च दरले बढी रु. १ खर्व २८ अर्ब ९७ करोड ४१ लाख पुगेको छ । कूल आयात मध्ये भारतबाट भएको आयातमा १५ प्रतिशतले बृद्धि भई रु. ८२ अर्ब ९३ करोड ४० लाख पुगेको छ भने तेश्रो मुलुक तर्फको आयातमा पनि ८.२ प्रतिशतले बृद्धि भई रु. ४६ अर्ब ४ करोड पुगेको छ ।

आर्थिक वर्ष २०६४।६५ को पहिलो आठ महिनाको अवधिमा समग्र शोधनान्तर स्थिति रु. १३ अर्व २९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. १२ अर्व २८ करोडले बचतमा रहेको थियो ।

२०६४ असार मसान्तको तुलनामा २०६४ फागुन मसान्तमा कूल विदेशी विनिमय संचिति १०.२ प्रतिशतले बढी रु. १८१ अर्ब ९८ करोड पुगेको छ । अमेरिकी डलरमा गणना गर्दा यो संचिति १०.८ प्रतिशतले मात्र बढी अमेरिकी डलर २ अर्ब ८२ करोड पुगेको छ । आर्थिक वर्ष २०६४।६५ को पहिलो आठ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.३ महिनाको बस्तु आयात र ८.९ महिनाको बस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ (Crude Brent Oil) को मूल्य २०६३ फागुन मसान्तमा ६१.२ अमेरिकी डलर रहेकोमा २०६५ वैशाखसम्ममा प्रति व्यारल अमेरिकी डलर १३० को हाराहारीमा पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६४ सालको अन्तसम्ममा प्रति आउन्स अमेरिकी डलर करिब १०५०.० पुगेको छ ।

३(३) **पर्यटन** :

विश्वका विभिन्न पर्यटकीय गन्तव्य स्थलहरु मध्ये नेपाल एक प्रमुख गन्तव्य स्थलको रुपमा रहेको छ । नेपालमा पर्यटन उद्योगको प्रशस्त सम्भावनाहरु रहेका छन् । पर्यटन उद्योगको विकासको माध्यमबाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा व्यापार व्यवसाय बढ्ने, विदेशी मुद्रा आर्जन हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, घरेलु तथा हस्तकलाका उद्योगहरुको विस्तार तथा प्रबर्द्धन, स्थानीय स्तरमा उत्पादन तथा आयस्तर बढ्ने, वाह्य मुलुकमा देशको प्रचार प्रसार हुने र जनताको चेतना स्तरमा बृद्धि हुने, लगायत देशको क्षेत्रीय असन्तुलन हटाउन मद्दत पुग्दछ ।

विगत वर्षहरुदेखि ओरालो लागेको नेपालको पर्यटन उद्योग ऐतिहासिक संविधान सभाको चुनाव पछि क्रमशः सुधारोन्मुख छ । विगतमा खस्किएको नेपालको पर्यटनको छविलाई

विश्व बजारमा प्रबर्द्धन गर्न २००७ मा "पोखरा भ्रमण वर्ष" भव्यताका साथ मनाइयो। यसबाट पर्यटक आगमनमा एउटा उत्साह नै थपिएको छ। पोखराका साथै अन्य प्रमुख पर्यटकीय गन्तव्य स्थलका होटल, रिजोर्टहरु खचाखच नै भरिएका छन्। यस अवधिमा हवाई तथा स्थल यातायात, , ट्राभल एजेन्सी, ट्रेकिङ्ग व्यवसाय र अन्य प्रत्यक्ष अप्रत्यक्ष व्यापार व्यवसायमा पनि उल्लेख्य रुपमा बृद्धि भएको छ।

नेपाल पर्यटन बोर्डको अनुसार सन् २००७ मा नेपाल आउने पर्यटकको संख्यामा ७२.९ प्रतिशतले बृद्धि भई ५ लाख २६ हजार ३१३ पुगेको छ भने गत वर्ष २००६ मा सो संख्या ३ लाख ८३ हजार ९२६ रहेको थियो।

यस अवधिमा भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकको संख्यामा पनि उल्लेख्य रुपमा बृद्धि भएको छ। तर पर्यटक आगमन संख्या बढे पनि गुणस्तरीय पर्यटक नहुनु र उनीहरुको बसाई अवधि विगत वर्षहरुको तुलनामा झन छोटिंदै जानुले यसबाट प्राप्त हुने आयमा कमि आएको छ।

यस वर्ष २०६३।६४ को प्रथम ८ महिनामा रु. ६ अर्ब १७ करोड ६० लाख मात्र विदेशी मुद्रा आर्जन भएको छ।

गत वर्ष २०६२।६३ मा पर्यटन आयबाट प्राप्त हुने विदेशी मुद्राको कूल गार्हस्थ उत्पादनमा १.५ प्रतिशतको योगदान रहेको थियो भने यस वर्ष २०६३।६४ को प्रथम ८ महिनामा ०.९ प्रतिशतको योगदान रहेको छ।

पर्यटन उद्योगको मेरुदण्ड भनेको हवाई यातायात नै हो। तर नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम धरासायी बन्दै जानु नेपाली पर्यटन उद्योगको लागि दुर्भाग्यनै मान्नु पर्दछ।

यसैगरी, गुणस्तरीय पर्यटक संख्या बृद्धि गर्न र उनीहरुको बसाई अवधि लम्व्याउन नयां–नयां पर्यटकीय तथा सांस्कृतिक सम्पदा स्थलको पहिचान तथा संरक्षण र ती स्थलहरुमा पर्यटकीय पूर्वाधारको विकास, नयां साहसिक, जैविक पर्यटन, रचनात्मक तथा नविनतम पर्यटकीय बस्तुहरुको पहिचान तथा विकास गरी यस क्षेत्रमा विविधिकरण गरिनु जरुरी भई सकेको छ। यसै तथ्यलाई मध्यनजर गर्दै, नेपाल सरकार, नेपाल, पर्यटन बोर्ड तथा निजी क्षेत्र मिलेर अन्तर्राष्ट्रिय तथा क्षेत्रीय पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ। आन्तरिक पर्यटन प्रबर्द्धनका लागि नेपाल सरकार र निजी क्षेत्र मिलेर नेपालका विभिन्न जिल्ला सदरमुकाम तथा पर्यटकीय तथा धार्मिक स्थलहरुमा मेला, प्रदर्शनी तथा महोत्सवहरु आयोजना गरिएका छन्।

३(४) **कृषि** :

कृषि प्रधान देश नेपालका करिव ८० प्रतिशत जनता आय र रोजगारीको लागि कृषिमा आश्रित छन्। मुलुकको कृषि प्रणाली वर्तमान अवस्थासम्म पनि परम्परागत तथा मनसुनमा आधारित रहेको छ। कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको करिव ३६ प्रतिशत योगदान रहेता पनि परम्परागत कृषि प्रणाली, उन्नत बिऊ विजन र मल समयमा उपलव्ध हुन नसक्नु, सिंचाईको पर्याप्त व्यवस्था नहुनु, कृषिमा नयां प्रविधिको कमि, व्यवसायिकरण तथा बजार विविधिकरणको अभाव आदि विविध कारणहरुले गर्दा यस क्षेत्रको अपेक्षाकृत विकास हुन सकेको छैन।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आ.व. २०६३।६४ मा कृषि क्षेत्रको गार्हस्थ उत्पादन ०.६ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। यस वर्ष प्रतिकूल मौसमका कारण कृषि उत्पादन सूचकाङ्कको आधारमा आ.व. २०६२।६३ को तुलनामा आ.व. २०६३।६४ मा खाद्यान्न बालीको उत्पादनमा २.७८ प्रतिशतले गिरावट आएको देखिन्छ।

नगदे बाली तर्फ आ.व. २०६३।६४ मा तेलहन र सूर्तिको उत्पादनमा क्रमशः २.६३ प्रतिशत र २.५८ प्रतिशतले ह्रास भएको छ भने ऊखु र दलहन बालीको उत्पादनमा क्रमशः ५.५७ र २.६ प्रतिशतले बृद्धि हुने अनुमान छ।

अन्य बाली तर्फ फलफूल तथा तरकारीको उत्पादनमा आर्थिक वर्ष २०६३।६४ मा ५.० र ६.६९ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

खुला सिमाना तथा आर्थिक उदारिकरणसंगै नेपाली कृषकहरुले चर्को प्रतिस्पर्धाको सामना गरिरहेको वर्तमान अवस्थामा कृषि सम्बन्धी आधुनिक प्राविधिक सेवा, सहुलियतपूर्ण कृषि ऋण, कृषिको पूर्वाधारको रुपमा रहेको कृषि सडकको पहूंच, भण्डारणको व्यवस्था, बजारको खोजी आदि जस्ता चुनौतिहरु हाम्रा सामू विद्यमान छन् ।

सबै भन्दा प्रमुख चुनौति भनेको कृषि योग्य जमिनलाई वास्तविक किसानको पहुंचसम्म पुऱ्याउन भूमिको सन्तुलित वितरण, भूमिको उत्पादनशील उपयोग, स्थानीयस्तरमा आवश्यक लघु सिंचाई आयोजनाहरुको सञ्चालन, कृषि कर्जाको सहज, सरल र सर्वसुलभ उपलब्धता आदि हुन ।

३(५) **सरकारी वित्त** :

विगत केही वर्षदेखि यता मुलुकको असहज परिस्थितिका कारण सरकारी वित्त लगातार संकटको स्थितिबाट गुज्रिरहेको छ । चालू खर्चमा चाप परेको र पूंजीगत खर्चमा समेत बृद्धि भएको कारण गत वर्ष २०६४।६५ मा कूल सरकारी खर्च उच्च दरले बढेको हो ।

आर्थिक वर्ष २०६४।६५ को प्रथम आठ महिनासम्ममा नगद प्रवाहमा आधारित कूल सरकारी खर्च ३२.५ प्रतिशतले बृद्धि भई रु. ८० अर्ब ३४ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १५.० प्रतिशतले बढेको थियो । सरकारी खर्चका तीनवटै शिर्षकहरु चालू खर्च, पूंजीगत खर्च र सावां भुक्तानीमा उल्लेखनीय बृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कूल सरकारी खर्च बढेको हो ।

नेपाल राष्ट्रय बैंकका अनुसार आ.व. २०६४।६५ को प्रथम आठ महिनामा नेपाल सरकारको राजश्व २६.२ प्रतिशतले बृद्धि भई रु. ६० अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त दर १४.४ प्रतिशतले बढेको थियो । भन्सार, अन्तःशुल्क एवं मूल्य अभिबृद्धि कर जस्ता कर, राजश्वको बृद्धि दरमा विस्तार भएको र आयकर तथा गैर कर राजश्वको बृद्धि पनि उल्लेख्य रहेकोले यस अवधिमा कूल राजश्व संकलन बढेको हो ।

आर्थिक वर्ष २०६४।६५ मा बैदेशिक नगद अनुदान रु. ९ अर्ब ७८ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष विदेशी नगद अनुदान रु. १० अर्ब ६३ करोड मात्र परिचालन भएको थियो ।

४. **मुलुकको उद्योग वाणिज्य व्यवसाय र निजी क्षेत्रको विकासमा महासंघले लिएको रणनीति एवं अवधारणा** :

देशमा बढ्दो अशान्ति र असुरक्षाका साथै पेट्रोलियम पदार्थको अभाव, दैनिक ४८ घण्टासम्मको विद्युत लोड सेडिङ्ग, श्रम विवाद, आदिका कारण उत्पन्न समस्याको सबै भन्दा बढी मार उद्योग वाणिज्य व्यवसाय क्षेत्रमा पऱ्यो भने अर्कोतिर नीतिगत एवं प्रक्रियागत समस्याका कारण समेत उद्योग वाणिज्य व्यवसाय क्षेत्र अझ बढी धरासायी हुन पुगेको छ ।

विश्वव्यापिकरण र क्षेत्रीय स्वतन्त्र व्यापार व्यवस्थाको सन्दर्भमा नेपाली उद्योग व्यवसायले आफ्नो प्रतिस्पर्धि क्षमताको विकास गर्दै जानु पर्नेमा पेट्रोलियम पदार्थको आपूर्तिमा कमि, ढुवानी तथा आवागमनमा वरावरको अवरोध, विद्युत कटौति लगायत नीतिगत कमजोरीका कारण उत्पादनशील उद्योगहरु प्रतिस्पर्धी हुन सकेनन् भने यो क्षेत्रले आफूलाई पुनर्संरचना गर्न नपाएबाट ठूलो समस्या झेल्नु पऱ्यो । उद्योगले व्यहोर्नु परेको नोक्सानीमा सरकार तथा श्रमिक पक्ष कतैबाट पनि खासै चासो र प्रोत्साहनदायि सहयोग हुन सकेनन । साथै सामाजिक दायित्व पूरा गर्दै र कानूनले तोकेको कर महशूल तिरी पारदर्शी व्यवस्था गर्न चाहनेहरुलाई निरुत्साहित गर्ने प्रबृत्तिमा कमि आएन । सरकारबाट उद्योग वाणिज्य व्यवसाय क्षेत्रको विकास विस्तार र प्रोत्साहन, लगानी आकर्षण, उत्पादन तथा निर्यातमा प्रोत्साहन लगायत रोजगारी प्रबर्द्धनका लागि ठोस नीतिगत व्यवस्था र प्रक्रियागत सुधार समेत हुन सकेन । यिनै पृष्ठभूमिमा निजी क्षेत्रको भूमिकालाई सक्षम र प्रष्ट बनाउन महासंघले यस अवधिमा विगतका रणनीति एवं अवधारणालाई समेत निरन्तरता दिंदै निम्न अनुसारको रणनीति अवलम्बन गर्नु पर्ने माग सहित सो अनुसार आफ्नो कार्यक्रमहरुलाई अघि बढाएको थियो :–

(१) वर्तमान परिस्थितिलाई ध्यान दिएर अन्य कानूनसंग नबाझ्ने गरी तत्काल कार्यान्वयन हुन सक्ने समय सापेक्ष औद्योगिक नीति ल्याउनु पर्ने ।

(२) बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नीतिलाई पुनवरावलोकन गरी निकासी एवं रोजगारीका आधारमा परिमार्जित गर्नु पर्ने ।

(३) घरेलु तथा लघु उद्योग विकासको लागि छुट्टै नीति ल्याउनु पर्ने ।

(४) रुग्ण उद्योग पुनर्स्थापना गर्ने सम्बन्धी व्यवस्था गर्न एउटा उच्चस्तरीय अधिकार सम्पन्न बोर्ड गठन गरी त्यसले गरेको निर्णयहरु प्रभावकारी रुपले कार्यान्वयन गराउनु पर्ने ।

(५) स्वदेशी उद्योगहरुलाई बढी प्रोस्ताहित गर्न स्वदेशी वस्तुको खपत बढाउन र प्रतिस्पर्धी बनाउन विशेष प्याकेजको व्यवस्था हुनु पर्ने ।

(६) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुको स्पष्ट किटान गरी यस्ता उद्योगहरुको स्थापना, विकास तथा विस्तारका लागि विशेष प्याकेजको व्यवस्था हुनु पर्ने ।

(७) सन्तुलित क्षेत्रीय विकासको लागि दुर्गम तथा विकट क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्न त्यस्ता क्षेत्रहरुमा स्थापना हुने सबै वर्गका उद्योगलाई आयकर ऋण लगायत अन्य सहुलियतको व्यवस्था हुनु पर्ने ।

(८) कृषि, पानी, बन एवं मानव जस्ता देशमा उपलब्ध श्रोत, साधन र उद्योग क्षेत्र बीच Back Ward Linkage र आन्तरिक एवं वाह्य बजारसंग Forward Linkage कायम गरी उद्योगहरुको विकास गर्ने नीति ल्याउनु पर्ने ।

(९) वैदेशिक मुद्रा आर्जन तथा रोजगारी सृजना गर्ने उद्योगहरु ; जस्तै गलैचा, पश्मिना हस्तकला तथा तयारी पोशाक जस्ता उद्योगहरुको लागि एक प्रकारको छुट्टै व्यवस्था हुनु पर्ने ।

(१०) उद्योगहरुको निरन्तर विस्तार र प्रतिस्पर्धि क्षमता विकासको क्रममा विशेष आर्थिक क्षेत्र (Special Economic Zone) र निर्यात प्रबर्द्धन क्षेत्र (Export Promotion Zone) यथाशीघ्र स्थापना हुनु पर्ने ।

(११) स्थानीय श्रोत र प्रविधिको उपयोग गरी व्यवसाय विकासका लागि निजी क्षेत्रलाई नेतृत्व दिई सरकारले सहजकर्ताको काम मात्र गर्नु पर्ने ।

(१२) सुरक्षाको प्रत्याभूति हुंदा पर्यटक आगमनमा ठूलो वृद्धि हुने हुंदा शान्ति सुरक्षा कुनै पनि हालतमा बिग्रन नदिन विशेष शतर्कता अपनाउनु पर्ने ।

(१३) जलविद्युत निकासीलाई वस्तु निकासी एवं बिक्री सरह नमान्दा राजनैतिक तहमा बढी खिचातानी हुने गरेको छ । यस सन्दर्भमा राजनैतिक तहमा रहेको अन्यौलता हटाउनु पर्ने ।

(१४) गैर आवासीय नेपाली (NRN) को उचित सहभागिताले राष्ट्रलाई लाभ हुने भएबाट यस क्षेत्रको सहभागितालाई बढावा दिनुको साथै उनीहरु मार्फत समेत आर्थिक कुटनीतिको विकास तथा नेपालमा लगानी एवं पर्यटन प्रवाहका लागि प्रोत्साहित गर्नु पर्ने ।

(१५) देशमा एक दशक लामो द्वन्दको अन्त भई शान्ति सम्झौता, अन्तरिम व्यवस्थापिकाको गठन, अन्तरिम संविधानको घोषणा र अन्तरिम सरकारको गठन सहित शान्ति प्रक्रिया बढेता पनि देशमा विद्यमान अशान्ति र असुरक्षा, पेट्रोलियम पदार्थको अभाव, विद्युत आपूर्तिमा भारि कटौति, श्रम विवाद जस्ता कारणबाट हुन पुगेको प्रतिकूल औद्योगिक व्यवसायिक वातावरणबाट यस क्षेत्रमा हुने नोक्सानी न्यून गरी उद्योग व्यवसायलाई निरन्तरता दिन प्रयास र प्रोत्साहनदायि व्यवस्था हुनु पर्ने ।

(१६) राष्ट्र निर्माणका साथै राष्ट्रिय आर्थिक सामाजिक विकासमा महासंघको भूमिकालाई अझ प्रभावकारी बनाउने क्रममा राजनीतिक दलहरु, बिषयगत विज्ञ समूह, नागरिक समाज, कुटनीतिक तथा अन्तर्राष्ट्रिय समूदायसंग समेत निरन्तर सम्वादका थालनी ।

(१७) ठूलो रोजगारी र बैदेशिक मुद्रा आर्जन गर्ने निर्यातजन्य बस्तुहरुमा विशेषगरी तयारी पोशाक, गलैंचा, पश्मिना आदिको बजार विस्तार र सुरक्षित गर्ने रणनीतिको पहल ।

(१८) उत्पादनमूलक उद्योगहरुलाई बचाउन नसकेको अवस्थामा ठूलो धनराशी र समूदाय विस्थापित हुने खतरालाई दृष्टिगत गरी विशेषतः रोजगारी, पूंजि, श्रम, लगानी आदिका क्षेत्रमा पर्न जाने असर बारे नीतिगत पैरवी ।

(१९) उद्योगको पुनसंरचना एवं सञ्चालनको लागि लगानी मैत्री श्रम कानूनमा सुधार र कम व्याजदरका साथै सञ्चालन हुन नसक्ने उद्योग व्यवसाय बन्द गर्ने (Exit Policy) र सञ्चालन हुन सक्ने उद्योग व्यवसायका लागि बैंकको ऋण तिर्न म्याद थप सहित सहुलियत व्याज दरको व्यवस्थामा जोड ।

(२०) स्थानीय कच्चा पदार्थको उपयोग र बस्तुहरुको विकासमा महिला उद्यमीहरुको महत्वपूर्ण भूमिका हुने यथार्थतालाई दृष्टिगत गरी महिला सशक्तिकरण कार्यक्रममा जोड ।

(२१) औद्योगिक सुरक्षाको लागि विशेष “कोरिडोरको” व्यवस्था सहित निजी क्षेत्रलाई थप आर्थिक भार नपर्ने गरी “औद्योगिक सुरक्षा बल” को गठनको माग ।

(२२) नेपालको जैविक सम्पदाको सम्बर्द्धन र दुर्गम जिल्लाहरुको विकासको दृष्टिकोणले ती जिल्लाहरुमा उद्योग, व्यवसाय स्थापनामा प्रोत्साहन गरिनु पर्ने माग ।

(२३) डब्लुटिओ, साफ्टा र विमस्टेकको सन्दर्भमा नेपाली उत्पादन र सेवालाई विश्व बजारमा प्रतिस्पर्धि बनाउन तथा निर्यात प्रवर्द्धनका लागि महासंघले उत्पादकत्व अभिवृद्धि, गुणस्तर नियन्त्रण सीप एवं दक्षता विकास, ब्राण्ड संरक्षण जस्ता कार्यक्रमहरु सरकार तथा दातृ संस्थाहरुको सहयोगमा समेत संचालन गर्नुका साथै कानूनी व्यवस्थाका लागि सरकार समक्ष पैरवी ।

(२४) स्थानीय क्षेत्रको विकासबाटनै उद्योग व्यवसाय लगायत देशको आर्थिक–सामाजिक विकास हुने अवधारणा अनुरुप सार्वजनिक–निजी साझेदारीको अवधारणालाई विस्तार गर्दै लगिएको र यसको सकारात्मक प्रभाव परेको ।

(२५) शीप विकास एवं स्व-रोजगारी वृद्धिका लागि सरकारको सहयोग, महासंघको समन्वय तथा स्थानीय उद्योग वाणिज्य संघको सकृयतामा सार्वजनिक–निजी साझेदारी अवधारणा अनुरुप इलम प्रशिक्षण केन्द्र (Trade School) संचालनमा विस्तार । यसका अतिरिक्त गैर आवासीय नेपालीको सहयोगमा समेत सो केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाईदै ।

(२६) औद्योगिक सम्बन्ध विकासका क्रममा बन्द उद्योग व्यवसाय संचालन र श्रम ऐन सुधारमा समन्वय तथा मेलमिलापको माध्यमद्वारा श्रम विवाद समाधान गर्ने सम्बन्धमा महासंघ र ट्रेड यूनियनहरु बीच समझदारी ।

(२७) बैंकिङ्ग समस्या समाधानको क्रममा रुग्ण उद्योग पुनर्स्थापना तथा पुनःसंरचना समितिको व्यवस्था र नेपाल राष्ट्र बैंकको कालो सूची निर्देशिकामा रहेका गैर कानूनी प्रावधानहरुलाई हटाउन सशक्त पहल ।

(२८) पुनरावेदन अदालतमा वाणिज्य इजलास गठनको व्यवस्था सहित नयाँ कम्पनी ऐन, श्रम ऐन, प्रतिस्पर्धा ऐन, भन्सार ऐन लगायत उदार अर्थतन्त्र, डब्लुटिओ. को सन्दर्भमा आवश्यक नीति एवं ऐन कानून तर्जुमा र विद्यमान ऐन नियममा आवश्यक सुधारका लागि पहल ।

(२९) देशमा औद्योगिक व्यवसायिक गतिविधिलाई अघि बढाई उत्पादन र रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले पांचै विकास क्षेत्रमा महासंघ र घरेलु तथा साना उद्योग विभागको सहयोग एवं जिल्लाका उवासंघहरुको सहभागितामा क्षेत्रीय उद्योग व्यापार मेलाका साथै महासंघ र निर्यात प्रवर्द्धन समितिको सहयोगमा देशका विभिन्न जिल्लामा उद्योग व्यापार मेला/महोत्सव एवं प्रदर्शनीका लागि महासंघद्वारा प्रोत्साहित । यस कार्यमा बैंक तथा वित्तिय संस्था, स्थानीय निकाय र दातृ संस्थाको समेत सहयोग जुटाउंदै गएको ।

(३०) महासंघमा स्थापित युवा उद्यमी मञ्चबाट रोजगारी प्रबर्द्धन मार्फत गरिवी निवारणमा सहयोग पुऱ्याउनुका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा युवा उद्यमीहरु वीच सम्पर्क विस्तारका एवं युवा उद्यमी तथा आर्थिक सामाजिक विकासमा योगदान पुग्दै गएको ।

(३१) स्वदेशी उत्पादन र सेवाको प्रयोगलाई बढाई स्वदेशी उद्योग व्यवसायको प्रवर्द्धनमा सघाउ पुऱ्याउने उद्देश्यले सरकारका सम्बन्धित निकायहरुका साथै सेवा प्रदायक निकायहरु समेतको व्यापक सहभागितामा "स्वदेशी वस्तु र सेवाको प्रयोग गरौं" भन्ने मूल सन्देश सहित आयोजित कार्यक्रमबाट सरकार एवं सरकार अन्तरगतका निकायहरुमा स्वदेशी वस्तुको प्रयोग बढाउने प्रतिवद्धता र प्रयास भएको ।

(३२) संभाव्यताको आधारमा स्थानीय उत्पादन वृद्धि गरी रोजगारी अभिवृद्धिका साथै आर्थिक विकास एवं गरिवी निवारणमा सघाउ पुऱ्याउने उद्देश्यले "एक गाउं एक उत्पादन (One Village One Product)" को महासंघको अवधारणालाई सरकारको आ.व. २०६३/६४ देखिको बजेटले समेत समेटि सार्वजनिक–निजी साझेदारी अवधारणा अनुरुप ठोस कार्यान्वयनका लागि महासंघद्वारा पहल :

- कृषि तथा सहकारी मन्त्रालयद्वारा स्वीकृत सो सम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार नीतिगत कार्य उच्चस्तरीय कृषि व्यवसाय प्रवर्द्धन समितिले गर्ने तथा कार्यक्रम तर्जुमा स्वीकृत तथा समन्वयका लागि महासंघका अध्यक्षको संयोजकत्वमा सम्बन्धित मन्त्रालय एवं निजी क्षेत्रका प्रतिनिधि सहितको समिति गठन गरी कार्यक्रमलाई अघि बढाई रहेको तथा जिल्ला स्तरमा स्थानीय उवासंघको संयोजकत्वमा जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन समिति समेत गठन गरी कार्यक्रमहरुलाई अघि बढाइएको ।

- उक्त कार्यक्रम अन्तरगत बस्तु विकासका लागि जिल्ला छनौट गरि यस सम्बन्धी कार्यविधि, महासंघ समेतको सहभागितामा कृषि तथा सहकारी मन्त्रालयद्वारा तयार गर्नुको साथै कार्यक्रमको कार्यान्वयनका लागि सचिवालयका रुपमा कृषि उद्यम केन्द्रबाट कार्यक्रमको समन्वय हुंदै आएको ।

- कृषिको व्यवसायिकरणको क्रममा विश्व बैंकको सहयोगमा कृषि तथा सहकारी मन्त्रालयबाट Project on Agriculture Commercialization for Trade परियोजनाको तयारी तथा सो परियोजना सञ्चालनार्थ कार्यान्वयन साझेदारी निकायका रुपमा कृषि उद्यम केन्द्रलाई समावेश गरिने भए अनुसार सो सम्बन्धी सम्झौताको क्रममा रहेको र यसको कार्यान्वयनबाट कृषिको व्यवसायिकरण तथा व्यापार विकासमा सघाउ पुग्ने ।

(३३) स्थानीय निकायद्वारा अनियमित रुपमा उठाई आएको कवाडी कर एवं अन्य कर महसूल समस्या महासंघको प्रयास र समन्वयमा केही सहज भएतापनि पूर्ण समाधानका लागि पहलका साथै राजश्व परामर्श समिति एवं जिल्ला स्तरमा साना कदरदाता समिति गठन गरी समस्या समाधानमा जोड ।

(३४) स–साना व्यवसायी माथिको मूल्य अभिवृद्धि कर समस्या जटिल हुदै गएकोमा यस सम्बन्धमा महासंघद्वारा सरलता अपनाउन र स्थायी टेरिफ बोर्ड गठन सहित अन्य राजश्व तथा कर प्रणालीलाई सरल बनाउन जोड ।

(३५) औद्योगिक व्यवसायिक वातावरण अनुकूल तथा आकर्षक हुने गरी औद्योगिक, व्यापारिक तथा श्रम नीतिका साथै सो क्षेत्रलाई प्रभाव पार्ने अन्य ऐन नियममा पुनरावलोकनका लागि पहल ।

(३६) महासंघमा संचालित परियोजनाहरु, कृषि उद्यम केन्द्र, टिप्स, बालश्रम निवारण जस्ता परियोजनाहरुबाट क्रमशः कृषिको व्यवसायिकरण, सूचना एवं जानकारीको आदान प्रदान तथा चेतनामूलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन ।

(३७) महासंघद्वारा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तारको क्रममा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संघ/संस्थाका साथै दातृ निकाय र विभिन्न मुलुकका उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित संघ/संस्थाहरुसंगको सम्पर्कलाई अझ सुदृढ गर्दै प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन भईरहेको ।

(३८) आर्थिक कुटनीतिलाई प्रभावकारी रुपमा संचालन गरी द्विपक्षीय औद्योगिक, व्यापारिक एवं पर्यटन प्रवर्द्धनका साथै आर्थिक सम्बन्ध विस्तार गर्न सरकार लगायत विभिन्न कुटनीतिक नियोगहरु मार्फत पहल ।

(३९) उद्योग व्यवसाय लगायत निजी क्षेत्र माथि बराबर हुने गरेको दवाव, आक्रमण, अपहरण लुटपाट, चन्दा आतंक लगायत बढ्दो अशान्ति र असुरक्षाको अन्त गरी देशमा शान्ति सुरक्षा बहाली तथा समृद्ध नेपाल निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, होटल एशोसिएशन नेपाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन लगायत अन्य व्यवसायिक एवं पेशागत संघ/संस्थाहरुको सहभागितामा गठित "आर्थिक उन्नतीको लागि सहकार्य" (Alliance for Economic Growth) द्वारा आफ्नो उद्देश्य अनुरुप सक्रिय रुपमा कार्य गर्दै आएको छ । यसबाट उद्योग व्यवसाय क्षेत्रमा एकता तथा सहकार्यमा समझदारी बढ्दै गएको ।

(४०) उद्योगी व्यवसायी लगायत उद्योग व्यवसाय क्षेत्रको सुरक्षाको प्रत्याभूति तथा लामो समयको विद्युत संकट एवं पेट्रोलियम पदार्थको अभाव, उद्योग व्यवसाय सञ्चालनको प्रतिकूल वातावरणको अन्त सहित विगतमा बीरगञ्ज घोषणा पत्रद्वारा पारित भई निजी क्षेत्रद्वारा प्रस्तुत मागहरु पूरा नभएमा देशभरका उद्योग वाणिज्य क्षेत्रद्वारा चरणबद्ध रुपमा विभिन्न विरोधका कार्यक्रमहरु सञ्चालन गरी सरकारलाई राजश्व नतिरी छुट्टै खातामा जम्मा गर्नेसम्मको आन्दोलन सञ्चालन गर्ने तयारी आर्थिक उन्नतिका लागि सहकार्यद्वारा भई रहेको ।

(४१) मुलुकको आर्थिक विकासका लागि राजनीतिक हस्तक्षेपमुक्त पूर्वाधार विकास बोर्ड गठन र पूर्वाधार विकास बैंक स्थापनाका लागि पहल ।

**संस्थागत विकास** :

मुलुकको उद्योग, व्यापार व्यवसाय लगायतको आर्थिक क्रियाकलाप विस्तारको लागि अपनाउनु पर्ने राष्ट्रिय रणनीतिका अतिरिक्त सदस्य संघ/संस्थाहरुको संस्थागत विकास सुदृढिकरण, व्यवसायिकरण एवं क्षमता विकासको रणनीति समेत महासंघले अवलम्बन गरेको थियो । यस सम्बन्धमा अवलम्बन गरिएका रणनीति एवं अवधारणा मुख्यतः निम्नानुसार छन् ।

१. **महासंघको नियमावली सहितको आचार सहिंता लागू** :

महासंघलाई अझ बढी प्रतिनिधिमूलक एवं प्रभावकारी बनाउनुको साथै महासंघको छवि विकास गर्ने उद्देश्यले संशोधित विधानको प्रावधान अनुरुप महासंघको नियमावली सहितको आचार संहिता कार्यकारिणी समितिद्वारा पारित गरि लागू गरिएको ।

२. **महासंघको सेवालाई अझ प्रभावकारी एवं स्तरीय बनाउने क्रम अगाडि बढाइएको** :

महासंघको संस्थागत विकास गरि महासंघद्वारा प्रवाहित सेवालाई अझ बढी प्रभावकारी तथा व्यवसायिक बनाउने क्रमलाई अघि बढाइएको र यस क्रममा सचिवालय सुदृढिकरणको प्रकृया समेत अघि बढाइएको छ । साथै महासंघको सेवालाई अन्तर्राष्ट्रिय स्तरको बनाउँदै लगि स्तरीयता प्रमाणपत्र (ISO Certificate) दिलाउन प्रयासरत रहेको ।

३. **सदस्यता विस्तार** :

यस अवधिमा महासंघमा नयां नयां उद्योग व्यवसायसंग सम्बन्धित संघ संस्थाहरुको समेत प्रवेश भई सदस्यता वृद्धि भएको छ । यस अनुसार महासंघ प्रति उद्योग व्यवसाय क्षेत्रको आकर्षण बढ्दो छ । यस अवधिमा महासंघको सदस्य संख्या जिल्ला तथा नगर स्तरीय उद्योग वाणिज्य संघहरु ७३ जिल्लामा ९० बाट ७४ जिल्लामा ९१, वस्तुगत संघहरु ६४ बाट ६६, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु ९ बाट १० र एशोसिएट सदस्यहरु ३६७ बाट ३७६ गरी कूल सदस्य संख्या ५३१ बाट ५४३ पुगेको छ ।

४. **सदस्यहरुको संस्थागत एवं व्यवसायिक विकास र सुदृढिकरण** :

महासंघको सदस्य संघहरुको संस्थागत विकास एवं सचिवालयको सुदृढिकरण, वस्तुगत संघहरुलाई विशेषज्ञ समूहको रुपमा विकास, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु मार्फत आर्थिक कुटनीति एवं व्यापार तथा वैदेशिक लगानी र पर्यटन प्रवर्द्धन तथा एशोसिएट सदस्यहरुको व्यवसायिक विकास कार्यक्रमहरुमा विस्तार गरिदैं लगिएको छ ।

**एकचालीसौं वार्षिक साधारण सभाबाट पारित प्रस्ताव सम्बन्धमा** :

महासंघको चालीसौं वार्षिक साधारण सभाबाट पारित प्रस्ताव तथा सोको प्रगति विवरण (अनुसूची–१) मा दिइएको छ ।

५. **महासंघको परिषद्/समिति/फोरमहरु मार्फत भए/गरेका र सञ्चालनमा रहेका कार्यक्रमहरु :**

महासंघले लिएका उपरोक्त रणनीतिको अलावा यस अवधिमा महासंघबाट भए गरेका निम्न परिषद्/समिति/फोरमहरुका कार्यक्रमहरुको समीक्षा यस प्रकार प्रस्तुत गरिएको छ :

५(१) **जिल्ला तथा नगर परिषद्:**

जिल्ला / नगर उद्योग वाणिज्य संघ एवं बस्तुगत संघहरुको पार्श्वचित्र २०६४

स्थानीय आर्थिक विकासमा उद्योग वाणिज्य संघहरु र बस्तुगत संघहरुको भूमिकालाई सशक्त र प्रभावकारी तुल्याउनका साथै संघहरुको संस्थागत सुदृढीकरण एवं कार्य क्षमता अभिवृद्धिका लागि संचालन गरिने प्रबर्द्धनात्मक कार्यक्रमहरुका लागि आवश्यक आधारभूत सूचना तथा जानकारीहरु एकीकृत गरी भावि कार्य योजना निर्माण तथा महासंघको सेवा सहयोगलाई फलदायी बनाउन सकियोस भन्ने उद्देश्यले महासंघले जिल्ला / नगर उद्योग वाणिज्य संघहरु र बस्तुगत संघहरुको पार्श्वचित्र (DCCI & Commodity Association Profile) तयार गर्न (प्रोफाइल) सवै संघहरुलाई प्रश्नावली भरी पठाउन अनुरोध गरे अनुसार हालसम्म ६० वटा जिल्ला /नगर उद्योग वाणिज्यहरु, र ३१ वटा बस्तुगत संघहरुबाट प्राप्त भएको छ । विवरण प्राप्त भएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ र बस्तुगत संघहरुको प्रोफाइलको लागि GTZ/SEQUA को आर्थिक सहयोगमा डाटा वेस कार्य सम्पन्न भएको छ ।

**लेखनाथ उद्योग वाणिज्य संघको प्रतिनिधि मण्डलद्वारा भेटघाट**

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकाल र पदाधिकारीहरुसंग लेखनाथ उद्योग वाणिज्य संघका तत्कालिन अध्यक्ष चतुराखर अधिकारीको नेतृत्वमा आएको लेखनाथका व्यवसायीहरु सम्मिलित प्रतिनिधिमण्डलले २०६४ असार २५ गते महासंघको सचिवालयमा भेटघाट गरेको थियो । सो भेटघाटमा स्थानीय आर्थिक तथा सामाजिक विकासमा उद्योग वाणिज्य संघ र स्थानीय निकायहरु बीच सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप संचालित कार्यक्रमहरु निकै प्रभावकारी भएको र लेखनाथ उद्योग वाणिज्य संघ लगायत महासंघका केही सदस्य संघहरु यस कार्यमा निकै सफल भएको जानकारी गराइएको थियो ।

**गुलरिया उद्योग वाणिज्य संघको प्रतिनिधि मण्डलद्वारा भेटघाट**

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकाल एवं अन्य पदाधिकारीहरु र गुलरिया उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र प्रसाद कंडेलको नेतृत्वमा आएको सो संघका पदाधिकारी, सदस्यहरु तथा वर्दिया जिल्लाका आठै राजनीतिक दल, स्थानीय निकाय एवं नागरिक समाजका प्रतिनिधिहरु सम्मिलित २२ सदस्यीय प्रतिनिधिमण्डल बीच २०६४ असार १९ गते महासंघको सचिवालयमा भेटघाट आयोजना गरिएको थियो । भंसार नाका लगायतका समस्या समाधान सम्वन्धमा छलफल भएको थियो ।

**वालिङ उद्योग वाणिज्य संघको प्रतिनिधि मण्डलद्वारा भेट**

संघको आयस्रोत अभिवृद्धि, शीपमुलक कार्यक्रमको पहिचान, संघहरु बीचको आपसी सम्बन्ध विकास तथा सुदृढीकरण र सचिवालय सुदृढीकरणको उद्देश्यले वालिङ उद्योग वाणिज्य संघका अध्यक्ष श्री याम वहादुर गुरुङको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष एवं अन्य पदाधिकारीहरुसंग २०६४ साल श्रावण ३० गते महासंघको सचिवालयमा भेटघाट गऱ्यो ।

**आ.व. २०६३।६४ मा जिल्ला । नगर उद्योग वाणिज्य संघहरुलाई प्रदान गरिएको आर्थिक एवं उपकरण सहयोगको विवरण** :

सदस्य संघहरुको संस्थागत विकासका कार्यक्रम र लक्ष्यलाई महासंघले अघि सारेको छ । यसै अनुरुप यस अवधिमा निम्न जिल्ला । नगर उवासंघलाई निम्न प्रकारको सहयोग उपलव्ध गराइएको छ :

| क.सं | संघको नाम | आर्थिक सहयोग |
|---|---|---|
| १. | ताप्लेजुंग उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| २. | काभ्रे उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ३. | दांग उद्योग वाणिज्य संघ | ३०,०००।०० |
| ४. | डोल्पा उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ५. | मुगु उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ६. | रोल्पा उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ७. | जुम्ला उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ८. | महोत्तरी उद्योग वाणिज्य संघ | ४०,०००।०० |
| ९. | अर्घाखांची उद्योग वाणिज्य संघ | ४५,०००।०० |
| १०. | रुकुम उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| ११. | त्रियुगा उद्योग वाणिज्य संघ | ८०,०००।०० |
| १२ | नेपाल दाना उद्योग संघ | ५००००।०० |
| ६. | नेपाल मुद्रण उद्योग संघ (Refresher Training) | १५००१।०० |
| | **उपकरण** | |
| १. | पर्वत उद्योग वाणिज्य संघ (फोटो कपि खरीद गर्न) | २५००१।०० |
| २. | दार्चुला उद्योग वाणिज्य संघ | फाक्स मेशिन |
| ३. | महोत्तरी उद्योग वाणिज्य संघ (कम्प्युटर खरीद गर्न) | २५०००।०० |
| ४. | रौतहट उद्योग वाणिज्य संघ (कम्प्युटर खरीद गर्न) | २५०००।०० |
| ५. | नेपाल चिया उत्पादक संघ | फाक्स मेशिन |
| ६. | उदयपुर उद्योग वाणिज्य संघ (कम्प्युटर खरीद गर्न) | २५,०००।०० |
| ७. | छाला जुत्ता तथा बस्तु उत्पादक संघ नेपाल (कम्प्युटर प्रिन्टर) | ४४०००।०० |
| ८. | नुवाकोट उद्योग वाणिज्य संघ (कम्प्युटर खरीद गर्न) | २५०००।०० |
| ९. | ताप्लेजुंग उद्योग वाणिज्य संघ फिजिविलिटी स्टडी | २००००।०० |

**व्यवसायिक आचार संहिताको पालना र भ्रष्टाचार नियन्त्रणमा निजी क्षेत्रको भूमिका**

यस महासंघ र उद्योग वाणिज्य संघ इटहरीको आयोजनामा र ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको सहकार्यमा इटहरीमा व्यवसायिक आचार संहिताको पालना र भ्रष्ट्राचार नियन्त्रणमा निजी क्षेत्रको भूमिका विषयक कार्यक्रम २०६४ साल पौष १४ गते इटहरीमा महासंघका अध्यक्ष श्री चण्डिराज ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा महासंघका भू.पू. अध्यक्ष एवं ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका कोषाध्यक्ष श्री आनन्दराज मुल्मीले उक्त विषयको कार्यक्रम वारे जानकारी गराउनु भएको थियो ।

**कोशी अञ्चल भेला**

नेपाल उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष एवं कोशी अञ्चल प्रतिनिधि श्री दिवाकर गोल्छाको सभापतित्वमा उद्योग वाणिज्य संघ सुनसरीको आतिथ्यतामा धरानमा कोशी

अञ्चल भेला भै विभिन्न निर्णय गर्दै सम्पन्न भएको थियो । उक्त भेलामा कोशी अञ्चल क्षेत्र भित्रका उद्योग वाणिज्य संघका पदाधिकारीज्यूहरुको सहभागिता थियो ।

**मेची अञ्चल भेला**

नेपाल उद्योग वाणिज्य महासंघको मेची अञ्चल भेला महासंघका अध्यक्ष श्री चण्डिराज ढकालको प्रमुख आतिथ्यतामा भएको थियो । सो भेला महासंघका कार्यकारिणी समिति सदस्य एवं मेची अञ्चल प्रतिनिधि श्री मित्रप्रसाद काफ्लेको सभापतित्वमा दमक उद्योग वाणिज्य संघको आतिथ्यतामा दमकमा विभिन्न निर्णय गर्दै सम्पन्न भएको थियो ।

**सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको पर्यटन विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रम** :

पर्यटकीय महत्व रहेको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रले हाल सम्म खासै महत्व नपाएको कारणले विकासको लागि पर्यटन विकास आवश्यक रहेको परिप्रेक्ष्यमा यसलाई कसरी अघि बढाउन सकिन्छ भन्ने उद्देश्यले यही २०६४ साल माघ १५ गते यस महासंघ र कैलाली उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा महासंघको सचिवालयमा भूतपूर्व प्रधान मन्त्री एवं नेपाली कांग्रेसका बरिष्ठ नेता माननीय श्री शेर वहादुर देउवाको प्रमुख आतिथ्य एवं महासंघका अध्यक्ष श्री चण्डिराज ढकालको सभापतित्वमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

सो कार्यकममा पश्चिमाञ्चल क्षेत्रबाट प्रतिनिधित्व गर्नु हुने माननीय मन्त्रीज्यूहरु, माननीय राज्य मन्त्रीज्यू अन्तरिम विधायिका संसदका माननीय सदस्यज्यूहरु, सरकारका उच्च पदस्थ पदाधिकारीज्यू, पर्यटन सचिवज्यू, नेपाल पर्यटन बोर्डका बरिष्ठ पदाधिकारीज्यू, उद्योग व्यवसायीहरुको सहभागिता थियो ।

५(२) **रोजगारदाता परिषद** :

गत वर्षको तुलनामा यस अवधिमा श्रम विवादमा कमी आए पनि समग्र रुपमा औद्योगिक सम्बन्धको स्थिति अस्थिर नै रह्यो । श्रमिक कामदारबाट विभिन्न उद्योग प्रतिष्ठानमा जथाभावी माग पत्र प्रस्तु गर्ने तथा श्रम विवाद सिर्जना गरी उद्योग व्यवसायको संचालनमा वाधा अवरोध खडा गर्ने क्रम जारी नै रह्यो ।

ट्रेड युनियनहरु बीचको आपसी प्रतिस्पर्धाले प्रतिष्ठानस्तरमा श्रम विवाद वृद्धि भई एकपछि अर्को ट्रेड यूनियनले माग पत्र प्रस्तुत गर्ने परिपाटीले श्रम विवाद समाधानमा थप समस्याहरु देखिए ।

मुलुकको आर्थिक वृद्धि, जनशक्तिको उच्चतम परिचालन र औद्योगिक शान्ति प्रवर्द्धन गर्ने उद्देश्यले यस अवधिमा Employers' Conference को आयोजना गरियो । रोजगारदाताहरुको व्यापक सहभागिता रहेको यस सम्मेलनमा श्रम कानूनको सुधार विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

श्रम ऐन कानूनमा समयसापेक्ष सुधार हुनु पर्दछ भन्ने मान्यता अनुरुप सरकार र ट्रेड यूनियन पक्षसंग सहकार्य गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिने काम भएको छ । अहिले श्रम मन्त्रालयले श्रम ऐन कानून सुधारको लागि त्रिपक्षीय कार्यदल गठन गरेको र सो कार्यदलले श्रम सित सम्बन्धित विभिन्न ऐन कानून सुधारका साथै मजदूर आयोग जस्ता नयां ऐन पनि तयार गर्ने काम भई रहेको छ । अहिले मजदूर आयोग गठन गर्न एउटा ऐनको मस्यौदा तयार भईसकेको र यसमा महासंघबाट राय प्रस्तुत भएको छ ।

विद्यमान संक्रमणकालिन अवस्थामा श्रम क्षेत्रमा सृजित जटिलता र समस्याहरुको समाधान गरी औद्योगिक शान्ति कायम गर्ने कार्यमा रोजगारदाता परिषद क्रियाशील रह्यो । परिषद्ले सरकार, सदस्य उद्योग प्रतिष्ठान, संघ/संस्था र ट्रेड यूनियन पक्षसंग नियमित सम्वाद गरी समस्या समाधान गर्ने प्रयास गर्दै आएको छ ।

श्रम क्षेत्रमा विद्यमान समस्या र अशान्तिबाट आर्थिक गतिविधि र रोजगारीको क्षेत्रमा पर्ने प्रतिकूल असर कम गर्न परिषद् प्रयत्नशील रहे पनि पटक पटक उद्योग बन्दका घटनाहरु घटी नै रहे ।

गत वर्षझै यसवर्ष पनि असल श्रम सम्बन्धको प्रवर्द्धन तथा व्यवस्थापकहरुको कार्य क्षमता बढाउन सहयोग पुग्ने विभिन्न गोष्ठी र तालिम कार्यक्रम संचालन गर्ने काम भयो । अन्तर्राष्ट्रिय श्रम संगठन र जापानको रोजगारदाता संगठनको अन्तर्राष्ट्रिय सहयोग केन्द्रको सहयोगमा काठमाडौं र देशका अन्य स्थानहरुमा तालिम गोष्ठी र अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । तालिम गोष्ठीको विवरण संलग्न (अनुसूची–२) मा दिइएको छ ।

५(३) **कानूनी सेवा केन्द्रको स्थापना (Legal Service Centre)** :

औद्योगिक सम्बन्धमा देखिएको परिवर्तन बढ्दो श्रम विवाद समाधानको क्रममा रोजगारदाताहरुलाई आवश्यक पर्ने सल्लाह र कानूनी सेवाको आवश्यकता समेतलाई ध्यानमा राखी श्रम सम्बन्धी सबै किसिमका विवादको कानूनी ढंगबाट समाधान गर्न सहयोग पुऱ्याउने उद्देश्यले रोजगारदाता परिषद अन्तर्गत कानूनी सेवा केन्द्र (Legal Service Centre) स्थापना गरिएको छ ।

श्रम विवादको क्रममा रोजगारदाताको तर्फबाट कानून व्यवसायीको सेवा उपलब्ध गराउनुको साथै श्रम सम्बन्धी विषयमा आवश्यक परामर्श र सल्लाह दिन यस केन्द्रको क्षमता विकास र आवश्यक काममा दक्ष कानून व्यवसायीको संयन्त्र तयार गर्ने यस केन्द्रको योजना रहेको छ ।

५(४) **बालश्रम निवारण सम्बन्धी कार्यक्रम** :

अन्तराष्ट्रिय श्रम संगठनको बालश्रम निवारण कार्यक्रम (ILO/IPEC) अन्तरगत महासंघबाट नोभेम्बर २००३ देखि संचालनमा रहेको बालश्रम निवारण सम्बन्धी समयबद्ध कार्यक्रम मे २००६ सम्म संचालनमा रहेको भएता पनि बालश्रमका समस्या यथावत रहेको र संचालित कार्यक्रमहरुको अनुगमन र थप कार्यक्रम तयार गरी सञ्चालन गर्नु पर्ने आवश्यकतालाई ध्यानमा राखी बालश्रम निवारण परियोजना संचालन भईरहेका मोरङ्ग, मकवानपुर, कास्की, बर्दिया र कन्चनपुरमा स्थानीय उवासंघहरु समेतको सहभागितामा महासंघबाट कार्यक्रमलाई निरन्तरता दिने काम भई रहेको छ । हाल ती स्थानमा पहिले गठन भएका महिला समूहको गतिविधिलाई अनुगमन गर्ने काम भई रहेको छ ।

५(५) **सामाजिक सेवा** :

- संस्थागत सामाजिक दायित्व (Corporate Social Responsibility) अर्न्तरगत - वृद्धाश्रम, दलित तथा पिछडिएका जनजातीहरुका लागि छात्रवृत्ति, उद्योग/प्रतिष्ठानका कामदार/कर्मचारीहरुको प्रतिर्स्पधा तथा उत्पादकत्व कायम राख्न र स्वस्थ कार्यस्थलको वातावरण निर्माण गर्न एवं कार्यस्थलमा एच.आई.भि./एड्स नियन्त्रण तथा स्कूल सहयोग कार्यक्रम सम्बन्धी प्रस्ताव तयार गरि उक्त प्रस्ताव "गैर आवासीय नेपाली संस्था" (NRN) लाई पेश गरिएको थियो ।

५(६) **इलम प्रशिक्षण कार्यक्रम (Trade School Program)** :

महासंघको पहलमा सरकार र निजी क्षेत्र बीच साझेदारी कार्यक्रम अन्तर्गत नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् बीच २०६० साल चैत्र १९ गते भएको त्रिपक्षीय सम्झौता अनुसार देशका पांच विकास क्षेत्र क्रमशः झापा (दमक), नुवाकोट (विदूर), नवलपारासी (परासी), सुर्खेत (वीरेन्द्रनगर), कञ्चनपुर (महेन्द्रनगर)मा इलम प्रशिक्षण केन्द्र स्थापना भई सञ्चालनमा रहेका छन् ।

स्थापित केन्द्रहरुबाट देशमा रोजगारीको अवसर सृजना गरी गरिवी निवारणमा उल्लेखनीय भूमिका रहेको छ नेपाल सरकारको आ.व. २०६३।६४ को बजेट वक्तव्य मार्फत देशका थप ३ जिल्लामा इलम प्रशिक्षण केन्द्र क्रमशः सुनसरी (धरान), सिराह (लाहान), बारा (कलैया) मा स्थापना गर्ने उल्लेख भए अनुसार सुनसरी (धरान) र बारा (कलैयां) मा स्थापना भई

सञ्चालनमा रहेका र सिराह (लाहान) मा बन्द हडताल जस्ता क्रियाकलाप भई परिस्थिति अनुकूल नभएकोले हालसम्म स्थापना हुन नसकेकोमा अव उक्त स्थानमा ट्रेड स्कूल सञ्चालन गर्ने कार्य प्रारम्भ भएको छ ।

स्थापित केन्द्रहरुबाट विभिन्न बिषयमा गरी २१०६ जना प्रशिक्षार्थीले शीप विकास तालीम लिई सकेका छन् जस मध्ये १७५८ जनाले रोजगारी र स्वरोजगारीको अवसर प्राप्त गरेका छन् ।

यसै गरी महासंघको एक अञ्चल एक इलम प्रशिक्षण केन्द्र कार्यक्रम अन्तर्गत गैर आवासीय नेपाली संगठन (NRN-A) को सहयोगमा विभिन्न अञ्चलहरुमा केन्द्र स्थापना गर्न आवश्यक पहल भई रहेको छ। यसरी केन्द्र स्थापना गरिने अञ्चलहरुमा क्रमशः जनकपुर, गण्डकी, धवलागिरी, राप्ती, सेती, कर्णाली रहेका छन् ।

**इलम प्रशिक्षण कार्यक्रम कार्यान्वयन इकाईबाट भएका मुख्य मुख्य कार्यहरु** :

- इलम प्रशिक्षण कार्यक्रम सक्षम, सफल, पारदर्शी एवं प्रभावकारी सञ्चालनका लागि कार्यक्रम सञ्चालन निर्देशिका, नीतिगत अवधारणा एवं सञ्चालन एवं आर्थिक निर्देशिका तयार भई सम्बन्धित सबै केन्द्रहरुमा वितरण गरिएको ।
- इलम प्रशिक्षण केन्द्र, सुर्खेतमा भवन निर्माण सम्पन्न गर्न समन्वय एवं आवश्यक व्यवस्था भएको ।
- इलम प्रशिक्षण केन्द्रको बारा कलैयामा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको र सोको लागि आवश्यक व्यवस्था भएको ।
- इलम प्रशिक्षण केन्द्र नवलपरासीमा भवन निर्माण कार्य सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था भएको ।
- इलम प्रशिक्षण केन्द्र दमकमा भवन निर्माणको लागि आवश्यक व्यवस्था भएको ।
- गैर आवासीय नेपाली संगठन NRN-A संग ६ अञ्चलमा इलम प्रशिक्षण केन्द्र स्थापनाका लागि प्रस्ताव पेश गरी आवश्यक पहल भई रहेको ।
- The Asia Foundation Nepal संग इलम प्रशिक्षण केन्द्र दमक र कञ्चनपुरमा कार्यक्रम सम्पन्नका लागि आवश्यक व्यवस्था भएको ।
- स्थापित केन्द्रहरुको सञ्चालनमा समन्वय, योजना तर्जुमा एवं बजेट व्यवस्था वारे शिक्षा तथा खेलकूद मन्त्रालयसंग पहल भएको ।
- इलम प्रशिक्षण कार्यक्रम निर्देशन समिति र कार्यान्वयन समितिको बैठकको व्यवस्थापन कार्य भई रहेको ।
- महासंघमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको ।
- नवलपरासी इलम प्रशिक्षण केन्द्रबाट Cookery मा तालीम प्राप्त प्रशिक्षार्थीको लागि Internship को लागि आवश्यक व्यवस्थाको लागि पहल भएको ।
- UNDP संग पांचवटै विकास क्षेत्रमा Discharge People हरुको लागि शीप प्रदान गरी रोजगारीको व्यवस्थाका लागि कार्यक्रम कार्यान्वयन इकाईबाट प्रस्ताव पेश गरिएको ।

५(७) **बस्तुगत परिषद** :

वस्तुगत परिषदले बस्तुगत संघहरुसंग सम्वन्धित बिषयहरु निकासी प्रवर्द्धन, रुग्ण उद्योग, श्रम समस्या, संस्थागत बिकास, उत्पतिको प्रमाण पत्र वापत बस्तुगत संघहरुले पाउने हिस्सा आदि बिषयहरुमा छलफल एवं अन्तरकृया गर्दै आएको छ। परिषदले महासंघमा नया सदस्य भएका वस्तुगत संघहरु नेपाल पश्मिना उद्योग संघ, नेपाल निर्यात परिषद, नेपाल गलैचा निकासीकर्ता संघ र नेपाल हयाचरी उद्योग संघ तथा सौन्दर्य व्यवसायी संघ नेपाल संग छुट्टाछुट्टै भेटघाट एवं अन्तरकृया गरी महासंघको कार्यक्रममा बढि प्रभावकारिता ल्याउन

अवलम्वन गर्नु पर्ने नीतिहरुका साथै सम्बन्धित उद्योग व्यवसायहरुको प्रवर्द्धनको लागि हुनु पर्ने व्यवस्थाहरु वारे छलफल गरेको थियो । यसका साथै परिषदले बस्तुगत संघहरुको क्षमता अभिबृद्धि गर्ने सम्वन्धमा पनि बस्तुगत संघहरुसंग निरन्तर रुपमा समन्वय गरेको थियो ।

यसैगरी परिषद्ले नेपाल निर्यात परिषदका पदाधिकारीहरुसंग निकासी ब्यापारमा देखा परेका समस्या एवं निकासी ब्यापार प्रवर्द्धनको लागि हुनु पर्ने ब्यवस्थाहरुका साथै उत्पत्तीको प्रमाण पत्र बापत बस्तुगत संघहरुले पाउने हिस्सामा बिस्तृत रुपले छलफल गरेको थियो । परिषदले नेपाल दाना उद्योग संघका पदाधिकारी एवं सदस्यहरुसंग भेटघाट एवं छलफल गरेको थियो । छलफलमा दाना उद्योग सम्वन्धी बस्तुस्थितिका साथै संस्थागत बिकासको लागि महासंघले पुऱ्याउनु पर्ने सहयोग बारे छलपल भएको थियो । यसैगरी परिषदले सौन्दर्य ब्यवसायी संघ नेपाल संग भेटघाट एवं छलफल गरेको थियो । उक्त भेटघाट एवं छलफलमा सौन्दर्य ब्यवसायीहरुको बिकास बिस्तार तथा प्रवर्द्धनको लागि हुनु पर्ने ब्यवस्था एवं महासंघले पुर्याउनु पर्ने सेवाहरु बारे छलफल भएको थियो । यसैगरी परिषदले पौष महिनामा केन्द्रिय गलैचा उद्योग संघका पदाधिकारीहरुसंग भेटघाट एवं छलफल गरेको थियो । उक्त छलफलमा केन्द्रीय गलैचा उद्योग संघको संस्थागत बिकास तथा गलैचा ब्यापारको प्रवर्द्धनको लागि हुनु पर्ने ब्यवस्थाहरुका साथै उत्पत्तिको प्रमाण पत्र बापत संघले पाउनु पर्ने हिस्सा बारे छलफल भएको थियो । परिषदले पेट्रोलियम पदार्थको आपूर्तिमा देखा परेका समस्या एवं यस सम्वन्धी अन्य समस्याहरु बारे पनि नेपाल पेट्रोलियम डिलर एशोसिएसनसंग छलफल गरेको थियो । यसै गरि परिषदले नेपाल ह्याचरी उद्योग संघसंग पोल्ट्री ब्यवसायको लागि आवश्यक नीतिगत एवं कानूनी ब्यवस्थाहरु बारे छलफल गरयो । साथै परिषदले नेपाल नेपाल छाला जुत्ता तथा बस्तु उत्पादक संघसंग सम्वन्धित उद्योग ब्यवसायहरुमा श्रम सम्वन्धमा देखा परेका समस्याहरु बारे पनि छलफल गरेको थियो।

५(८) **<u>औद्योगिक प्रवर्द्धन</u>** :

औद्योगिक प्रवर्द्धन समितिले उद्योगहरुको बिकास बिस्तार तथा प्रवर्द्धनको लागि हुनु पर्ने नीतिगत एवं प्रकृयागत बिषयमा ध्यान केन्द्रित गरि नेपाल सरकारको सम्वन्धित मन्त्रालय, बिभाग तथा निकायहरुमा सुझाव प्रस्तुत गरेको थियो भने ति सुझावहरुको कार्यान्वयनको ब्यवस्थाको लागि निरन्तर रुपमा पहल गर्दै आएको छ । साथै समितिको पहलमा समय समयमा माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीज्यू, सचिवज्यू लगायत सम्वन्धित बिभागका पदाधिकारीज्यूहरु संग भेटघाट गरी उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्रमा हुनु पर्ने ब्यवस्थाहरु बारे बुंदागत रुपमा छलफल गर्दै आएको छ । उद्योगहरुको बिकास, बिस्तार तथा प्रवर्द्धनको लागि महासंघद्धारा नेपाल सरकारको सम्वन्धित निकायहरुमा प्रस्तुत सुझावहरुमा मुख्यतया हालको औद्योगिक नीति, बिदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिलाई पुनरावलोकन गरी समय सापेक्ष नयां नीति प्रकाशमा ल्याई सोही अनुसार ऐनहरु तर्जुमा हुनु पर्ने, निकासीमुलक उद्योगहरुको लागि उपयुक्त ऐनहरु सहित नीति अविलम्व ल्याउनु पर्ने, राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुको बिकास तथा बिस्तारको लागि बिशेष प्याकेजको ब्यवस्था हुनु पर्ने, संतुलित रुपमा क्षेत्रिय बिकास गर्न दुर्गम तथा अबिकसित क्षेत्रमा सवै बर्गका उद्योगहरुलाई आयकर एवं अन्य प्रोत्साहनको ब्यवस्था हुनु पर्ने, स्वदेशी उद्योगबाट उत्पादित बस्तुहरु नेपाल सरकार, गैह्र सरकारी एवं सम्वन्धित निकायहरुमा अनिवार्य रुपमा प्रयोग गर्ने ब्यवस्था सम्वन्धमा आर्थिक प्रशासनमा भएको ब्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन नगर्ने निकाय माथि कारवाहीको ब्यवस्था हुनु पर्ने, Export Trading House ले स्वदेशमा उत्पादित बस्तुहरु निर्यात गरेकोमा निर्यात सरहको सुविधा हुनु पर्ने आदि रहेको छ । साथै समितिले औद्योगिक ब्यवसाय ऐनमा भएको ब्यवस्थाहरु आयकर, भन्सार, मूल्य अभिबृद्धि कर एवं आर्थिक बिधेयक र अन्य कुनै ऐनहरुद्वारा खारेज नहुने कानूनी ब्यवस्था हुनु पर्ने कुरालाई जोड दिदै आएको छ । यस्तै गरी आफ्नो उत्पादनमा अधिकत्तम मूल्य अभिबृद्धि हुने किसिमका बस्तुहरु उत्पादन गरेमा त्यस्ता बस्तु उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन दिने ब्यवस्था हुनु पर्ने तर्फ पहल गर्दै आएको छ ।

यसै क्रममा औद्योगिक प्रवर्द्धन समितिले स्पष्ट तथा पारदर्शि किसिमको नयां औद्योगिक नीति तथा बिदेशी लगानी नीति प्रकाशमा ल्याउनु पर्ने कुरामा ध्यान केन्द्रित गरि नयां औद्योगिक नीतिमा हुनु पर्ने व्यवस्थाहरु बारे बिस्तृत छलफल गर्ने उद्देश्यले महासंघ र सावतीको संयुक्त तत्वावधानमा मिति २०६४, श्रावण १८ गते आर्थिक बिकास र नया औद्योगिक नीति बिषयक एक अन्तरकृया कार्यक्रम आयोजना गरिएको थियो ।

**<u>एकद्वार समिति</u>**

एकद्वार समितिमा पेश हुन आएका फाइलहरु फछ्र्यौट गर्ने कार्यमा समितिले सक्दो प्रयास गर्दै आएको छ । महासंघमा प्राप्त जानकारी अनुसार २०६४ चैत्र १२ गते सम्म ४८०३ वटा फाइलहरु दर्ता भएकोमा उक्त मिति सम्म ४१५२ वटा फाइलहरु फछ्यौट भई ६५१ फाइलहरु वांकी रहेको छ । एकद्वार समितिको बैठकबाट निर्णय भै हालसम्म १ अरव ६३ करोड बरावरको रकम फिर्ता दिने निर्णय भई सकेको छ ।

**<u>ब्राण्ड संरक्षण</u>**

उद्योग व्यवसाय क्षेत्रको बिकासमा ब्राण्ड संरक्षणले खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई दृष्टिगत गरी समितिले ब्राण्ड सम्वन्धी कार्यलाई पनि अगाडी बढाउदै आएको छ।

५(९) **<u>आयकर तथा मूल्य अभिबृद्धि कर र भन्सार तथा अन्तःशुल्क</u>** :

नेपाल सरकारवाट जारी गरिएको भंसार ऐन २०६४ को विभिन्न प्रावधानका कारण उद्योग व्यवसायमा पर्न सक्ने प्रभाव सम्बन्धमा विभिन्न सदस्य संघ संस्थाहरु लगायत विशेषज्ञको समेत राय संकलन गरी संशोधन सहितको सुझाव अर्थमन्त्रालय तथा भंसार विभागमा प्रस्तुत गरिएको छ । यसैगरी भन्सार नियमावली २०६४ को मस्यौदा सम्बन्धमा संशोधन गर्नु परेको कारण सहितको सुझाव भन्सार विभागमा पठाइएको छ । नेपाल तथा भारतको भन्सार समन्वय सम्बन्धी ११ औं बैठक (DG Level Talk) मा निजी क्षेत्रको तर्फबाट उठाउनु पर्ने समस्याका विषयहरुमा पनि महासंघले भंसार विभागमा सुझाव प्रस्तुत गरिएको छ ।

आन्तरिक राजस्व विभागवाट विभिन्न किसिमका वस्तुहरुको कारोवार गर्दा तथा डिपाटमेन्टल स्टोर तथा विभिन्न कम्प्लेक्सवाट वस्तु तथा सेवाको कारोवार गर्दा अनिवार्य इलेक्ट्रोनिक क्यास मेशिन मार्फत मूल्य अभिवृद्धि करको बीजक जारी गर्नु पर्ने व्यवस्था सम्बन्धमा जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य संघहरु, बस्तुगत संघ र आन्तरिक राजश्व विभागका महानिर्देशक तथा उपमहार्निशकहरुको सहभागितामा महासंघमा पटक पटक छलफल गरी सुझाव तयार गरी हाललाई मेशिनवाट बीलवीजक जारी गर्ने कार्य अनिवार्य गर्नु उपयुक्त नहुने राय सहितको सुझाव आन्तरिक राजस्व विभागमा पठाइएको छ । सो अनुसार हाल सम्म उक्त कार्य अनिवार्य रुपमा लागु भएको छैन ।

राजस्व परामर्श समितिबाट एकल दरलाई बहुदर बनाउन आबश्यक सुझाव दिन गठित कार्यदललाई निजी क्षेत्रको तर्फवाट सुझाव दिन महासंघले नेपाल चेम्बर अफ कमर्श, नेपाल समुद्रपार निकासी पैठारी संघ तथा नेपाल उद्योग परिसंघसंग आवश्यक समन्वय गरी सबैको साझा सुझाव तयार गर्ने विराटनगर, वीरगंज, भैरहवा र काठमाडौंमा समेत छलफल कार्यक्रम आयोजना गरियो । छलफल कार्यक्रमबाट प्राप्त सुझावहरुलाई समेटी निजी क्षेत्रको तर्फबाट सो सम्बन्धी सुझाव प्रस्तुत गर्ने क्रममा रहेको छ ।

५६ औं विश्व भंसार दिवसको उपलक्ष्यमा महासंघ, नेपाल समुद्रपार निकासी पैठारी संघ र भंसार विभागको संयुक्त आयोजनामा माघ महिनामा उद्योगी व्यवसायीहरु र उच्च सरकारी अधिकृतहरुको सहभागितामा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो । उक्त दिवसको अवसरमा भन्सार विभागका महानिर्देशक एवं आन्तरिक राजश्व विभाग, लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाइ, महासंघको आयकर तथा मूल्य अभिवृद्धि कर समितिका

सभापति श्री प्रदिपमान बैद्य र नेपाल समुद्रपार निकासी पैठारी संघका महासचिव श्री रमेश गुप्ताबाट समेत भन्सार सम्बन्धी र लागु पदार्थको विषयमा कार्यपत्र प्रस्तुत भएको थियो ।

आन्तरिक राजश्व विभागवाट कूल ९६ वटा संस्थाहरुलाई स्थायी लेखा प्रदान गर्ने निकाय तोकिएकोमा महासंघ एवं यस संग सम्बन्धित ९० वटा उद्योग वाणिज्य संघहरुबाट कर्मचारीहरुलाई तालिममा सहभागि गराई सकिएको र अधिकांश उद्योग वाणिज्य संघहरुले स्थायी लेखा नंबर प्रदान गर्ने कार्य भै रहेको छ ।

नेपाल सरकारद्वारा प्रस्तुत आ.व.२०६४।६५ को बजेट बक्तब्य र आर्थिक विधेयक सम्बन्धमा महासंघबाट प्रस्ताव गरिएका केही सुझावहरु समावेश भएको तर बजेटले स्थानीय स्तरमा ठेकेदारी प्रथाद्वारा उठाई आएको कर/शुल्क (कवाडी कर समेत) को समस्या समाधान नभएको, ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्न जानाले बहुपक्षीय असर पर्ने, विशेष आर्थिक क्षेत्रको लागि बजेटमा विनियोजन गरिएको रकम अपुग भएबाट यसमा पुनर्विचार गरिनु पर्ने, निकासी, पर्यटन र बैक तथा वित्तिय संस्थाका साथै अन्य कतिपय निजी क्षेत्रको सरोकारका बिषयमा बजेटको प्रष्ट अवधारणा नआएको आदि बिभिन्न बिषयमा महासंघले प्रतिक्रिया् जनाएको थियो । साथै चालु आ.व.को बजेट तथा आर्थिक विधेयकको व्यवस्थाले उद्योग व्यवसायमा परेको असरबारे प्रतिक्रिया दिन महासंघका सबै सदस्यहरुलाई परिपत्र गरिएको र बिभिन्न संघ संस्थाहरुबाट प्राप्त उपयुक्त सुझावहरु राजस्व परामर्श समिति, आन्तरिक राजस्व विभाग र भन्सार विभागमा आवश्यक कारवाहीको लागि पठाएको थियो ।

नेपाल सरकारको आ.व. २०६४/६५ को बजेट र आर्थिक विधेयकका साथै मुलुकको समग्र अर्थतन्त्रको सम्बन्धमा निजी क्षेत्रको सुझाव एवं अवधारणाका विषयमा संसदको अर्थ समिति र सार्वजनिक लेखा समितिका माननीय सभापति लगायत बिभिन्न राजनैतिक दलका माननीय संसद सदस्यज्यूहरुको उपस्थितिमा गत असार महिनामा एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा आयकर तथा मूल्य अभिवृद्धि कर समितिका सभापति श्री प्रदिपमान बैद्यले महासंघको तर्फबाट उक्त बजेटका लागि निजी क्षेत्रको सुझाव प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा बजेट बारे माननीय संसद सदस्यज्यूहरुबाट आफ्नो आफ्नो धारणा प्रस्तुत भएको थियो । अन्तर्क्रियाबाट प्राप्त सुझावहरुलाई समेत समेटी महासंघबाट तयार गरिएको बजेट सम्बन्धी सुझाव र अवधारणा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायत अर्थ मन्त्रालय राजस्व परामर्श समिति र भंसार तथा आन्तरिक राजस्व विभागहरुमा पठाइएको थियो ।

५(१०) **वैकिङ्ग तथा वित्तिय** :

नेपाल राष्ट्र बैङ्कद्वारा ऋणीहरुलाई पर्न गएको असुविधा सम्बन्धमा वरिष्ठ डेपुटी गर्भनरको अध्यक्षतामा गठित "गुनासो व्यवस्थापन समिति" मा महासंघको तर्फवाट अध्यक्ष श्री चण्डिराज ढकाल वा द्वितीय उपाध्यक्ष श्री कुश कुमार जोशीले प्रतिनिधित्व गर्दै आउनु भएको थियो ।

द्वन्दका कारण रुग्ण भएका उद्योग व्यवसायलाई पुनरुत्थान गर्न केन्द्रीय बैंक, वित्तिय संस्था र पुनरुत्थान चाहने उद्यमी व्यवसायीको सहभागितामा औद्योगिक पुर्नरनिर्माण कोष स्थापना गर्न कानूनी संरचना तयार गर्ने, सम्भाव्यता पहिचान गर्ने र संगठनात्मक संरचना तयार गर्ने कार्यको लागि अध्ययन गर्न अर्थ मन्त्रालयको आर्थिक कार्यविधि तथा नीति विश्लेषण महाशाखाका सहसचिवको संयोजकत्वमा गठित कार्यदलमा महासंघका तर्फवाट प्रथम उपाध्यक्ष श्री दिवाकर गोल्छा र तत्कालिन द्वितीय उपाध्यक्ष श्री कुश कुमार जोशीले प्रतिनिधित्व गर्नु भएको थियो ।

नेपाल राष्ट्र बैङ्कवाट आर्थिक वर्ष २०६४/६५को मौद्रिक नीतिका लागि सुझाव माग गरिए अनुसार बैङ्क तथा वित्तिय क्षेत्रमा गर्नु पर्ने अल्पकालिन तथा दीर्घकालिन सुझावहरु नेपाल राष्ट्र बैङ्कलाई प्रस्तुत गएिको थियो ।

राष्ट्रिय योजना आयोगवाट ३ वर्षे योजनामा बैङ्क तथा वित्तिय क्षेत्रमा गर्नुपर्ने सुझाव माग गरिएकोमा महासंघको सुझाव प्रेषित गरिएको थियो ।

५(११) **प्रेस, प्रकाशन तथा जनसम्पर्क** :

महासंघका गतिविधिहरुका साथै अन्य महत्वपूर्ण सूचना सामग्री एवं नीति निर्णयहरु महासंघका सदस्यहरु लगायत उद्योगी व्यापारी समूदायलाई समेत अवगत गराउने उद्देश्यले प्रेस, प्रकाशन तथा जनसम्पर्क कार्यलाई महासंघले स्तरीय र प्रभावकारी ढंगले अघि बढाउँदै आएको छ ।

बिभिन्न सञ्चार माध्यमहरुमा पढ्दा सुन्दा पनि महासंघनै आर्थिक क्षेत्रको समाचारको मूल स्रोत भएको महशूस हुन्छ । महासंघको ४१ औं वार्षिक साधारण सभापछि प्रेस, प्रकाशन तथा जनसम्पर्क सम्बन्धमा सम्पन्न भएका प्रमुख कार्यहरु  यस प्रकार छन्ः

- “नेउवामहासंघ समाचार” (FNCCI Newsletter) मासिक पठनीय सामग्रीहरु सहित नियमित रुपमा प्रकाशित भई रहेको छ । देशको औद्योगिक, व्यापारिक तथा आर्थिक गतिविधि एवं अन्तर्राष्ट्रिय व्यापारिक अवसर, प्रविधि र लगानी सम्बन्धी जानकारीका अतिरिक्त महासंघको आफ्नो क्रियाकलाप र सदस्य संघ/संस्थाहरुको गतिविधिहरु समेत समावेश गरी प्रकाशित गरिंदै आएको यो प्रकाशनको पाठक वर्गमा बर्षेनी रुची बढ्दै गएको ।

- साथै उक्त पत्रिका (NewsLetter) मा रोजगारदाता एवं श्रम सम्बन्धी गतिविधि, महासंघले नेपाल सरकारसंग हातेमालो गरी अघि बढाएको महत्वपूर्ण कार्यक्रम “इलम प्रशिक्षण कार्यक्रम (Trade School)” सम्बन्धी गतिविधि र व्यापारिक अवसरहरु (Business Opportunities) समेत नियमित रुपमा प्रकाशित गरिदै आएको ।

- अर्को अंग्रेजी भाषाको मासिक प्रकाशन "NEWS & NEWS" नियमित रुपमा प्रकाशित भई आएको छ। नेपालको उद्योग व्यवसायको समीक्षाका साथै सार्क मुलुकहरु र विश्व आर्थिक गतिविधिहरुलाई समेत समावेश गरी प्रकाशित गरिदै आएको यो प्रकाशनलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रले समेत रुचाउदै आएको ।

- महासंघले प्रेस विज्ञप्ति मार्फत शान्ति स्थापनाका लागि सात राजनीतिक दल र सरकारबीच भएका महत्वपूर्ण संझौता तथा सहमतीको स्वागत, उद्यमी व्यवसायी माथि भएका विभिन्न किसिमका आक्रमण तथा दवाव आदिको विरोध गर्दै उद्यमी व्यवसायी र उद्योग व्यवसाय क्षेत्रलाई शान्ति पूर्वक उद्योग व्यवसाय गर्ने वातावरण वनाई दिन अपिल गर्दै आएको र त्यसलाई सबै संचार माध्यमले महत्वपूर्ण रुपमा लिई प्रचार प्रसार हुंदै आएको ।

- महासंघका प्रकाशनहरु प्रति राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रले समेत अभिरुची देखाएका कारण NEWS & NEWS र Business Opportunities लाई इन्टरनेटमा राखी संसारका जुनसुकै ठांउबाट पनि पढ्न सक्ने व्यवस्था गरिएको ।

- महासंघको परिचयात्मक व्रोस्योरलाई अद्यावधिक गरी स्तरीय रुपमा प्रकाशित गरी आएको र सो व्रोस्योर राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा महासंघलाई परिचय गराउने महत्वपूर्ण माध्यम भई आएको ।

- महासंघका दैनिक गतिविधि एवं सदस्य संघ/संस्थाहरुको प्रमुख क्रियाकलाप सम्वन्धमा प्रकाशित गर्ने गरिएको प्रेस विज्ञप्तिप्रति आम संचार जगतमा निकै अभिरुची बढदै गएको पाइएको छ। महासंघबाट प्रतिदिन जस्तै प्रेस विज्ञप्तिहरु प्रकाशित गरिएका छन् र महासंघका प्रेस विज्ञप्ति तथा कार्यक्रमहरु समेटिएका

तस्वीर एवं दृष्यहरुलाई समेत पत्रपत्रिका, रेडियो र टेलिभिजनले प्राथमिकताका साथ उचित स्थान दिंदै आएका छन् ।

- साथै ती प्रेस विज्ञप्ति तथा तस्वीर तथा दृष्यहरुलाई नियमित रुपमा महासंघको Internet: www.fncci.org मा समेत राख्ने गरिएको छ । महासंघको इन्टरनेटको महत्व दिनप्रतिदिन बढ्दै गएको र संचार जगतबाट यसको प्रयोग व्यापक मात्रामा गरिएको ।

५(१२) **मेला तथा प्रदर्शनी :**

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/लघु घरेलु तथा साना उद्योग विकास कोष, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ र सम्बन्धित उद्योग वाणिज्य सघं एवंम स्थानिय निकाहरुको संयुक्त प्रयासमा विगत केही वर्ष देखि देशका विभिन्न भागमा क्षेत्रिय, जिल्ला/नगर स्तरीय र स्थानिय स्तरमा मेला महोत्सवहरु आयोजना गर्दै आएको छ । वस्तुगत रुपमा केही वस्तुगत संघहरुले पनि निरन्तर रुपमा मेला आयोजना गर्दै आएको छ । गत आ.व. २०६३/६४ मा २० वटा मेला तथा महोत्सवहरु आयोजना भएको थियो भने यस आ.व. २०६४/६५ मा २५ वटा मेलाहरु आयोजना भई सम्पन्न भइसकेको छ । देशको विषम् परिस्थितिमा पनि उद्योगी तथा व्यवसायीहरु हत्तोतसाही नभई यस्ता मेला तथा महोत्सवहरु आयोजना गरी अभिरुची राख्नाले त्यस क्षेत्रको आर्थिक विकास एवमं उद्योग वाणिज्य संघहरुको कार्यक्षमता विस्स्तार गर्नमा समेत सहयोग पुग्न गएको छ ।

हालका वर्षहरुमा मेला तथा प्रर्दशनीको आयोजनावाट स्थानिय वस्तु तथा सेवाहरुको बजार प्रर्वद्धन गर्न एवंम उद्यमी व्यवसाहीहरुलाई व्यवसाय गर्न प्रोत्साहन, आधुनिक प्रविधी, उपकरण एवंम मेसिनरी बारे प्रत्यक्ष जानकारी गराउनको साथै उद्योगहरुलाई प्रतिस्पर्धि गराउने तर्फ सक्षम हुदैं आएको महसूस गरिएको छ । मेला तथा महोत्सवहरुले स्थानिय भेष भूषा, लोक संस्कृतिको जगेर्ना गर्ने एवंम पर्यटन प्रर्वद्धन गर्न समेत सहयोग पुग्न गएको छ ।

नेपाल कृषि प्रधान देश भएको र कृषिलाई व्यवसायीकरण गर्नु पर्ने आवश्यकता भएको एवंम "एक गाउँ एक उत्पादन" को अवधारणा अनुरुप हालका वर्षहरुमा यस्ता मेलाहरुले सानो लगानी गरेर उत्पादन गर्ने उत्पादक, देशभरी फैलिएर रहेका लघु घरेलु तथा साना उद्योगले उत्पादन गरेका वस्तुहरु र स्थानिय पहिचान बनाई सकेका वस्तुहरुको देश व्यापी प्रचार प्रसार एवंम बजार प्रर्वद्धन गर्न ठूलो भूमिका निर्वाह गरेको छ । यसै परिप्रेक्षमा मेलामा सुन्तला प्रदर्शनी, जुनार प्रदर्शनी, वेल, लप्सी, मह प्रदर्शनी, जडिवुटी प्रदर्शनी, रेन्वो ट्राउट माछा प्रदर्शनी, चिया/कफी प्रदर्शनी, ताजा तरकारी प्रदर्शनी, महिला समुहवाट उत्पादित वस्तुहरुको छुट्टा छुट्टै स्टलहरु राखि ती वस्तुहरुको प्रदर्शनी गर्ने गरिएको छ ।

प्रत्येक क्षेत्रिय, जिल्ला/नगर स्तरीय एवंम स्थानिय स्तरको साथै वस्तुगत संघले आयोजना गर्ने मेलामा ठूलो जनसमुदायले अभिरुची राख्ने क्रम बढ्दै गएकोले आयोजकहरु मेला तथा महोत्सवलाई निरन्तरता दिन आकर्षित भएको हालका वर्षमा पाइएको अनुभूति महासंघले गरेको छ ।

पहिलो पल्ट मेला तथा महोत्सव आयोजना गर्ने उद्योग वाणिज्य संघहरुलाई व्यापार मेला आयोजना गर्ने तरिका सम्बन्धी जानकारीमुलक सल्लाह सुझाव एवं पूर्व तयारीको क्रममा महासंघले सहयोग पुऱ्याउदै आएको छ । साथै जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरुले आयोजना गरिने मेला महोत्सवहरु वारे प्रसारको लागि महासंघले पत्रकार सम्मेलन समेत आयोजना गर्दै आएको ।

सन् २००७ को नोभेम्बर १४ देखि २७ सम्म भारतको नयां दिल्लीमा आयोजित India International Trade Fair मा पांच वटा फर्म/कम्पनी/उद्योगलाई सिफारिस गरिएको यसैगरी सन् २००८ को फेव्रुअरी ८ देखि १२ सम्म जर्मनीको फ्रैङ्कफ्रर्टमा आयोजना हुने

Ambinte 2008 मा भाग लिन तीन वाट फर्म/कम्पनी/उद्योगलाई सिफारिस गरिएको थियो। साथै सन् २००८ को मार्च ११ देखि १४ तारिखसम्म जापानको चीवा शहरमा आयोजना हुने FOODEX JAPAN 2008 मेलामा दुईवटा फर्म/कम्पनी/उद्योगहरुलाई मेलामा भाग लिने व्यवस्थाको लागि सिफारिश गरिएको छ। विस्तृत विवरण (अनुसूची - ३) मा दिइएको छ।

आ.व. २०६४ सालमा आयोजना हुने मेलाहरुलाई क्षेत्रिय मेलाहरुको रुपमा आयोजना गर्ने र साको लागि नेपाल सरकार लघु घरेलु तथा साना उद्योग विभाग तथा व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रबाट आर्थिक सहयोग जुटाउनको लागि पहल गरिरहेको छ।

चीन र दक्षिण एसिया वीच बढ्दो व्यापार घाटा कम गर्न र व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले चीनको वेजिङ्गमा आयोजना भएको South Asian Countries Commodity Fair मा २२ वटा नेपाली फर्म/कम्पनी/उद्योगले भाग लिएको थियो। उक्त मेलामा नेपाली वस्तुहरु थान्का, पशिमना, हस्तकलाका वस्तुहरुको उल्लेखनीय रुपमा बिक्री भएको थियो। उक्त मेलामा महासंघको समेत स्टल राखिएको थियो।

सन् २००८ को सेप्टेम्वरमा जापानको टोकियोमा आयोजना हुने Tokyo Gift Fair मा नेपालको सहभागिताको लागि जापानको हालको बजार सम्बन्धी वस्तुस्थिति वारे जानकारी गराउन जापानबाट विशेषज्ञ पठाउनलाई JETRO लाई अनुरोध गरेकोमा गत मार्च २००८ मा विशेषज्ञ नेपाल आएका थिए।

५(१३) **यातायात तथा पारवहन :**

भारतको पश्चिमवंगाल राष्ट्रिय मार्गमा पर्ने दोहमना खोलाको पुल भत्केका कारण पूर्वाञ्चलबाट हुने सम्पूर्ण आयात निर्यात ठप्प भई उद्योगहरुलाई कच्चा पदार्थको अभाव र भन्सार राजश्वमा आएको नोक्सानी र क्षतिबाट समेत बचाउने उद्देश्यले महासंघले विकल्प मार्गहरु सहितको सुझाव प्रस्तुत गर्दै समाधानका लागि आवश्यक पहल गरेको थियो।

विदेशबाट माल लोड गरि आएका ट्रकहरुलाई गन्तव्यसम्म लगि अनलोड गरि फर्कने म्याद ७२ घण्टा महसुल छुटको व्यवस्था हुदा हुदै पनि पश्चिमाञ्चल ट्रक व्यवसायी समितिले अनावश्यक रुपमा धर्मकांटा राखी तौलने र डर धम्की एवं अभद्र व्यवहार गरेको कारण उत्पन्न कठिनाई निराकरण गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा आवश्यक लेखापढी गरिएको छ।

नेपाल सरकार सडक विभागद्वारा आयोजित North South Fast Track Road Project कार्यशाला गोष्ठीमा भाग लिई फोरमका सभापतिले निजी क्षेत्रको अवधारणा प्रस्तुत गर्नु भएको थियो। यसैगरी नेपाल इन्टरमोडल यातायात विकास समितिको संचालक समितिको वैठकमा फोरमका सभापतिबाट नियमति भाग लिई वीरगञ्ज सुख्खा बन्दरगाह संचालन सम्बन्धी संझौता मस्यौदामा आवश्यक सुझाव प्रस्तुत भएको छ।

५(१४) **निर्यात प्रबर्द्धन :**

महासंघ र नेपाल आर्थिक तथा मेडिया समाजको संयुक्त आयोजनामा मिति २०६४ साल आषाढ ४ गते निकासी क्षेत्रको समस्या र चुनौती सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। आर्थिक वर्ष २०६४/६५ को बजेटको पूर्व सन्ध्यामा आयोजित अर्थ र उद्योग वाणिज्य तथा आपूति सचिवज्यूहरुको उपस्थितिमा आयोजित उक्त कार्यक्रमा समितिका सभापति श्री किरण प्रकाश साखःले निकासी क्षेत्रको समस्या र चुनौती सम्बन्धमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा जिल्ला एवं नगरस्तरिय उवासंघहरु, वस्तुगत उवासंघहरु, एशोसिएट सदस्यहरु तथा सम्बन्धित उद्योगी व्यवसायिहरुको सहभागिता थियो।

देशको औद्योगिकरण एक सशक्त माध्यम भएर पनि विगत केही वर्ष अघिदेखि उद्योग व्यवसाय क्षेत्र अत्यन्त संकटग्रस्त अवस्थामा पुगेको र औद्योगिक व्यवसायिक विकास एवं

विस्तारका लागि सबै क्षेत्रबाट प्रतिवद्धताका साथ सकारात्मक सोच र समय सापेक्ष नीति एवं ऐन नियममा समायानुकूल परिमार्जन तथा तीनको प्रभावकारी कार्यान्वयनको आवश्यकता भएको महासंघले महसूस गर्दै आएको छ । यसै संदर्भमा महासंघले गतः पौष १२ गते "निर्यात व्यापारका समस्या र समाधानका उपाय" सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

देशको आर्थिक विकास गर्ने क्रममा निर्यात व्यापारको विकास नभइ उद्योग व्यवसायको विकास नहुने, उद्योग व्यवसायको विकास नभइ देशमा रोजगारीको अवसर बृद्धि नहुने भई आम जनताको जीवनस्तरमा सुधार नहुने साथै आयातको दांजोमा निर्यातको मात्रा क्रमशः कम हुंदै गएकोले नेपालको आर्थिक एजेण्डामा व्यापार घाटालाई कसरी कम गर्ने भन्ने विषयलाई महासंघले जोड दिंदै आएको छ । यसै क्रममा महासंघले समितिको पहलमा निर्यात व्यापारको विकास एवं प्रबर्द्धन गर्ने कार्यमा सम्बन्धित निकायलाई समय समयमा राय एवं सुझाव दिंदै आएको छ ।

नेपालको निर्यात व्यापारमा उल्लेखनीय योगदान पुऱ्याए वापत राष्ट्रिय स्तरमा सम्मान गर्न नेपाल सरकार, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रबाट उत्कृष्ट निर्यातकर्ताहरु तथा विदेशी आयातकर्ताहरुलाई सम्मानको व्यवस्था गर्दै आएकोमा त्यस सम्बन्धमा महासंघले आवश्यक सुझाव दिंदै आएको छ ।

५(१५) **सार्क व्यापार तथा विमस्टेक** :

विमस्टेक सम्बन्धी संवेदनशील वस्तुहरु तथा उत्पत्तिका नियम सम्बन्धमा महासंघको सहभागितामा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निरन्तर छलफल भई रहेको छ । नेपाल–भारत व्यापार सन्धि अनुसार तोकिएको दश हजार मेट्रिक टन Acrylic Yarn कोटाको निर्यात गर्ने भारतको Textile Committee ले एक महिनाको म्याद दिने गरेकोले धागो उद्योगलाई पर्न गएको मर्का उपर भारत सरकारले विचार गर्ने भनिएता पनि हालसम्म कुनै प्रगति नभएकोले यस तर्फ कारवाही अगाडी बढाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ध्यानाकर्षण गराईएको छ । यसैगरी नेपाल–भारत व्यापार सन्धि अनुसार स्वीकृत वनस्पति घ्यूको कोटाले २००७/०८ को लागि वितरण प्रकृया सम्बन्धमा वाणिज्य विभागको महानिर्देशकका अध्यक्षतामा गठित कोटा वितरण समितिको वैठकमा कोटा वितरण दिग्दर्शनमा उल्लेखित नीति एवं प्रकृयालाई समयानुकूल कार्यान्वयन एवं सरल गर्न नेपाल वनस्पति घ्यू तेल उत्पादक संघको प्रस्ताव उपर छलफल गरि अन्तिम रुप प्रदान गर्ने स्वीकृतिको लागि उद्योग वाणिज्य मन्त्रालयमा पठाइएको छ ।

नेपाल सरकार भन्सार विभागका महानिर्देशक एवं भारत सरकारको भन्सार महानिर्देशक वीच हुने नियमित वैठकमा नेपालबाट उठाउनु पर्ने विभिन्न विषयहरु जस्तै पानी ट्याङ्की भन्सारका विद्यमान समस्या, खाद्य वस्तु परीक्षण, राधिका पुलरेल लाइन ब्रोडगेजमा भारत सरकारले परिवर्तन गर्न शुरु गरेबाट सिर्जित समस्या तथा वैकल्पिक व्यवस्था सहित अन्य समस्याहरुमा मेशिनरी मर्मत एवं Calibration मा देखिएका समस्याहरु बारे सुझाव प्रस्तुत गरिएको थियो ।

नेपाल र बंगलादेश वीचको व्यापारमा वंगलादेश सीमानामा भारतीय सुरक्षा बल ( वि.एस.एफ) ले नेपाली मालवाहक ट्रकहरुलाई सीमापार गर्दा पर्न गएका व्यवधानहरु बारे सम्बन्धित निकायको ध्यानाकृष्ट गर्दै आवश्यक पहलको लागि कारवाही चलाएको छ ।

५(१६) **महिला उद्यमी विकास** :

महिला उद्यमी विकास फोरमले महिला उद्यमीहरुको बिकास तथा प्रर्वद्धनका लागि निरन्तर रुपमा बिभिन्न प्रयासहरु गर्दै आएको छ। महिला उद्यमीहरुको प्रवर्द्धन तथा संस्थागत विकासका लागि फोरमले बिभिन्न सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरि प्रवर्द्धनात्मक कार्यक्रमहरु गर्दै आएको छ। यसै गरी फोरमबाट महिलाहरुमा उद्यमशिलता तथा सिप बिकासका लागि समेत कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

फोरमले महासंघ अन्तरगत संचालित Technology and Trade Information Promotion System (TIPS) र Enterprises Development Network को संयुक्त तत्वावधानमा नियमित रुपमा बजार प्रवर्द्धन सम्वन्धी अन्तरकृया कार्यक्रम आयोजना गर्दै आएको छ। यसै गरी फोरमले नेपाल सरकार लघु, घरेलु तथा साना उद्योग विकास कोषको सहयोगमा म्याग्दी, कैलाली, दमक तथा नवलपरासी जिल्लाहरुमा **महिला उद्यमीहरुको व्यवस्थापकीय क्षमता विकास तालिम कार्यक्रम** आयोजना गरेको थियो । साथै फोरमले महिलाहरुका लागि २०६४ कार्तिक २८ देखि मंसिर २ गते सम्म फूल बनाउने तालिम एवं महिला उद्यमी बिकास इकाईको क्षमता अभिबृद्धि गर्ने सम्वन्धी कार्यक्रम संचालन गरेको थियो ।

फोरमबाट जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुमा महिला उद्यमी ईकाई गठन गर्न तथा ति इकाईहरुको क्षमता अभिवृद्धिका लागि निरन्तर रुपमा बिभिन्न क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ। साथै फोरमले स्थानिय महिला उद्यमीहरुका लागि आवश्यक बिभिन्न सेवाहरु प्रभावकारी रुपमा प्रदान गर्ने सम्बन्धमा ती इकाईका पदाधिकारीहरु एवं सदस्यहरुसंग बेलाबेलामा अन्तरकृया र छलफल गर्ने गरेको छ। फोरमबाट यस अवधिमा कैलाली उद्योग वाणिज्य संघ र वालिङ उद्योग वाणिज्य संघका महिला उद्यमी विकास इकाईका सदस्यहरुसंग छुट्टा छुट्टै छलफल एवं अन्तरकृया गरेको थियो।

फोरमले महिला उद्यमीहरु तथा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्रेताहरु बीच समन्वय तथा संजाल स्थापना गराई महिला उद्यमीहरुवाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनको लागि सहयोग पुर्‍याउँदै आएको छ।

फोरमले राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायहरुमा समेत महिला उद्यमीहरुको बिकासको लागि हुनु पर्ने ब्यवस्थाहरु बारे छलफल तथा अन्तरकृया गर्दै आएको छ। यसै क्रममा The Center for Development and Population Activities (CEDPA) ले २००७ डिसेम्वर ७ मा आयोजना गरेको एक दिने गोष्ठीमा फोरमका सभापति श्रीमती शान्ति चड्डाले महिला उद्यमीहरुको बिकासमा महासंघले खेल्दै आएको भूमिका बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै सोही संस्थाले मिति २०६४ माघ २१ गते देखि २४ गते सम्ममा काठमाडौमा आयोजना गरेको Women and Constitution बिषयक कार्यशाला गोष्ठीमा फोरमको सहभागिता रहेको थियो ।

५(१७) **उद्योग पुनरस्थापना तथा व्यवसायिक कानून** :

उद्योग पुर्नस्थापना तथा व्यवसायिक कानून समितिले विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी कार्य गर्दै आएको थियो। समिति अन्तरगतको उद्योग पुनरस्थापना समूहले नेपाल राष्ट्र बैंकका गभर्नरको उपस्थिति र सम्वन्धित उद्योगी ब्यवसायीहरुको सहभागितामा गत मंसिर २७ गते रुग्ण उद्योग पुनरुत्थानका लागि हुनु पर्ने ब्यवस्थाहरु बारे अन्तरकृया कार्यक्रम आयोजना गरेको थियो । नेपाल बैंकर्स एशोसिएशनको अध्यक्ष तथा बाणिज्य बैंकहरुका पदाधिकारीहरु समेतको सहभागिता रहेको उक्त अन्तरक्रिया कार्यक्रममा रुग्ण उद्योग पुनरुत्थान गर्न हुनु पर्ने ब्यवस्थाहरु बारे महासंघको तर्फबाट कार्यपत्र प्रस्तुत भएको थियो।

रुग्ण भएका उद्योगहरुको पुनर्स्थापन गर्ने सम्वन्धमा यस आर्थिक बर्ष २०६४/६५ को बजेटमा उल्लेख भएको ओद्योगिक पुनरुत्थान कोषको कार्यबिधि तयार गरी सो अनुसार रुग्ण उद्योगहरुलाई पुनस्थापना गर्ने ब्यवस्था हुनु पर्ने तर्फ समितिको पहलमा महासंघले अर्थ मन्त्रालय एवं सम्वन्धित निकायहरुमा पहल गर्दै आएको छ । साथै औद्योगिक पुनर्निमाण कोष संचालनको लागि महासंघको समेत प्रतिनिधि समावेश गरी कार्यबिधि तयार गर्ने तर्फ पनि नेपाल सरकारको ध्यान आकर्षित गरेको छ।

अदालतमा उद्योग र व्यापार सम्बन्धी मुद्दाहरुमा कारवाही विशिष्टकृत रुपमा गर्दा न्याय सम्पादनका साथै न्यायिक सुशासन प्रभावकारी हुने कुरालाई दृष्टिगत गरी अदालतमा वाणिज्य इजलास स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च

अदालतद्वारा गठिन गरेको कार्यदलले सुझाव माग गरे अनुरुप समितिको पहलमा यस सम्बन्धमा विस्तृत छलफल गरी समितिले कार्यदललाई सुझाव प्रस्तुत गरेको छ । यसै गरी वाणिज्य विभागवाट प्राप्त प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण नियमावली २०६४ को प्रस्तावित मस्यौदा सम्बन्धमा बिस्तृत छलफल गरी वाणिज्य बिभागमा सुझाव प्रस्तुत गरेको छ । साथै विद्यमान उपभोक्ता संरक्षण ऐन २०५४ लाई संशोधनको लागि नेपाल सरकारवाट प्राप्त मस्यौदामा छलफल गरी सो सम्बन्धमा संशोधन हुनु पर्ने दफा का साथै सो मा हुनु पर्ने व्यवस्थाहरु सहितको सुझाव वाणिज्य विभागमा प्रस्तुत गरेको छ ।

५(१८) **घरेलु एवं लघु उद्यमः**

घरेलु एवं लघु उद्यम समितिले घरेलु एवं लघु उद्यम व्यवसायको साथै बिभिन्न जिल्ला उद्योग बाणिज्य संघहरुको क्षमता अभिबृद्धिका लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको थियो । त्यसैगरी समितिले घरेलु तथा साना उद्योगहरुको बिकासका लागि हुनु पर्ने नीतिगत तथा प्रकृयागत बिषयहरुमा बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग छलफल एवं अन्तरकृया गर्दै आएको छ । लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको प्रवर्द्धनका लागि नेउवामहासंघ र नेपाल सरकारको घरेलु तथा साना उद्योग बिभाग तथा घरेलु तथा साना उद्योग बिकास समितिबाट प्रवाह हुन सक्ने कार्यकलाप तथा सेवाहरु सम्बन्धमा बिभाग तथा समितिका पदाधिकारीहरु एवं कार्यालय प्रमुखहरुसंग अन्तरकृया गर्दै आएको छ । उक्त अन्तरकृया कार्यक्रमहरुमा घरेलु एवं लघु उद्यम व्यवसायहरुको बिकास तथा बिस्तारका लागि हुनु पर्ने व्यवस्थाहरु बारे समेत बिस्तृत रुपमा छलफल भएको थियो ।

नेपाल सरकारको घरेलु तथा साना उद्योग बिकास समितिले महासंघ समेतको सहभागितामा २०६४ साल आषाढ ७ देखि ११ गते सम्म काठमाडौंमा आयोजना गरेको औद्योगिक प्रदर्शनी तथा अठारौं राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रममा सर्वोत्कृष्ट ठहरिएका उद्यमीलाई महासंघको तर्फबाट प्रमाण पत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

समितिको पहलमा विभिन्न जिल्ला तथा नगरस्तरिय उद्योग वाणिज्य संघहरुमा निम्न कार्यक्रमहरु सम्पन्न भएको छः

- नारायणगढ उद्योग बाणिज्य संघको महिला उद्यमीहरुका लागि बिभिन्न उवासंघहरुको अवलोकन भ्रमण कार्यक्रम (२०६४ आषाढ १ देखि १३ गते सम्म)
- वालिङ उद्योग वाणिज्य संघको लागि बिभिन्न उवासंघहरुको अवलोकन भ्रमण कार्यक्रम
  (२०६४ श्रावण २९ देखि भाद्र ४ गते सम्म)
- कंचनपुर उद्योग बाणिज्य संघको लागि संघ व्यवस्थापन एवं कार्ययोजना तर्जुमा गोष्ठी
  (२०६४ श्रावण १५ गते)
- स्याङजा जिल्ला उवासंघको लागि बिभिन्न उवासंघहरुको अवलोकन भ्रमण कार्यक्रम (२०६४ भाद्र १४ देखी २० गते)
- दोलखा उवासंघको लागि बिभिन्न उवासंघहरुको अवलोकन भ्रमण कार्यक्रम (२०६४ आश्विन ४ देखी ९ गते)

समितिले नेपाल सरकार घरेलु तथा साना उद्योग बिभाग अन्तर्गत रहेको लघु, घरेलु तथा साना उद्योग बिकास कोषको सहयोगमा घरेलु तथा साना उद्यम प्रवर्द्धनका लागि सहयोग पुग्ने बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ। कोषको सहयोगमा निम्न कार्यक्रमहरु सम्पन्न भएको छः

- बिश्व ब्यापार संगठन र बौद्धिक सम्पत्ति अधिकार सम्वन्धी गोष्ठी, पोखरा (२०६४ आषाढ १ र २ गते)

- पूर्वाञ्चल मेला, ईटहरी
- बिश्व व्यापार संगठन र बौद्धिक सम्पत्ति अधिकार सम्वन्धी मध्यमाञ्चल क्षेत्रिय गोष्ठी, हेटौंडा (२०६४ मंसीर १७ गते)

५(१९) **आन्तरिक व्यापार तथा आपूर्ति :**

"प्रत्यक्ष विक्री तथा बजारिकरण (नियन्त्रण) विधेयक २०६४" को प्रारम्भिक मस्यौदा सम्बन्धमा वाणिज्य विभागबाट महासंघको सुझाव माग भए अनुसार महासंघबाट सुझाव पठाईए को छ। यसैगरी उपभोक्ता संरक्षण ऐन २०६४ को मस्यौदा सम्बन्धमा वाणिज्य विभागबाट महासंघमा राय, सुझाव एवं प्रतिक्रिया माग भई आए अनुसार सोको सुझाव पठाईएको छ । यसै गरी प्राईभेट फर्म नविकरण बहाल रहेको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र पनि प्राईभेट फर्मको धनीले प्राइभेट फर्म नविकरण नगराएमा त्यस्ता फर्म नविकरण गरिने छैन भनि मिति २०६३ साल असोज २३ गतेको राजपत्रमा व्यवस्था गरिएबाट परेका समस्यालाई दृष्टिगत गरी प्राईभेट फर्म संचालन गर्ने क्रममा फर्म धनीको पूंजी धेरै लगानी हुने र विभिन्न कारणबस समयमा फर्म नविकरण हुन नसक्दा फर्म खारेज गर्ने हालको व्यवस्था अतिरन्जित र नकारात्मक भएकोले थप केही आर्थिक वर्षसम्म फर्महरुलाई थप नविकरण दस्तूर लिएर नविकरण गरिदिने व्यवस्था हुनका लागि वाणिज्य विभागमा अनुरोध गरिएको थियो ।

५(२०) **अन्तर्राष्ट्रिय व्यापार :**

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यापार विकासका लागि Bar Code Number को लोकप्रियता दिन प्रति दिन बढ्दै गईरहेको र नेपालमा हालसम्म Bar Code Number उपलब्ध गराउने संस्था नभएकोले नेपालका औद्योगिक प्रतिष्ठानहरुले भारत लगायत अन्य मुलुकका GS1 International का सदस्यहरुबाट Bar Code Number प्राप्त गरी प्रयोग गरिरहेका छन् ।

अन्तराष्ट्रिय जगतमा नेपाली उत्पादनको व्यापार बृद्धि गर्नका लागि नेपालमा छुट्टै Bar Code Number उपलब्ध गराउने संस्था Global Standard of Nepal (GS1 Nepal) खोल्नु पर्ने आवश्यकता भएको महासंघले महसूस गरी सोको प्रारम्भिक कार्यको व्यवस्था गर्न महासंघको औद्योगिक पुनर्स्थापना तथा व्यवसायिक कानून समितिका सभापति श्री अशोक कुमार तोदी र अन्तराष्ट्रिय व्यापार समितिका सभापति श्री अखिल कुमार चापागाई एवं विभिन्न संघ/संस्थाको सहभागितामा एक कार्यदल गठन गरी सो कार्य अघि बढाईएको थियो ।

सो क्रममा Belgium को Brussels मा रहेको अन्तराष्ट्रिय संस्था GS1 International मा महासंघबाट पत्राचार गरी Articles of Association (Statutes) प्राप्त गरेको र सो Statutes लाई आधार बनाई नेपालको सन्दर्भमा मिल्ने गरी उक्त कार्यदलबाट GS1 Nepal (Constitution) तयार गरिएको छ । उक्त GS1 Nepal (Constitution) का अधिकांश बुंदाहरु Articles of Association (Statutes) का बुंदाहरुलाई आधार मानेर बनाइएको छ । साथै उक्त GS1 Nepal (Constitution) एक प्रति GS1 International मा जानकारीका लागि पठाई आवश्यकता भएमा सुझाव वा संशोधन गरी पठाउन अनुरोध गरीएको छ ।

५(२१) **उत्पादकत्व तथा गुणस्तर :**

महासंघको आयोजनामा यस अवधिमा Food Processing, Dairy, Hotels, Restaurants, Hospitals, Pharmaceuticals र Airlines हरुलाई सहभागी गराई "National Level Workshop on Hazard Analysis and Critical Control Point" (HACCP) सम्बन्धी कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा Hazard Analysis and Critical Control Point सम्बन्धमा परिभाषा, महत्व, सिद्धान्त, कार्यान्वयन गर्ने तरिका, नेपालमा यसको अवस्था र भए/गरेका ऐन नियम सम्बन्धमा विस्तृत छलफल भएको थियो । यसै गरी महासंघ र Network for Quality, Productivity and Compititveness Nepal (NQPCN) को संयुक्त आयोजनामा Talk Program On Quality Crusade, Pains and Pleasures आयोजना गरियो ।

FNCCI National Excellence Award 2062 को लागि आवेदन प्राप्त भएका उद्योग/प्रतिष्ठानहरुमध्ये निम्न १७ वटा उद्योग/प्रतिष्ठानहरुलाई निर्णायक समूहबाट स्थलगत निरीक्षणका लागि छनौट गरिएको थियो :

| सि.नं. | उद्योग/प्रतिष्ठानहरु |
|---|---|
| १. | आरती स्ट्रिप्स् प्रा.लि., टंकीसिनवारी, मोरङ्ग । |
| २. | बुटवल पावर कम्पनि लि., बुद्धनगर, काठमाण्डौं । |
| ३. | बैंक अफ काठमाडौं, कमलपोखरी, कामाण्डौं । |
| ४. | डि टु हकाई सर्भिसेज प्रा.लि., विशालनगर, काठमाण्डौं । |
| ५. | गोदावरी मार्वल इण्डष्ट्रिज प्रा.लि., गोदावरी, ललितपुर । |
| ६. | हुलास वायर इण्डष्ट्रिज प्रा.लि.,टंकीसिनवारी, मोरङ्ग । |
| ७. | नविल बैंक लि., काठमाण्डौं । |
| ८. | नेपाल फर्मास्यूटिकल्स् ल्याब. प्रा.लि., जीतपुर, विरगंज । |
| ९. | नमस्ते नेपाल म्यानपावर प्रा.लि., सितापाईला चोक, काठमाण्डौं । |
| १०. | नेपाली पेपर प्रोडक्टस् प्रा.लि., सितापाईला, काठमाण्डौं । |
| ११. | ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., चावहिल, काठमाण्डौं । |
| १२. | पायनियर इलेक्ट्रो केवल्स् प्रा.लि., भृकुटी चोक, विराटनगर ६, मोरङ्ग । |
| १३. | सूर्य नेपाल प्रा.लि, सिमरा, बारा, विराटनगर । |
| १४. | यूरो पश्मिना प्रा.लि., स्वयम्भू, काठमाण्डौं । |
| १५. | याक एण्ड यति इन्टरप्राइजेज प्रा.लि., लाजिमपाट, काठमाण्डौं । |
| १६. | यूनिलिभर नेपाल लि.,बसामाडी गा. वि. स., मकवानपुर । |
| १७. | खजुरीको नेपाल प्रा.लि. चापागाउं, ललितपुर । |

स्थलगत निरीक्षण भएका उद्योग/प्रतिष्ठानहरु मध्ये निम्न उद्योग/प्रतिष्ठानहरुले FNCCI National Excellence Award 2062 को Trophy / Commendations for Significant Achievement Letter प्राप्त गरेका थिए ।

| **क्र.सं.** | **उद्योग/प्रतिष्ठानको नाम** | **विवरण** |
|---|---|---|
| १. | सूर्य नेपाल प्रा.लि. | FNCCI National Excellence Award 2062 को Trophy |
| २. | नबिल बैंक लि. | Commendations for Significant Achievement in Institutional Policy, Planning and Commitment in Large Scale Category |
| ३. | यूनिलिभर नेपाल लि. | Commendations for Significant Achievement in Operational Information Dissemination & Utilization in Large Scale Category |
| ४. | नेपाल फर्मास्यूटिकल्स् ल्याब. प्रा.लि. | Commendations for Significant Achievement in Work System and Standardization in Large Scale Category |
| ५. | हुलास वायर इण्डष्ट्रिज प्रा.लि. | Commendations for Significant Achievement in Performance Results in Large Scale Category |
| ६. | नेपाली पेपर प्रोडक्टस् प्रा.लि. | Commendations for Significant Achievement in Work System and Standardization in Small Scale Category |

यो पुरस्कारको Trophy, विभिन्न विषयमा Commendations Letter for Significant Achievements प्राप्त गरेका र स्थलगत निरीक्षण भएका उद्योगहरुको Feedback Report तयार गरिएको छ ।

५(२२) **स्थानीय आर्थिक विकास** :

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन तयारी समितिको काठमाडौं उपत्यका भित्रको नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाई सेवा संचालन तथा व्यवस्थापन गर्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड कंपनीको नामबाट कंपनी स्थापना गरी नेपाल सरकारमा दर्ता गरी स्वीकृत भै प्रमाण पत्र समेत प्राप्त भै सकेको र उक्त कंपनीबाट माग भए अनुसार यस महासंघले मंजुर गरेको ९००० (नौहजार) कित्ताको रु. १००। ले हुने रु. ९०००००। (नौलाख) मध्य पचास प्रतिशत रु. ४५००००। (रु. चारलाख पचास हजार) उपलव्ध गराई सकिएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडले काठमाडौं उपत्यकाको खानेपानी संचालनको जिम्मा लिने सन्दर्भमा यस लिमिटेद गठन गर्दाका बखत व्यवस्थापन करारबाट मात्र सेवा संचालन गर्ने भनि संचालक शेयर धनीहरु बीच शेयर सम्झौतामा उल्लेख भई कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०६३।९।९ मा दर्ता प्रमाण पत्र प्राप्त भएको र हालको अवस्थामा व्यवस्थापन करार गर्न ढिलो हुने देखिएको हुंदा सो लिमिटेडको प्रबन्ध पत्र नियमावली तथा शेयर सम्झौतामा सोहि अनुरुपको संशोधन गर्न यस महासंघको प्रतिनिधि समेत सदस्य रहने गरी Task Force गठन गरिएको छ ।

खानेपानी संस्थानको काठमाडौं उपत्यकामा रहेको सवै सम्पत्ती, दायित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डलाई हस्तान्तरण भएको छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड गठन गर्ने वारे तयार भएको शेयर सम्झौता प्रबन्ध पत्र, नियमावली, कम्पनी रजिष्टार कार्यालयमा दरखास्तहरु तथा अन्य कम्पनी सम्वन्धका आवश्यक लेखापढी एवं हस्ताक्षहरुको लागि महासंघको तर्फबाट स्थानीय आर्थिक विकास समितिका सभापति श्री किशोर कुमार प्रधानलाई अख्तियार दिइएको र उक्त कम्पनी नेपाल सरकारमा दर्ता भै स्वीकृत समेत भैसकेको छ ।

स्थानीय आर्थिक विकास समितिले विभिन्न जिल्लामा आर्थिक विकास सम्वन्धी कार्यक्रम आयोजना गर्ने लक्ष्य लिएको छ । यसै सन्दर्भमा समितिका सभापतिबाट ताप्लेजुंग, इलाम, संखुवासभा, धनगढी, मोरंग, सुनसरी, इनरुवा, तेह्रथुम र भोजपुर उद्योग वाणिज्य संघहरुमा सम्पर्क गरी स्थानीय आर्थिक विकास समितिको आगामी कार्यक्रमलाई कसरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने भन्ने सम्वन्धमा भेटघाट तथा छलफल भएको थियो ।

५(२३) **वातावरण तथा उर्जा व्यवस्थापन** :

उद्योगहरुमा जापानिज प्रविधि द्धारा 5 'S' सम्वन्धी सेवा दिदै आईरहेको र सो को विस्तारको लागी जिल्ला उद्योग वाणिज्य संघहरुमा समेत 5 'S' सम्बन्धी कार्यक्रम संचालन गर्न GTZ संग सैद्यान्तिक सहमति भएको छ । साथै गोर्खा ब्रुअरी प्रा.लि मा दुई हप्ताको 5'S' तालीम कार्यक्रम नवलपरासीमा सम्पन्न भईसकेको छ ।

विद्युत आपूर्तिमा देखिएका समस्या सम्बन्धमा समितिले सम्बन्धित उद्योगहरुसंग छलफल गरी त्यस सम्बन्धी हुनुपर्ने व्यवस्थाहरु बारे नेपाल विद्युत प्राधिकरण तथा अन्य सम्बन्धित निकायसंग छलफल गर्दै आएको छ । जल विद्युत सम्बन्धमा पनि समितिले सम्बन्धित निकायहरुसंग अन्तरकृया तथा गोष्ठी गर्दै आएको छ ।

५(२४) **मानव संसाधन विकास एवं सार्ब (HRD and SARB)** :

निजी क्षेत्रको दक्षता र प्रतिस्पर्धि क्षमता अभिवृद्धि गर्ने उद्देश्यले महासंघले International Trade Centre (ITC) को प्राविधिक सहयोगमा International Purchase and Supply Chain Management (IPSCM) सम्बन्धी कार्यक्रम संचालनमा ल्याएको छ । International Trade Centre (ITC) UNCTAD/WTO ले तयार पारेको विभिन्न १६ वटा Course Module हरुमा संचालित तालिम मार्फत निजी क्षेत्रको दक्षता अभिवृद्धि हुने तथा बर्षको दुई पटक संचालन

गरीने परीक्षाबाट नेपालको निजी क्षेत्रमा क्रियाशिल जनशक्तिले Purchasre and Supply Chain Management मा Diploma र Advance Certificate तथा International Certificate जस्ता अन्तराष्ट्रिय स्तरका प्रमाणपत्रहरु सहज रुपमा प्राप्त गर्न सक्ने छन । IPSCM का Course Module हरु तयार पार्दा International Trade Centre (ITC) UNCTAD/WTO ले अन्तर्राष्ट्रिय परिवेशलाई ध्यानमा राखेको र यसलाई अझ प्रभावकारी बनाउन ITC र महासंघ बीच नेपाली परिवेशका Supplementary Modules तयार गर्न सम्झौता भएको छ ।

मानव संसाधन विकास फोरमले गत डिसेम्बर १३–१५, २००७ तथा १०–१३ जनवरी २००८ मा IPSCM का दुईवटा Modules Managing International Logistics र Negotiating मा दुई पटक तालिम संचालन गरियो । उक्त तालिम कार्यक्रमबाट निजी क्षेत्रका विभिन्न संघ संस्थाका २३ तथा विभिन्न विश्व विद्यालयका Commerce Graduates २१ जना सहभागिहरु गरी कुल ४४ जनाले तालिम प्राप्त गरेका थिए ।

५(२५) **व्यवसायिक मेलमिलाप केन्द्र :**

व्यावासयिक विवादहरु छिटो छरितो ढंगले समाधान गर्ने उद्धेश्यले महासंघमा स्थापित मेलमिलाप केन्द्रको पहलमा महासंघले चारवटा राष्ट्रियस्तरका ट्रेड यूनियन तथा श्रम अदालत बीच श्रम सम्बन्धी विवादहरु मेलमिलाप प्रकृयावाट समाधान गर्न सहमति पत्रमा हस्ताक्षर गरिएको छ ।

व्यवसायिक विवादहरु समाधान गर्न महासंघमा स्थापित मेलमिलाप केन्द्रको आयोजनामा नेपालगंज,बुटबल, पोखरा तथा विराटनगरमा उद्यमी व्यवसायी, न्यायाधीश, कानून व्यवसायी तथा सरकारी अधिकृतहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

बैकिङ्ग क्षेत्रका विवादहरु मेलमिलाप प्रकृयावाट समाधान गर्ने उद्धेश्यले गत श्रावण महिनामा महासंघले ऋण असुली न्यायधिकरणका न्यायाधिश, प्रशासक, नेपाल बैंकर्स एसोसियसनका प्रतिनिधि एवं उद्यमी व्यवसायीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

५(२६) **अन्तर्राष्ट्रिय क्षेत्रीय एवं द्विपक्षीय सम्पर्क र सम्बन्ध** :

महासंघमा गठित अन्तर्राष्ट्रिय सम्वन्ध फोरमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निजी क्षेत्रको छवि बिकास गर्ने कार्यमा सहयोग पुर्‍याउदै आएको छ । यस फोरमको सहयोगमा महासंघले अगामी दिनमा निजी क्षेत्रको छवि बिकास गर्ने तथा आर्थिक बिकासको लागि ठोस कदमको रुपमा अपनाउनु पर्ने कदमहरु बारे छलफल गर्ने कार्यक्रम रहेको छ । साथै निजी क्षेत्रको छवि बिकास गर्ने सम्वन्धमा फोरमले निरन्तर रुपमा अन्तर्राष्ट्रिय संघ/संस्थाहरु एवं कुटनितिक नियोग एवं अन्य सम्वन्धित संघ/निकायहरुसंग निरन्तर रुपमा भेटघाट एवं छलफल गर्दै आएको छ ।

५(२७) **नेपाली युवा उद्यमी फोरम (NYEF) र नेपाली युवा व्यवसाय फण्ड (NYBF)** :

नेपाली युवा उद्यमी मञ्चको पहलमा युवा रोजगारी सम्बन्धी राष्ट्रिय समस्यालाई समाधान गर्ने उद्धेश्यले नेपाल युथ बिजीनेश फाउण्डेशन संचालन गरिएको र सो फाउण्डेशनले हाल सम्म १३ जना युवाहरुलाई उद्यम गर्न ऋण सहयोग उपलब्ध गराइएको छ । फाउण्डेशनले सहयोग गरी प्रवर्द्धन गरेको ब्यवसायहरुबाट ३० जनालाई रोजगारी प्रदान गरेको छ ।

यसैगरी नेपाल युवा उद्यमी फोरमले घरेलु साना तथा ठूला उद्यम ब्यवसायहरुबाट उत्पादित बस्तु सेवाहरुको प्रयोग तथा बिक्री प्रवर्द्धन गर्ने उद्धेश्यले Made in Nepal अभियान संचालन गर्दै आएको छ । यसै गरी फोरमले आफ्ना सदस्यहरुलाई उद्योग ब्यापारसंग सम्बन्धित बिभिन्न निरन्तर रुपमा छलफल एवं अन्तर्क्रिया गर्दै आएको छ । यस अवधिमा फोरमले Indo Nepal Trade Treaty, Issues & Challenges of labour law, Opportunities & threats in Nepalese Economy Post BIMST-EC, Impact of Budget on Nepalese Economy,

Hydro Power, Quality Management आदि बिषयहरुमा छलफल तथा अन्तर्क्रिया गरेको छ। साथै NYEF पोखरा च्यापतरद्वारा पोखरामा Young Entrepreneurship Summit आयोजना गरिएको थियो । नेपाल युवा उद्यमी फोरम मार्फत हालसम्म बिराटनगर, पोखरा र बीरगन्जमा नेपाल युवा उद्यमी इकाइ स्थापना भैसकेको छ ।

यसको साथै फोरमले Future propects, Opportunities and the Youth आदि बिषयक अन्तर्क्रिया गरेको थियो । यसै गरी फोरमले ILO को संयुक्त आयोजनामा Brain storming on youth Employment सम्बन्धी कार्यक्रम समेत आयोजना गरेको थियो ।

५(२८) **कृषि उद्यम केन्द्र (AEC)** :

विगंत डेढ दशक देखि संचालनमा रहेको कृषि उद्यम केन्द्र महासंघ अर्न्तगत संचालन हुदै आएको छ । हाल यस केन्द्रलाई अमेरिकी सहयोग नियोगको नियमित सहयोग प्राप्त नभएता पनि यस केन्द्रले आय आर्जन हुने दृष्टिकोणले विभिन्न उपलब्धिमूलक कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस केन्द्रले कृषि उद्यम व्यवसायको विकास विस्तार तथा प्रबर्द्धनको लागि हुन पर्ने नीतिगत व्यवस्था एव अध्ययन, अनुसन्धान गोष्ठी, अन्तरकृया तथा छलफल कार्यक्रमहरु नियमित रुपमा आयोजना गर्दै आएको छ । केन्द्रले “एक गाउ एक उत्पादन” (OVOP) को सचिवालयको रुपमा समेत कार्य गर्दै आएको छ । यस केन्द्रले यस अवधिमा गरेका विस्तृत कार्यहरुको विवरण (अनुसूची–४)मा दिइएको छ ।

५(२९) **टिप्स (Technology and Trade Information Promotion System)** :

महासंघ अन्तरगत संचालित Technology and Trade Information Promotion System (TIPS) आयोजनाले महिला उद्यमीहरुलाई सूचना तथा संचार प्रविधिको माध्यमबाट बजार सम्वन्धी सेवा पुर्‍याउदै आएको छ । यस परियोजनाले महिला उद्यमीहरुको बिकास तथा बिस्तार गर्न उद्देश्यले मांग र आवश्यकता बमोजिम समय समयमा तालिम, गोष्ठी, अन्तरकृया कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ । यसका साथै, महासंघको महिला उद्यमी बिकास फोरमको सहयोगमा हरेक महिना महिला उद्यमीहरुलाई बजार व्यवस्थापन सम्वन्धी बिभिन्न प्रकारको अन्तरकृया कार्यक्रम समेत संचालन गर्दै आएको छ ।

५(३०) **अनुसन्धान तथा सूचना** :

महासंघको यस अनुसन्धान तथा सूचना इकाईले सन् १९९२ देखि प्रत्येक वर्ष “नेपाल तथा विश्वः एक तथ्याङ्क पुस्तक” (Nepal and the World – A Statistical Profile) प्रकाशित गर्दै आइरहेको छ। यस वर्ष पनि सो पुस्तक तथा सी.डी. रोमको परिमार्जित संस्करण २००७ प्रत्येकको ५००/५०० थान प्रकाशित भई सकेको छ ।

सो पुस्तक तथा सी.डी.हरुको २००६ को संस्करण नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, समिति, नेपाल स्थित विदेशी कुटनैतिक नियोगहरु, विदेश स्थित नेपाली कुटनैतिक नियोगहरु, दातृ संस्थाहरु, सार्क सचिवालय, अन्तर्राष्ट्रिय उद्योग वाणिज्य संघहरु, शैक्षिक प्रतिष्ठान तथा पुस्तकालय, अर्थ विदहरुलाई वितरण गरिएको छ भने २००७ को संस्करण पनि सोही बमोजिम बिक्री वितरण गरिने छ ।

यस पुस्तकको प्रमुख तथ्याङ्क तालिका तथा सूचनाहरु महासंघको गृह पेज www.fncci.org मा पनि राखिएको छ ।

यस इकाईबाट व्यापारिक खोज अवसर (Trade Inquiry / Opportunities) अन्तर्गत प्राप्त इमेल, फ्याक्स तथा हुलाक मार्फत प्राप्त भएका चिठ्ठी पत्रलाई छानविन गरी आवश्यकता अनुसार जवाफ पठाउने तथा सो Enquiries लाई महासंघको पाक्षिक बुलेटिनको Business Opportunities स्तम्भमा प्रकाशनको लागि उपलब्ध गराइएको छ ।

साथै, यस इकाईबाट विश्व तथा राष्ट्रिय स्तरका (World & National) तथ्याङ्क तथा सूचनाहरु, अद्यावधिक गर्ने क्रममा विभिन्न संघ/संस्थाहरु, नेपाल राष्ट्र बैंक, तथ्याङ्क विभाग, व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, भंसार विभाग, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, उद्योग मन्त्रालय तथा उद्योग विभाग तथा अन्य संघ/संस्थाहरुका साथै पत्र

पत्रिका आदिबाट संकलन गरी अद्यावधिक गरिँदै आएको छ भने माग भए अनुसार विभिन्न संघ/संस्था तथा व्यक्तिहरुलाई उपलब्ध गराइदै आएको छ ।

६. **महासंघका अन्य गतिविधिहरु :**

महासंघले अवलम्बन गरेका रणनीति एवं अवधारणा लगायत माथि उल्लेखित परिषद्/समिति/फोरम तथा परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुका अतिरिक्त यस अवधिमा महासंघबाट अन्य विभिन्न कार्यक्रमहरु समेत सम्पन्न भएका छन् । देशमा विद्यमान असहज वातावरण एवं प्रतिकूल परिस्थितिका वावजूद पनि यसरी सम्पन्न कार्यक्रम, गोष्ठी, बैठक, भेटघाट तथा समय समयमा महत्वपूर्ण बिषयमा प्रेस विज्ञप्ति मार्फत जारी गरिएको महासंघको अवधारणा एवं अन्य समसामयिक गतिविधिहरुको संक्षिप्त विवरण यस प्रकार छ :

६(१) **गैह्र आवासीय नेपाली तेस्रो विश्व सम्मेलन** :

NRN – ICC को तेस्रो विश्व सम्मेलन गत असोज २८ देखि ३० गतेसम्म काठमाडौंमा आयोजना गरियो । नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैह्र आवासीय नेपाली संघद्वारा संयुक्त रुपमा आयोजित उक्त सम्मेलनले गैह्र आवासीय नेपाली र नेपाल उद्योग वाणिज्य महासंघ बीचको सम्बन्ध सुदृढ बनाउनुका साथै नेपालको आर्थिक, धार्मिक र सामाजिक विकासमा गैह्र आवासीय नेपालीको संलग्नता बढाउन सफल भएको महासंघले विश्वास लिएको छ । उक्त सम्मेलन पछि काठमाडौं घोषणा समेत जारी भएको छ । उक्त घोषणामा माननीय परराष्ट्र मन्त्री श्रीमती साहाना प्रधान, महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल र गैह्र आवासीय नेपाली संघका अध्यक्ष डा. उपेन्द्र महतोले हस्ताक्षर गर्नु भएको थियो । सो घोषणापत्र यस प्रकार छ:

**तेस्रो गैह्रआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी काठमाडौं घोषणा–२०६४**

१. मुलुक शान्तिको बाटोमा अग्रसर भइरहेको पृष्ठभूमिमा नेपालको आर्थिक सामाजिक रुपान्तरणका लागि नेपाल सरकार, ग्रहैआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ बीचको सहकार्यको स्वागत गर्दै यो सम्मेलन नेपाली जनताको परिवर्तन प्रतिको चाहना, त्यसका लागि गरिएका संघर्ष र लिएका निर्णय प्रति अनवरत ऐक्यवद्धता राखि राख्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२. गैह्रआवासीय नेपालीहरुले उठाउँदै आएको दोहोरो नागरिकता सम्बन्धी विषयमा केन्द्रित रहेर तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा सम्माननीय प्रधानमन्त्री लगायत प्रमुख राजनीतिक दलका शिर्षनेताहरुद्वारा देखाइएको सकारात्मक धारणालाई यो सम्मेलन हार्दिकतापूर्वक स्वागत गर्दछ ।

३. गैह्रआवासीय नेपालीहरुको मातृभूमिप्रतिको भावानात्मक सम्बन्धको उच्च मूल्याङ्कन गर्दै सरकार, राजनीतिक दल, नागरिक समाज तथा अन्य सबै पक्षबाट नेपालको सर्वाङ्गिण विकासमा गैह्रआवासीय नेपालीहरुको ज्ञान, सीप र वौद्धिक पूंजीको समूचित उपयोगका लागि गरिएको आव्हानलाई यो सम्मेलन स्वागत गर्दछ । यसका लागि आवश्यक सबै प्रकारको सहयोग गर्न गैह्रआवासीय नेपाली संघ प्रतिवद्धता व्यक्त गर्दछ ।

४. अन्तरिम–व्यवस्थापिका संसदबाट स्वीकृत गैह्रआवासीय नेपाली सम्बन्धी ऐन २०६४ को स्वागत गर्दै गैह्रआवासीय नेपालीको परिभाषा लगायतका विषयमा सम्मेलनमा उठेका समसामयिक सुझावहरु समेटेर अझ परिमार्जन गर्न पहल गरिनेछ ।

५. मुलुकको राजनीतिक गतिरोध अन्त्य गर्नका लागि अविलम्ब संविधानसभाको निर्वाचन हुनु पर्छ भन्ने हाम्रो मान्यता छ । गैह्रआवासीय नेपालीलाई संविधासभाको निर्वाचनमा मताधिकार दिनका लागि सम्मेलनले दिएका सुझावहरुको कार्यान्वयन गर्न सकारात्मक पहल गरिनेछ ।

६. विदेशमा कार्यरत नेपालीहरुबाट प्राप्त रेमिटेन्सले अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको यथार्थका सन्दर्भमा यसलाई अझ विस्तार गर्न विकसित मुलुकहरुमा वैदेशिक रोजगारीका संभावित थप अवसरहरुको खोजी गरिनेछ । वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हितका लागि कल्याणकारी कोष स्थापना गर्न प्रतिवद्धता व्यक्त गरिन्छ । जीवन बीमको प्रकृयालाई सरल बनाउँदै हाल कायम बीमाङ्क रकममा वृद्धि गर्ने लगायतका वैदेशिक रोजगारका क्रममा नेपालीहरुले भोगिरहेका विविध समस्या निराकरणका लागि पहल गरिनेछ ।

७. विदेश जाने र विदेशमा काम गरेर फर्किएकाहरुले आर्जन गरेको सीप र ज्ञानलाई राष्ट्रिय विकासमा बढी भन्दा बढी उपयोग गर्नका लागि आवश्यक पहलहरु गरिनेछ ।

८. आर्थिक कुटनीतिको अवधारणा बमोजिम वैदेशिक रोजगारी तथा लगानी, पर्यटन प्रवर्द्धन एवं नेपाली उत्पादनको निर्यात वृद्धिका लागि विदेशमा रहेका नेपाली कुटनीतिक नियोगहरुलाई प्रभावकारी बनाइनेछ । नेपालीहरको संख्या बढ्दै गएका मुलुकहरुमा कुटनीतिक नियोग स्थापना गर्ने तथा दूतावास नै खोल्न नसकिएका मुलुकहरुमा महावाणिज्य दूतावास खोल्नका लागि पहल गरिनेछ । थोरै संख्यामा नेपाली नागरिकको बसोबास रहेका मुलुकहरुमा आवश्यक सेवा सुविधा प्रदान गर्न पायक पर्ने नजिकको मुलुकको नेपाली नियोगलाई जिम्मेवारी दिलाइनेछ ।

९. गैह्रआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषद्द्वारा नेपालमा लोककल्याणकारी सामाजिक क्षेत्रमा कम्तिमा एक/एक परियोजना शुरु गर्ने प्रद्धिवद्धता व्यक्त गर्दछ । यस क्रममा यस्ता परियोजनाहरुको कार्यान्वयन गर्न आर्थिक र सामाजिक रुपमा पिछडिएको र द्वन्द प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

१०. देशको सर्वाङ्गिण विकासमा स्वदेश र विदेशमा रहेका नेपाली महिला तथा युवाहरुको सहभागिता आवश्यक रहेकाले सो वर्गको संजाललाई विस्तार गर्दै लैजाने प्रतिवद्धता जाहेर गर्दछ । यससंगै विश्वका विभिन्न शहरमा नेपाली संस्कृतिक केन्द्र निर्माणका लागि गैह्रआवासीय नेपाली समुदायद्वारा पहल गरिनेछ ।

११. यसअघि दोस्रो विश्व सम्मेलनमा प्रस्तावित एक सय मिलियन अमेरिकी डलरको “नेपाल लगानीकोष”को अवधारणालाई गैह्रआवासीय नेपाली संघ दर्ता भएको एक वर्षभित्रमा कार्यान्वयनको प्रकृयामा लगिने प्रतिवद्धता व्यक्त गर्दछौं । यससंगै राष्ट्रिय पूर्वाधार विकासको क्रमलाई गति दिन व्यक्तिगत तथा सामूहिक रुपमा हुने लगानीलाई प्रोत्साहित गरिनेछ ।

१२. पर्यटन प्रवर्द्धनका लागि सरकारद्वारा घोषणा गरिएको एउटा साथी नेपाल पठाउ कार्यक्रमलाई समर्थन गर्दै सो अभियानलाई सफल बनाउन गैह्रआवासीय नेपाली समुदायलाई परिचालन गरिनेछ ।

१३. राष्ट्रिय गौरवका रुपमा रहेका वुद्धको जन्मस्थल लुम्बिनी, संसारकै अग्लो शिखर सगरमाथा लगायतका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई सम्बन्धित मुलुकहरुमा परिचित गराउन सिंगो गैह्रआवासीय नेपाली समुदाय नै परिचालन हुनेमा प्रतिवद्धता व्यक्त गरिन्छ ।

१४. नेपालको पर्यावरण संरक्षण, प्राकृतिक सम्पदा, संस्कृति जगेर्नामा सम्वद्ध निकायसंग गैह्रआवासीय नेपालीले सहकार्य गरी संलग्नता बढाइने छ ।

१५. गैह्रआवासीय नेपाली संघको सकृयतामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यमान सेवा सुविधानको स्तरलाई बढाउन सहयोग गरिनेछ ।

**६(२) महासंघद्वारा बाढी पहिरो पीडितका लागि राहत एवं उद्दार सहयोग वितरण :**

गत साउनमा देशका विभिन्न भागमा आएको बाढी पहिरो पीडितहरुको राहत एवं उद्दारका लागि सहयोग पुऱ्याउन महासंघले तत्कालै छुट्टै राहत कोष खडा गरी सहयोगका लागि आव्हान गरे अनुरुप सहयोग रकम एवं राहत सामग्रीहरु जुटाई सहयोग गरेको थियो ।

महासंघले राहत सहयोग एवं सामग्री वितरणका लागि पीडित क्षेत्रलाई ५ समूहमा विभाजन गरी सम्बन्धित जिल्लाका महासंघका सदस्य संघ तथा त्यस क्षेत्रका कार्यकारिणी समिति सदस्य समेतको समन्वय र जिम्मेवारीमा वितरणको कार्य गरिएको थियो । साथै बाढी पीडितहरुलाई तत्काल मानवीय सहयोग पुऱ्याउने उद्देश्यले महासंघद्वारा अन्नपूर्ण पोष्ट र द हिमालयन टाईम्स राष्ट्रिय दैनिक (ईन्टरनेशनल मिडिया नेटवर्क नेपाल प्रा.लि.) संगको सहकार्य र सम्बन्धित जिल्ला उद्योग वाणिज्य संघ तथा स्थानीय अस्पताल, स्वास्थ्य संस्था एवं रेडक्रसको सहयोगमा पहिलो चरणमा बांके, पर्सा र सिराहा जिल्लाहरुमा निशुल्क स्वास्थ्य शिविर संचालन गरिएको थियो ।

**६(३) जनकपुरका उद्योगी व्यवसायीहरुको वृह भेलाबाट प्रस्तुत माग पूरा गर्न आग्रह :**

जनकपुरका उद्योगी व्यवसायीहरु माथि हातपात, लुटपाट, अपहरण, श्रम विवाद जस्ता घटना भएकोमा जनकपुर उद्योग वाणिज्य संघद्वारा गत भाद्र २० गते जनकपुरमा आयोजित उद्योगी व्यवसायीहरुको बृहत भेलाबाट विभिन्न पांच सुत्रिय माग राखि भाद्र २१ देखि आपतकालिन सेवा वाहेक सम्पूर्ण औद्योगिक व्यवसायिक प्रतिष्ठानहरु अनिश्चितकालका लागि बन्द गर्ने निर्णय गरेकोमा उद्योगी व्यवसायीहरु माथि त्यस्ता घटना हुनु चिन्ताको बिषय भएको उल्लेख गर्दै महासंघले समयमै समस्या समाधान नभएमा यस्ता समस्या गम्भीर रुपमा बढ्दै जाने देखिएकोले ती मागहरुलाई गम्भीरतापूर्वक लिई समाधानको लागि तत्काल पहल हुन नेपाल सरकार लगायत सबै राजनीतिक दल तथा स्थानीय प्रशासनसंग समेत जोडदार आग्रह गरेको थियो ।

**६(४) सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको छैठौं वार्षिक साधारण सभा :**

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको छैठौं वार्षिक साधारण सभाको गत भाद्र २० गते वाह्रविसेमा उद्घाटन गर्नुहुंदै प्रमुख अतिथि महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले महासंघका सदस्य संघहरुलाई स्थानीय क्षेत्रको उद्योग व्यवसाय लगायत समग्र आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप अघि बढ्न आग्रह गर्नु भएको थियो । साथै जिल्लाको समग्र आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनमा आधारित उद्योग व्यवसायको पहिचान गर्न आग्रह गर्दै महासंघले अघि सारेको “एक गाउं एक उत्पादन” र “इलम प्रशिक्षण कार्यक्रम”मा सदस्य संघहरुको सक्रिय सहभागिता रहने बताउनु भएको थियो ।

**६(५) डडेलधुरा उद्योग वाणिज्य संघको २० औं साधारण सभा :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले डडेलधुरा उद्योग वाणिज्य संघको २० औं वार्षिक साधारण सभाको गत भाद्र २२ गते डडेलधुरामा प्रमुख अतिथिका रुपमा उद्घाटन गर्नुहुदै देशमा दीगो र स्थायी शान्ति स्थापनाका साथै नयां नेपाल निर्माणका लागि निर्धारित समयमै संविधान सभाको निर्वाचन हुनु पर्ने तथा यसका लागि सवै क्षेत्रले सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नु हुदै निजी क्षेत्रबाट सक्दो सहयोग हुने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

**६(६) टिकापुर उवासंघको आठौं वार्षिक साधारण सभा :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले टिकापुर नगर उद्योग वाणिज्य संघको आठौ वार्षिक साधारण सभाको गत भाद्र २३ गते एक समारोह वीच टिकापुरमा उद्घाटन गर्नु हुदै द्वन्दको प्रभावबाट उद्योगधन्दाहरु धरासायी भईरहेका र यो अवस्थामा सुधार नआए ठूलो संकट पर्न सक्ने हुंदा देशमा दीगो र स्थायी शान्ति स्थापनाको लागि निर्धारित समयमा नै संविधान सभाको निर्वाचन हुनु पर्नेमा जोड दिनु भएको थियो ।

### ६(७) वालिङ्ग उद्योग वाणिज्य संघको सातौं वार्षिक साधारण सभा :

वालिङ्ग उद्योग वाणिज्य संघको सातौं वार्षिक साधारण सभा गत भाद्र २४ गते वालिङमा सम्पन्न भएको थियो । सो सभाको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि पूर्व मन्त्री एवं नेपाली कांग्रेस (प्रजातान्त्रिक) का उपसभापति श्री गोपालमान श्रेष्ठले वालिङ, स्यांग्जा जिल्लाकै प्रमुख व्यापारिक केन्द्र भएको र विकासको प्रचुर सम्भावना बोकेकोले व्यवस्थित औद्योगिक नगरीको रुपमा विकास गर्नुपर्नेमा जोड दिनु भएको थियो ।

साथै सभाका विशिष्ट अतिथि एवं महासंघका पूर्व अध्यक्ष श्री आनन्दराज मुल्मीले सम्पूर्ण उद्योग व्यवसायीहरु धरासायी भई रहेको वर्तमान अवस्थामा केन्द्रदेखि तल्लो तहसम्म हक हितका लागि निजी क्षेत्रलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने सोच राख्नु पर्नेमा जोड दिनु हुदै सरकारलाई शान्ति सुरक्षा कायम गरी उद्योग धन्दा स्वतन्त्र रुपमा सञ्चालन गर्ने वातावरण बनाउन आग्रह गर्नु भएको थियो ।

### ६(८) महासंघद्वारा पूर्वाञ्चलबाट हुने आयात/निर्यात सुचारु राखि उद्योग व्यापार सञ्चालनका लागि तत्कालै बैकल्पिक व्यवस्था हुन आग्रह :

केही समय अघिको बाढीले भारतको पश्चिम बंगाल राष्ट्रिय मार्गमा पर्ने दोहमना खोलाको पुल भत्केका कारण नेपालको पूर्वाञ्चलबाट हुने सम्पूर्ण आयात/निर्यात ठप्प भई विराटनगर भन्सारबाट दैनिक रुपमा संकलन हुने करोडौं राजश्वमा ह्रास आएको र यसरी अनिश्चित समय र अत्यधिक परिमाणमा नेपाललाई भइरहेको राष्ट्रिय क्षतिबाट जोगाउन क्रमशः पहिलो, दोश्रो र तेश्रो विकल्पका रुपमा तत्कालै निम्न व्यवस्था गरी उद्योगका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यापारलाई निरन्तरता दिने व्यवस्था मिलाउन महासंघले नेपाल सरकारसंग जोडदार आग्रह गरेको थियो ।

१. कोलकत्ताबाट मालदहसम्म टेलरबाट नै ढुवानी गर्ने र मालदहमा अनलोड गरी रेलबाट कटिहारसम्म ल्याउने तथा मालदहमा खाली भएका टेलर कटिहारसम्म ल्याउने एवं कटिहारमा पुनः सोही टेलरमा राखी जोगवनीसम्म ल्याउने ।

२. कोलकत्ताबाट कन्टेनरलाई डिस्टफ गरी (साविकको व्यवस्था) ढुवानीलाई सुचारु गर्ने ।

३. ईस्लामपुर–किसनगंज–पूर्णिमा हुंदै जोगवनीसम्म ढुवानी गर्न सकिने ।

### ६(९) विभिन्न प्रस्तावहरु पारित गर्दै महासंघको नारायणी अंचलभेला चितवनमा सम्पन्न :

महासंघको आयोजना तथा उद्योग वाणिज्य संघ-नारायणगढको आतिथ्यतामा नारायणी अचंल भित्रका उद्योग वाणिज्य संघहरुको अंचलस्तरीय भेला विभिन्न प्रस्तावहरु पारित गर्दै गत भाद्र २९ गते चितवनमा सम्पन्न भएको थियो ।

सो भेलाले कवाडी कर, औद्योगिक शुरक्षा बल, श्रम ऐन, अन्तर्राष्ट्रिय विमानस्थल, हेटौडा-काठमाण्डौं द्रुतमार्ग, स्थानिय कर, सरसफाई शुल्क र कृषि तथा वन विश्वविद्यालय सम्बन्धमा विभिन्न प्रस्तावहरु पारित गरेको छ ।

उक्त भेलाको उद्घाटन समारोहलाई संवोधन गर्नुहुंदै प्रमुख अतिथि एवं महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले उद्योग व्यवसायको विकास विना राजनीतिक स्थायित्व सम्भव नहुने हुंदा आर्थिक गतिविधि विस्तार गर्ने वातावरण बनाउन सरकार तथा राजनीतिक दलहरुलाई आग्रह गर्नु भएको थियो । बदलिंदो परिस्थितिमा निजी क्षेत्र प्रतिस्पर्धी हुनु पर्ने र निजी क्षेत्र एक ढिक्का भएर हिड्नु पर्नेमा पनि उहांले जोड दिनु भएको थियो ।

### ६(१०) धादिङ्ग उवासंघको १४ औं वार्षिक साधारण सभा :

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालको प्रमुख आतिथ्यतामा धादिङ्ग उद्योग वाणिज्य संघको १४ औं वार्षिक साधारण सभा गत असोज २ गते धादिङ वेशीमा सम्पन्न भयो ।

प्रमुख अतिथि श्री चण्डिराज ढकालले उद्घाटन समारोहलाई संवोधन गर्दै सार्वजनिक–निजी साझेदारीको अवधारणा अनुरुप स्थानीय आर्थिक विकासलाई अघि बढाउनु पर्नेमा जोड दिनुहुंदै निजी र सरकारी क्षेत्र बीच समन्वय नभएको खण्डमा स्थानीयस्तरमा विकास निर्माण हुन नसक्ने बताउनु भयो ।

साथै राज्यले कोल्टो फेरेको वर्तमान अवस्थामा व्यवसायीहरुप्रति राजनीतिक दलहरुको धारणा के हुने स्पष्ट गर्न आग्रह गर्नु हुंदै संविधानसभाको निर्वाचनलाई यथासमयमै सम्पन्न गरी वर्तमान अन्यौलपूर्ण राजनीतिक अवस्थाको अन्त्य गरी मुलुकको आर्थिक विकासमा संपूर्ण स्रोत र साधन लगाउनु पर्ने उल्लेख गर्नु भयो ।

६(११) **महासंघद्वारा रुपन्देही, कपिलवस्तु लगायतका ठाउंमा घटेका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै तत्कालै नियन्त्रण गर्न सरकार समक्ष जोडदार आग्रह :**

कपिलवस्तु जिल्लामा गत भाद्र ३० गते लोकतान्त्रिक मधेशी मोर्चाका नेता श्री अव्दुल मोइत खांको हत्याको घटनापछि सो जिल्ला लगायत रुपन्देही र अन्य ठाउंमा बढ्दै गएको दंगा र त्यसबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै घटनाको तत्काल नियन्त्रण गर्न महासंघद्वारा नेपाल सरकार समक्ष आग्रह गरिएको थियो ।

कपिलवस्तु र रुपन्देही लगायतका ठाउंमा भएको त्यस प्रकारका अमानविय घटनाको घोर भर्त्सना गर्दै त्यस्ता घटनाको पछि नलागी तत्काल धार्मिक तथा साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रलाई थप वर्वादी हुनबाट बचाउन पनि निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था महासंघले सबै नेपाली दाजुभाई दिदी बहिनीमा हार्दिक अपिल गरेको थियो ।

६(१२) **दोलखा उवासंघको प्रतिनिधिमण्डलद्वारा भेटघाट :**

विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघका गतिविधिहरुको अध्ययन अवलोकन गर्नुका साथै अन्य जिल्लाका संघसंगको आपसी सम्पर्क विस्तार तथा अनुभवको आदान प्रदान गरी सो कार्ययोजना तयार गर्न अनुभव संगाल्ने उद्देश्यले दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष श्री रामेश्वर मानन्धरको नेतृत्वमा महासंघमा आएको २० सदस्यीय प्रतिनिधिमण्डललाई महासंघका तृतीय उपाध्यक्ष श्री आजाद श्रेष्ठले स्वागत गर्नु भएको थियो। राजधानीका विभिन्न जिल्ला उद्योग वाणिज्य संघहरुका साथै लेखनाथ, स्यांग्जा, पोखरा, बाग्लुंग, वालिंग, पर्वत, म्याग्दी उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकनका साथै भक्तपुर उद्योग वाणिज्य संघमा आयोजित योजना तर्जुमा कार्यशाला गोष्ठी समेत सम्पन्न गरी प्रतिनिधिमण्डलले गत असोज ९ गते महासंघमा आयोजित अन्तरक्रियामा भाग लिएको थियो ।

६(१३) **कान्तिपुर पब्लिकेशन्समा पुऱ्याईएको क्षति प्रति दुःख प्रकट गर्दै प्रकाशनलाई शीघ्र निरन्तरता दिनु पर्नेमा महासंघद्वारा आग्रह :**

लामो समयदेखि नियमित रुपमा प्रकाशित भई पाठक समक्ष आफ्नो स्थान कायम राख्न सफल कान्तिपुर पब्लिकेशन्सद्वारा प्रकाशित भई आएका निजी क्षेत्रका अग्रणी राष्ट्रिय दैनिक पत्रिकाहरु गत असोज १३ गते उक्त पब्लिकेशन्सको कार्यालयमा आगो लगाउने प्रयास गरिनुका साथै प्रेस तथा अन्य केही भौतिक पूर्वाधारहरुमा पुऱ्याईएको क्षतिका कारण गत असोज १४ गते प्रकाशित हुन नसकेकोमा महासंघले आपत्ति जनाउंदै पत्रिका प्रकाशनमा पुग्न गएको अवरोधबाट जनता सुसूचित हुने अधिकारबाट बञ्चित हुने हुंदा श्रम सम्बन्धी वा अन्य कुनै समस्या वा विवाद आपसी वार्ताबाट समाधान गरी पत्रिका प्रकाशन तथा वितरण कार्यलाई छिट्टै निरन्तरता दिने प्रयास गर्न महासंघले सम्बद्ध पक्षसंग आग्रह गरेको थियो ।

६(१४) **नवलपरासी उद्योग वाणिज्य संघको २६ औं वार्षिक साधारण सभा :**

नवलपरासी उद्योग वाणिज्य संघको २६ औं वार्षिक साधारण सभाको असोज १५ गते नवलपरासीमा उदघाटन गर्नुहुंदै प्रमुख अतिथि तृतीय उपाध्यक्ष श्री आजाद श्रेष्ठले कुनै पनि

प्रकारको बन्दबाट राजमार्गमा अवरोध सृजना नगर्ने भन्ने सम्वन्धमा राजनीतिक दल बीच एक वर्ष अगाडी भएको सहमती आजसम्म पनि लागू हुन नसकेको तर्फ ध्यानाकर्षण गराउदै उद्योग व्यवसायको विकास तथा विस्तारमा कुनै पनि प्रकारको अवरोध तथा वाधाहरु नपुऱ्याउन सम्बन्धित पक्षहरुलाई आग्रह गर्नु भएको थियो ।

**६(१५) पर्वत उद्योग वाणिज्य संघको २५ औं वार्षिक साधारण सभा :**

देशमा दीगो र स्थायी शान्ति स्थापनाका साथै अनुकूल औद्योगिक व्यवसायिक वातावरण कायम गरी समग्र आर्थिक सामाजिक विकासलाई गति दिन संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु पर्ने र यसका लागि सबै क्षेत्रको सक्रिय सहयोग आवश्यक भएकोमा जोड दिंदै पर्वत उद्योग वाणिज्य संघको २५ औं वार्षिक साधारण सभा गत असोज १६ गते कुश्मा बजारमा सम्पन्न भएको थियो ।

**६(१६) तुलसीपुर उद्योग वाणिज्य संघको साधारण सभा :**

तुलसीपुर उद्योग वाणिज्य संघद्वारा गत असोज २६ गते उक्त संघको १४औं वार्षिक साधारण सभाको प्रमुख अतिथि महासंघका तृतीय उपाध्यक्ष श्री आजाद श्रेष्ठले उद्घाटन गर्नु भएको थियो । उक्त सभालाई सम्वोधन गर्दै जव सम्म देशमा राजनितिक स्थायित्व हुदैन तव सम्म व्यापार व्यवसाय फस्टाउन नसक्ने बताउदै यसकालागि राजनितिक पार्टीहरु जिम्मेवार भएर स्थायित्व दिन र समस्या समाधान गर्न जति सक्यो चांडो संविधान सभाको निर्वाचन सम्पन्न गरि देशलाई निकास दिन आग्रह गर्नु भएको थियो ।

**६(१७) महासंघ र नेपाल युवा उद्यमी मञ्च विच समझदारी पत्रमा हस्ताक्षर :**

महासंघद्वारा प्रवर्द्धित नेपाल युवा उद्यमी मञ्च र महासंघ वीच २०६४ असोज १८ गते एक समझदारी पत्रमा हस्ताक्षर भएको छ । नेपाली वरोजगार युवाहरुलाई स्वरोजगारी प्रदान गर्ने र युवा उद्यमीशिलताको विकास र प्रवर्द्धन गर्ने लक्ष्यले गठित युवा उद्यमी मञ्चका गतिविधिहरुमा महासंघले सघाउदै आएको छ । मञ्चको कार्यालयको लागि महासंघले स्थान समेत उपलव्ध गराएको छ ।

**६(१८) वागलुङ उद्योग वाणिज्य संघको १९औं वार्षिक साधारण सभा :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले वागलुङ उद्योग वाणिज्य संघको १९औं वार्षिक साधारण सभाको गत कार्त्तिक १७ गते उद्घाटन गर्नु भयो । उक्त सभालाई सम्वोधन गर्दै समग्र विकास र अर्थतन्त्रलाई वलियो वनाउन वर्तमान राजनैतिक गतिरोधको अन्त्य हुनुपर्ने र मुलुकमा स्थायी शान्तिका लागि उद्योग व्यवसायीहरु लोकतान्त्रिक आन्दोलनमा सरिक भएको बताउदैं वर्तमान गतिरोध अन्त्य नभएमा मुलकले ठूलो आर्थिक दुर्गती भोग्नुपर्ने अवस्था आउने कुरा प्रष्ट पार्नु भएको थियो ।

**६(१९) पाल्पा उद्योग वाणिज्य संघको ४९औं वार्षिक साधारण सभा :**

महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशीले पाल्पा उद्योग वाणिज्य संघको ४९औं वार्षिक साधारण सभाको गत कार्तिक १७ गते उद्घाटन गर्नु भयो । उद्घाटन समारोहलाई सम्बोधन गर्नु हुंदै द्वितीय उपाध्यक्ष जोशीले निजी क्षेत्रलाई महत्व नदिंदासम्म जस्तोसुकै राजनीतिक रुपान्तरण भए पनि आर्थिक उन्नती हुन नसक्ने हुंदा राजनीतिक स्थिरता, निजी क्षेत्रको प्राथमिकताका साथै संभावनाहरुको खोजी हुनु पर्नेमा जोड दिदै संविधान सभाको निर्वाचन समयमै नभएमा मुलुक अझै जटिलता तर्फ उन्मुख हुने वताउनु भएको थियो ।

**६(२०) नेपाल र अष्ट्रेलिया बीच आर्थिक सम्बन्ध विस्तारका लागि द्विपक्षीय सम्झौता एवं सिधा हवाई सम्पर्क हुनु पर्नेमा जोड :**

नेपाल र अष्ट्रेलिया बीच आर्थिक सम्बन्ध र सहयोगलाई अझ विस्तारका साथै प्रभावकारी बनाउन व्यापार सन्धि लगायतका आर्थिक सहयोग सम्बन्धी सम्झौता गरी अघि बढ्नु पर्ने र दुई देश बीच सिधा हवाइ सम्पर्क कायम हुनु पर्नेमा जोड दिइएको छ ।

महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल र नेपालका लागि अष्ट्रेलियाका राजदूत ग्रेम लेड बीच मंसीर महिनामा काठमाडौंमा भएको बैठकमा अध्यक्ष श्री ढकालले सो कुरामा जोड दिनु भएको हो ।

अष्ट्रेलियाबाट नेपाललाई विकास सहयोग कार्यक्रम अन्तर्गत वन, पशु विकास, मानव संसाधन विकासका साथै आर्थिक सहयोग प्राप्त भई आएता पनि द्विपक्षीय व्यापार एवं अन्य आर्थिक सम्बन्ध विस्तार तथा जलश्रोत, कृषि, पर्यटन, साना तथा मझौला उद्यम, शिक्षा, स्वास्थ्य, हवाई उड्डयन, वातावरण, प्रशासनिक तथा व्यवस्थापन क्षेत्रमा समेत अष्ट्रेलियाली सहयोग एवं सहभागिता महत्वपूर्ण हुने भएकोले यसका लागि द्विपक्षीय पहल हुनु पर्ने पनि उक्त बैठकमा जोड दिइएको थियो । साथै उक्त बैठकमा अष्ट्रेलियाली राजदूत श्री ग्रेम लेडले शिक्षा, स्वास्थ्य, मानव संसाधन विकास, वातावरण तथा निर्माणको क्षेत्रमा सहकार्य गर्न अष्ट्रेलिया इच्छुक रहेको अवगत गराउनु भएको थियो ।

त्यस्तै अष्ट्रेलियाली संयुक्त लगानीमा नेपालमा पर्यटन, शिक्षा र तालिम तथा हेलिकोप्टर सेवा गरी चारवटा परियोजना संचालित छन् भने ग्यास वर्कशप र कफि रोपण समेत दुई वटाले इजाजत तथा होटल, जलविद्युत उत्पादन, कम्प्युटर र भाषा तालिम समेत चार वटा परियोजनाले स्वीकृति प्राप्त गरेका छन् ।

६(२१) **गोरखा उद्योग वाणिज्य संघको ३४औं वार्षिक साधारण सभा :**

महासंघका अध्यक्ष चण्डिराज ढकालले गोरखा उद्योग वाणिज्य संघको ३४ औं वार्षिक साधारण सभाको गत मंसीर १५ गते गोरखामा उद्घाटन गर्दै गोरखा जिल्लामा प्रचुर सम्भावना भएका कृषि व्यवसाय, जडिबूटी, पर्यटन उद्योग तथा घरेलु उद्योगको विकास विस्तारको माध्यमबाट त्यहांको आर्थिक सामाजिक उत्थानका लागि ठोस योजना र कार्यक्रम आवश्यक भएको कुरामा जोड दिनु भएको थियो ।

६(२२) **माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री समक्ष उद्योग व्यवसाय क्षेत्रको विकास र प्रवर्द्धनका लागि महासंघद्वारा सुझाव प्रस्तुत :**

देशको आर्थिक एवं सामाजिक विकासका लागि औद्योगिकिकरण एक सशक्त माध्यम भएर पनि विगत केही वर्ष अघिदेखि उद्योग व्यवसाय क्षेत्र अत्यन्त संकटग्रस्त अवस्थामा पुगेको र विदेशी बजारमा आधारित उद्योगहरुका साथै स्वदेशमा नै पर्याप्त बजार भएका उत्पादनशील उद्योगहरु समेत धरासायी अवस्थामा पुगेको औंल्याउंदै महासंघले औद्योगिक व्यवसायिक विकास विस्तारका लागि सबै क्षेत्रबाट प्रतिवद्धताका साथ सकारात्मक सोच र समय सापेक्ष नीति एवं ऐन नियमको निरन्तरता तथा त्यसको प्रभावकारी कार्यान्वयन सरल तथा छिटो छरितो निर्णय प्रक्रिया आदि व्यवस्थाको लागि सरकारसंग माग गरिएको थियो ।

६(२३) **कार्यस्थलमा एचआइभी/एड्स नियन्त्रण तर्फ समयमै ध्यान नदिए अर्थतन्त्रमा गम्भीर असर पर्ने :**

विश्वव्यापीरुपमा फैलिएको एचआइभी/एड्सलाई नियन्त्रण गर्ने तर्फ समयमै ठोस पहल हुन नसके नेपाल जस्ता अविकसित देशको अर्थतन्त्रमा गम्भीर समस्या पर्न सक्ने हुंदा यसको नियन्त्रण तथा न्यूनिकरणमा राज्यका सम्पूर्ण पक्ष एकजुट हुनुपर्नेमा जोड दिइएको छ । यसैगरी, एचआइभी/एड्सबाट आर्थिक तथा सामाजिक क्षेत्र नराम्ररी प्रभावित हुने हुंदा यसको न्युनिकरण तथा नियन्त्रणका लागि कार्यस्थलमा यस विरुद्ध लड्न साझा नीति सहित जनचेतना मूलक कार्यक्रमलाई तिव्रता दिनुपर्ने र यसका लागि रोजगारदाता तथा कामदारहरुको प्रतिनिधिमूलक संस्थाहरुको सहकार्य महत्वपूर्ण हुनेमा पनि जोड दिइएको छ ।

महासंघ र अन्तराष्ट्रिय श्रम संगठन(International Labour Organization-ILO)द्वारा संयुक्त रुपमा काठमाडौंमा आयोजना गरिएको कार्यस्थलमा व्यवसायिक स्वास्थ्य सुरक्षा तथा एचआइभी/एड्स (Occupational Safety & Health and HIV/AIDS) विषयक दुई दिने कार्यशाला गोष्ठीका सहभागीहरुले सो कुरामा जोड दिएका हुन ।

महासंघले आर्थिक क्षेत्रलाई मात्र प्राथमिकता नदिई सामाजिक क्षेत्रमा समेत त्यतिकै लागि परेको र एचआइभी/एड्सका विरुद्धमा साझा नीति बनाउने उद्देश्यले आयोजित उक्त गोष्ठीको सरकारद्वारा पारित एचआइभी/एड्स सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनमा पनि जोड दिईएको थियो ।

**६(२४) उद्यमी व्यवसायीहरुद्वारा औद्योगिक पुनर्निर्माण कोष अविलम्ब संचालनको माग :**

उद्यमी व्यवसायीहरुले रुग्ण उद्योगहरुको पुनरुत्थानका लागि सरकारले वार्षिक बजेट मार्फत ल्याएको औद्योगिक पुनर्निर्माण कोष अविलम्ब संचालनको माग गरेका छन् ।

महासंघद्वारा नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ मन्त्रालयका सचिवको उपस्थितिमा महासंघमा आयोजित औद्योगिक "पुनरुत्थान कोषको परिचालन र प्रभावकारी उपयोग" विषयक अन्तक्रिया कार्यक्रममा सहभागी उद्यमी व्यवसायीहरुले उक्त कोष अविलम्ब संचालन गर्न स्थायी संरचना गठन गर्नु पर्नेमा जोड दिईएको थियो ।

कोषको संचालन गर्न स्थायी कार्यान्वयन निकाय तुरुन्त स्थापना गरिनु पर्ने, रुग्ण उद्योग व्यवसायीहरु बारे पहिचान गरी पुनरुत्थान प्याकेजको प्रष्ट व्यवस्था हुनु पर्ने, रुग्ण ठहर गरिएका उद्योग व्यवसायहरुले सिफारिश भएको पुनरुत्थान अवधिभर सरकारलाई तिर्नु पर्ने सम्पूर्ण कर तथा दस्तुरहरुमा छुटको व्यवस्था हुनु पर्ने, रुग्ण उद्योगहरुलाई पुनरुत्थानमा आवश्यक प्रविधि, मेशिन, उपकरणहरुको आयात तथा खरिदमा भंसार तथा अन्य दस्तुरहरुमा छुटको व्यवस्था हुनु पर्ने, विनिमय पत्र ऐन यथाशीघ्र ल्याउनु पर्ने महासंघद्वारा प्रस्तुत सुझावमा उल्लेख भएको छ ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका का.मु. गभर्नर श्री कृष्णबहादुर मानन्धरले रुग्ण उद्योग व्यवसायलाई राहत पुगोस भन्ने मनसायले नै रुग्ण उद्योग पुनरुत्थान कोषमा सरकार तथा राष्ट्र बैंक समेतबाट रु. ६० करोडको व्यवस्था गरेको जानकारी दिंदै श्री मानन्धरले उद्योगहरुको अवस्था हेरेर वाञ्छित उद्योगहरुलाई कोष मार्फत सहयोग गर्ने जानकारी गराउनु भएको थियो ।

**६(२५) बैतडी उद्योग वाणिज्य संघको सातौं वार्षिक साधारण सभा :**

बैतडी उद्योग वाणिज्य संघको बैतडीको गोठालापानीमा सम्पन्न सातौं वार्षिक साधारण सभाले त्यहां उत्पादित कृषिजन्य बस्तुको निकासीमा देखिएका समस्या समाधान गर्नु पर्ने, घरेलु तथा साना उद्योगको विकासका लागि सरल कर्जा र प्रविधि उपलब्ध हुनु पर्ने, स्थानीय सडक एवं पुल निर्माणलाई शीघ्रता दिनु पर्ने, पेय पदार्थको बिक्री वितरणमा देखिएको समस्या समाधान गर्नु पर्ने र बैतडी जस्ता दुर्गम जिल्लाको आर्थिक सामाजिक विकासका लागि प्याकेज कार्यक्रम सहित गम्भिरतापूर्वक कार्यान्वयन गर्नु पर्नेमा जोड दिएको छ ।

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले उक्त सभाको गत मंसीर २४ गते उद्घाटन गर्नु हुंदै जिल्लाको आर्थिक सामाजिक विकास तथा गरिवी निवारणमा सघाउ पुऱ्याउने उद्देश्यले महासंघले "एक गाउं एक उत्पादन", इलम प्रशिक्षण केन्द्र, घरेलु तथा लघु उद्यम विकास, महिला उद्यमी विकास जस्ता कार्यक्रमहरुलाई अघि बढाइएको उल्लेख गर्नुका साथै कृषिजन्य बस्तु भारत निकासीलाई सहज बनाउन क्वारेन्टाइन चेकपोष्ट सीमा क्षेत्रमै स्थापना, भन्सारमा देखिएका समस्या समाधान र पेय पदार्थ बिक्री वितरणमा देखिएका समस्या सहमतिको आधारमा समाधान गर्न पहल गर्नुका साथै स्थानीय उत्पादनको विकास विस्तार एवं बजार व्यवस्थाका लागि कृषि उद्यम केन्द्र मार्फत कार्य गर्दै आएको उल्लेख गर्नु भयो ।

**६(२६) महोत्तरी उद्योग वाणिज्य संघको ३६ औं वार्षिक साधारण सभाः**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले देशमा राजनीतिक विकासक्रम अघि बढ्दै गएता पनि शान्ति स्थापना प्रक्रिया अझै टुंगोमा नपुगेकोले यसलाई छिट्टै टुंगोमा पुऱ्याई आर्थिक एजेण्डालाई प्राथमिकता साथ अघि बढाउनु पर्ने र आ–आफ्नो आर्थिक नीति वारे प्रत्येक

राजनीतिक दलहरुले संविधान सभा निर्वाचनको घोषणा पत्रबाटै स्पष्ट पार्नु पर्ने कुरामा जोड दिनु भएको छ । महोत्तरी उद्योग वाणिज्य संघको ३६ औं वार्षिक साधारण सभाको गत मंसीर २९ गते मटिहानीमा उद्‌घाटन गर्दै सो कुरामा जोड दिनु भएको थियो ।

६(२७) **माग अनुरुप पेट्रोलियम पदार्थको आपूर्ति सरल र सहज बनाउने व्यवस्था मिलाउन महासंघद्वारा सरकारसंग आग्रह :**

दैनिक उपभोग्य एवं विकास निर्माणको क्षेत्रमा समेत अत्यावश्यक बस्तु पेट्रोलियम पदार्थ आवश्यक मूल्य तिरेर पनि नपाउने अवस्था रहेको विद्यमान स्थितिलाई दृष्टिगत गरी महासंघले समयको गति र आवश्यकता संगै देशमा अधिक रुपमा सवारी साधनको आयात र परिचालन वृद्धि हुंदै गएको, विद्युत लोड सेडिङ्ग बढ्दै गएको तथा विकास निर्माण र कृषि व्यवसायमा समेत इन्धनको खपत बढ्दै गएको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति पर्याप्त हुन नसक्दा विगत वर्षदेखि नै सर्वसाधारण जनता देखि लिएर यातायात, ढुवानी, उत्पादन र रोजगारी समेत नराम्ररी प्रभावित हुन पुगेकोले पेट्रोलियम पदार्थको सरल, सहज र नियमित आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउन महासंघले नेपाल सरकारसंग जोडदार आग्रह गरेको थियो ।

६(२८) **दाङ्ग उद्योग वाणिज्य संघको सातौं वार्षिक साधारण सभा :**

राजनीतिक अन्यौलता, उद्योगी व्यवसायी माथि निरन्तर आक्रमण, श्रम विवाद, चन्दा अपहरण जस्ता घटनाबाट उद्योग व्यवसाय क्षेत्र नराम्ररी प्रभावित भएकाले भयरहित वातावरणमा उद्योग व्यवसाय गर्न दिनुपर्नेमा जोड दिंदै दाङ उद्योग वाणिज्य संघको सातौ वार्षिक साधारण सभा गत मंसीर २९ गते दाङमा सम्पन्न भएको छ ।

सो सभाको उदघाटन गर्नुहुंदै महासंघका तृतीय उपाध्यक्ष श्री आजाद श्रेष्ठले नयां परिस्थितिमा उद्योग व्यवसाय गर्ने वातावरण वन्ला भनेर ढुक्क भएको निजी क्षेत्रमा वर्तमान अन्यौलताबाट थप निराशा पैदा भएको, लगानी गर्ने अवसर नहुंदा रोजगारीका अवसरहरु सांघुरिएकाले युवाहरुमा विदेश पलायनको क्रम तिव्र भएकोमा चिन्ता प्रकट गर्नु का साथै आजपनि उद्योग व्यवसाय माथि भएका वारम्वार आक्रमण, चन्दा आतंक, उद्योग व्यवसाय संचालनका लागि अत्यावश्यक पेट्रोलियम पदार्थको अभाव, विद्युत लोड सेडिङ जस्ता समस्याले उद्योग व्यवसाय थला परेकोले अव यसमा सुधार गर्ने तर्फ राजनीतिक दलहरुको ध्यान नजाने हो भने कुनै पनि वेला मुलुकमा आर्थिक संकट पैदा हुने दावी गर्नुभयो ।

६(२९) **तेह्रथुम उद्योग वाणिज्य संधको ११औं वार्षिक साधारण सभा :**

महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशीले मुलुकको अर्थतन्त्रको प्रमुख मेरुदण्ड उद्योग वाणिज्य क्षेत्र भएकोले यस क्षेत्रको समुचित विकास विना मुलुकको विकास संभव नहुने बताउनु भएको छ ।

तेह्रथुम उद्योग वाणिज्य संघको ११ औं वार्षिक साधारण सभाको उद्‌घाटन तथा नयां निर्माण हुने सचिवालय भवनको पुष ११ गते म्याङ्गलुङ्ग बजारमा शिलान्यास गर्नु हुंदै द्वितिय उपाध्यक्ष श्री कुशकुमार जोशीले सो कुरा बताउनु भएको हो । साथै आजको विश्वव्यापिकरण एवं क्षेत्रीय स्वतन्त्र व्यापार अवधारणाको परिप्रेक्ष्यमा उत्पादन र सेवालाई प्रतिस्पर्धि नबनाई औद्योगिक व्यवसायिक विकास हुन नसक्ने र यसका लागि अनुकूल वातावरण, नीतिगत एवं प्रक्रियागत सरलता र प्रोत्साहनदायी कदमहरु आवश्यकता पर्ने उल्लेख गर्नु हुंदै सर्वप्रथम देशमा दीगो तथा स्थायी शान्ति स्थापनाका साथै सुरक्षाको प्रत्याभूति हुनु पर्ने र सात दल बीच हालै सम्पन्न २३ बुदें सहमति एवं निर्णय समयवद्ध रुपमा अक्षरसः कार्यान्वयन गरी शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन सम्बन्धित सबै पक्ष इमान्दार भई कार्य गर्नु पर्ने धारणा पनि व्यक्त गर्नु भयो ।

**६(३०) नेपाल र डेनमार्क बीचको आर्थिक सम्बन्धबढाउन आर्थिक कुटनीतिमा जोड :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकाले डेनमार्कका लागि नवनियुक्त नेपाली राजदुत श्री विजयकान्त कर्णको पुष १२ गते महासंघमा स्वागत गर्नुहुंदै नेपालको आर्थिक विकासमा वाह्य लगानी तथा प्रविधि आवश्यक रहेको वास्तविकता प्रकट गर्दै डेनिस लगानी तथा प्रविधि आकर्षणका लागी नेपालका तर्फबाट के कस्तो प्रयास आवश्यक छ त्यसमा राजदुतावासका तर्फबाट सहयोग गर्न आग्रह गर्नुभयो । यसका लागि आर्थिक कुटनीति एउटा प्रभावकारी उपाय हुन सक्ने सुझाव पनि दिनुभयो ।

आफनो कार्य सम्हाल्न जानुअघि नेपाल र डेनमार्क बीचको आर्थिक सम्बन्ध विस्तारमा के-कस्तो प्रयास दुतावासका तर्फबाट गर्नुपर्ने हो सो सम्बन्धमा निजी क्षेत्रसंग छलफल गर्ने उद्देश्यले आयोजित सो भेटघाटमा करिव ६७ करोड व्यापार घाटा रहेको डेनमार्कसंग उक्त व्यापार घाटालाई कम गर्न नेपालमा डेनीस लगानी तथा प्रविधि आकर्षण गर्ने, नेपालबाट त्यसतर्फ निर्यात गर्न सकिने थप नयां वस्तुहरुको अध्ययन गरी सो वारे नेपाली निर्यात कर्ताहरुलाई सुझाव तथा सल्लाह दिने लगायतका आर्थिक सम्बन्ध विस्तारलाई सहयोग पुऱ्याउने कार्यक्रममा कुटनीतिक तहबाट पहल हुनुपर्ने सुझाव दिइयो ।

**६(३१) कलैयामा इलम प्रशिक्षण केन्द भवन शिलान्यास :**

महासंघका द्वितीय उपाध्यक्ष एवं नारायणी अञ्चल प्रतिनिधि श्री कुशकुमार जोशीले कलैया नगरपालिका वडा नं. २ मा नयां निर्माण हुने इलम प्रशिक्षण केन्द्र भवनको गत पुष १६ गते एक समारोहका बीच शिलान्यास गर्नु भयो ।

उक्त समारोहलाई सम्बोधन गर्नु हुंदै प्रमुख अतिथिका रुपमा द्वितीय उपाध्यक्ष श्री जोशीले महासंघको प्राथमिकतामा परेको योजनामा इलम प्रशिक्षण केन्द्र समेत रहेको र हालसम्ममा देशमा विभिन्न भागमा गरी आठवटा केन्द्र सञ्चालनमा रहेको तथा यसलाई देशव्यापि बनाउंदै लाने लक्ष्य रहेको बताउनु भयो ।

**६(३२) कञ्चनपुर उद्योग वाणिज्य संघको २० औं वार्षिक साधारण सभा :**

निरन्तर रुपमा आक्रमण, अपहरण, चन्दा आतंक तथा डकैती जस्ता आपराधिक घटनाबाट उद्योगी व्यवसायी एवं उद्योग व्यवसाय क्षेत्र नराम्ररी प्रभावित भएकाले यस्ता गतिविधिहरु तत्काल रोक्न निजी क्षेत्रले जोड दिएको छ । कंचनपुर उद्योग वाणिज्य संघको २० औं वार्षिक साधारण सभाको गत पुष २१ गते महेन्द्रनगरमा आयोजित कार्यक्रमका सहभागी अधिकांस उद्योगी व्यवसायीहरुले मुलुकबाट तत्काल आपराधिक गतिविधि नरोकिए तथा उद्योगी व्यवसायी माथि वारम्वार आक्रमण भैरहे निजी क्षेत्र वाध्य भएर आन्दोलनमा जानु वाहेक अर्को विकल्प नरहेको पनि उहांहरुले बताउनु भयो ।

सो सभाको उदघाटन गर्नुहुंदै प्रमुख अतिथि महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले नयां परिस्थितिमा उद्योग व्यवसाय गर्ने वातावरण बन्ला भनेर ढुक्क भएको निजी क्षेत्र हालैका दिनहरुमा अझ बढी आक्रमणको निशाना बनेको र सुरक्षाको प्रत्याभुति दिन सरकारलाई वारम्वार आग्रह गर्दा पनि सहयोग नपाएको बताउनु भयो । वर्तमान अन्यौलताबाट थप निराशा पैदा भएको, लगानी गर्ने अवसर नहुंदा रोजगारीका अवसरहरु सांघुरिएकाले युवाहरुमा विदेश पलायनको क्रम तिव्र भएकोमा पनि अध्यक्ष श्री ढकालले चिन्ता प्रकट गर्नु भयो ।

साथै स्थानीय उद्योग वाणिज्य संघहरुलाई स्थानीय सम्भाव्यताको खोजी गरी स्थानीय स्रोत, साधन र जनशक्तिमा आधारित उद्योग व्यवसायको पहिचान गर्न आग्रह गर्दै महासंघले अघि बढाएका सबै कार्यक्रमहरु मार्फत सदस्य संघहरुलाई सशक्त पार्दै लगिने योजना रहेको विश्वास समेत उहांले दिलाउनु भयो ।

६(३३) **जलेश्वर उद्योग वाणिज्य संघको छैठौं वार्षिक साधारण सभाको उद्घाटन :**

उद्योग व्यवसाय क्षेत्रमा बढ्दो असुरक्षा नरोकिए निजी क्षेत्र अत्यन्त कडा आन्दोलनमा उत्रन वाध्यहुने चेतावनी उद्यमी व्यवसायीहरुले दिएका छन् । जलेश्वर उद्योग वाणिज्य संघको महोत्तरीमा सम्पन्न छैठौ वार्षिक साधारण सभामा उद्यमी व्यवसायीहरुले उक्त कुरा बताएका थिए ।

सो सभाको गत पौष २७ गते उदघाटन गर्नुहुंदै प्रमुख अतिथि महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले सुरक्षाको प्रत्याभुति दिन सरकारलाई वारम्वार आग्रह गर्दा पनि सो अझै हुन नसकेको र दैनिक जसो उद्यमी व्यवसायीहरु माथि सताइने काम भैरहेकोले यस्ता क्रियाकलाप तुरुन्त वन्द गरी शान्ति सुरक्षाको प्रत्याभुति सहित औद्योगिक व्यवसायिक समस्या समाधान गर्न सरकारसंग माग गर्नुभयो । उहांले अवपनि निजी क्षेत्रका पिडाहरु नसुनिए वाध्यभएर आन्दोलनमा जानु बाहेक अरु विकल्प नरहेको पनि बताउनु भयो । साथै एकातिर असुरक्षा र अर्कोतिर दैनिक ६/६ घण्टाको विद्युत लोड सेडिङबाट उद्योग व्यवसाय उठनै नसक्ने गरी थला परेकोले अव यसमा सुधार गर्ने तर्फ सरकार तथा राजनीतिक दलहरुले ध्यान नदिने हो भने कुनै पनि वेला मुलुकमा आर्थिक संकट पैदा हुने चेतावनी पनि अध्यक्ष श्री ढकालले दिनु भयो ।

६(३४) **इनरुवा उद्योग वाणिज्य संधको १३ औं वार्षिक साधारण सभा :**

उद्योगी व्यवसायीहरुले मुलुकमा तत्काल अपराधिक गतिविधि नियन्त्रण गरी सुरक्षित र अनुकुल औद्योगिक व्यवसायीक वातावरण बनाउन सरकारसंग आग्रह गरेका छन् । यसका लागि बढ्दो असुरक्षाप्रति सरकार संवेदनशील भई उद्योगी व्यवसायी र उद्योग व्यवसाय माथि निरन्तर भैरहेका आक्रमण, अपहरण, चन्दा आतंक तथा चोरी डकैती जस्ता आपराधिक क्रियाकलापहरुलाई तत्काल नियन्त्रण गर्नुपर्ने व्यवसायीहरुले सुझाव दिएका छन् ।

उद्योग वाणिज्य संघ इनरुवाको गत माघ २ गते सम्पन्न १३ औं वार्षिक साधारण सभाका सहभागी उद्यमी व्यवसायीहरुले तराईमा हाल उत्पन्न असहज अवस्थाबाट उद्योग व्यवसाय क्षेत्रपनि संकटमा पर्नुका साथै आम जनताको शान्ति पूर्वक जीवनयापन गर्न पाउने अधिकार कुंठित भएको तर्फ ध्यानाकर्षण गराउंदै तराईको समस्या तत्काल समाधान गर्न पनि व्यवसायीहरुले आग्रह गरे ।

सो सभाको उद्घाटन गर्नुहुंदै प्रमुख अतिथि महासंघका प्रथम उपाध्यक्ष श्री दिवाकर गोल्छाले सुरक्षाको प्रत्याभुति सहित उद्योग व्यवसाय गर्ने वातावरण बनाउने प्रमुख जिम्मेवारी सरकारको भएकोले शान्ति सुरक्षाको लागि निजी क्षेत्रले गरेको आग्रहलाई गम्भीरतापूर्वक लिन  अनुरोध गर्नुभयो ।

६(३५) **धनकुटा उद्योग वाणिज्य संघको ३५ औं वार्षिक साधारण सभा**

नेपाल उद्योग वाणिज्य महासंघका द्वितीय उपाध्यक्ष श्री कुशकुमार जोशीले नयाँ औद्योगिक नेपाल निर्माणका लागि उद्योगी व्यवसायीले संविधान सभा निर्वाचनमा सघाउनु पर्नेमा जोड दिनु भयो ।

उहांले मुलुकमा लामो समयसम्म राजनीतिक अन्यौल र अस्थिरता रहिरहे राष्ट्रिय अर्थतन्त्र कमजोर हुने बताउनु भयो ।

धनकुटा उद्योग वाणिज्य संघको ३५ औं वार्षिक साधारण सभाको गत माघ १३ गते उद्घाटन गर्दै श्री जोशीले सो कुरा बताउनु भएको हो ।

उहाँले मुलुकमा जारी अस्थिरताले उद्योग धन्दा फस्टाउन नसकिरहेको बताउंदै दिगो शान्ति मार्फत उद्योग व्यवसाय प्रबर्द्धन गर्न पनि निर्वाचन हुनै पर्ने आवश्यकता औंल्याउनु हुंदै

सरकारले उद्योग व्यवसाय असुरक्षित हुंदै गएकोले तत्काल औद्योगिक सुरक्षा बल गठन गर्नु पर्नेमा जोड दिनु भयो ।

## ६(३६) नेपाल र मोरक्को बीच व्यापार विस्तारका लागि द्विपक्षीय वार्ता :

नेपाल र मोरक्को बीच आर्थिक सम्बन्ध विस्तारको प्रशस्त संभावना हुनुको साथै कुटनीतिक सम्बन्ध स्थापनाको तीन दशक वितिसक्दा पनि आर्थिक सम्बन्ध विस्तारमा अझै ठोस प्रगति नभएकोले सो सम्बन्धमा ठोस पहल गर्ने सहमति महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल र नेपालका लागि मोरक्कोका राजदूत लार्बी मौखारिक बीच गत कार्त्तिक २९ गते महासंघमा आयोजित वैठकमा भएको छ ।

उक्त अवसरमा श्री ढकालले नेपाली उत्पादनका लागि सुविधायुक्त भारतीय लगायत विशाल चिनियां बजार समेतलाई दृष्टिगत गरि नेपालमा लगानी तथा उत्पादन गरि लाभ लिन सकिने हुंदा नेपालमा लगानी प्रवाहका साथै विश्व प्रशिद्ध आकर्षक पर्यटकीय स्थल नेपालमा पर्यटक प्रवाहका लागि पहल गर्न मोरक्कोका राजदूत एवं अवैतनिक वाणिज्यदूतलाई आग्रह गर्नु भयो ।

वैठकले नेपाल र मोरक्को बीच व्यवसाय एवं पर्यटन र सांस्कृतिक आदान प्रदानका साथै नेपालको पर्यटन, जलश्रोत, उत्पादनमूलक तथा सेवा उद्योग व्यवसायमा संयुक्त लगानीको प्रशस्त संभावना हुनुका साथै नेपालबाट त्यस तर्फ गलैंचा, तयारी पोशाक, पश्मिना, हस्तकला, जडिबूटी, चिया, कफि, हाते कागज आदि वस्तुहरु निर्यातको ठूलो संभावना रहेको औंल्याएको छ ।

## ६(३७) घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखहरुसंग अन्तरक्रिया :

घरेलु तथा साना उद्योगहरुलाई राष्ट्रको आवश्यकता अनुसार विकास गर्न नसके मुलुकले अघि सारेको आर्थिक विकास तथा गरिवी निवारणको लक्ष प्राप्त हुन नसक्ने स्पष्ट छ । अधिकांश उद्योगहरु घरेलु तथा सानास्तरका रहेको हाम्रो जस्तो मुलुकले घरेलु तथा साना उद्योगहरुको विकासका लागि उत्पादन तथा गुणस्तर सुधार, वजार प्रवर्द्धन एवं प्रविधियुक्त बनाउन विशेष खालको नीति अघि सार्नुपर्नेमा जोड दिंदै महासंघद्वारा आयोजित "घरेलु तथा साना उद्योगः समस्या र सम्भाव्यता" विषयका अन्तरक्रिया गत मंसीर ७ गते महासंघमा सम्पन्न भयो ।

नेपाल सरकार घरेलु तथा साना उद्योग विभाग अन्तरगत देशका विभिन्न जिल्लास्थित कार्यालय प्रमुखहरुको सहभागितामा आयोजित सो कार्यक्रममा साना उद्यमीहरुले अहिले पनि विभिन्न प्रकारका समस्याहरु भोग्नु परेकाले कर्जा सुविधा, नयां प्रविधिको प्रयोगमा प्रोत्साहन, कच्चा पदार्थको सुविधा, उत्पादित बस्तुहरुको बजार व्यवस्था, उत्पादन विस्तार एवं गुणस्तर सुधारका लागि विशेष तालीम आदिको सुविधा दिनु पर्ने र उद्योगहरुको विकास एवं विस्तार अपेक्षित रुपमा हुन नसकेको, उत्पादन, गुणस्तर, प्रविधि तथा प्रतिस्पर्धाका हिसावले समेत घरेलु तथा साना उद्योगहरु अझै पनि पछाडी रहेकाले मुलुकको माग र आवश्यकतालाई समेत मध्यनजर गर्दै स्थानीय स्रोत, साधन र जनशक्तिबाट संचालन गर्न सकिने उद्योगहरुको पहिचान गरी प्रतिस्पर्धी रुपमा अघि बढ्नु पर्ने र यसका लागि सरकार–निजी क्षेत्रको साझेदारीमा जोड दिइएको थियो ।

## ६(३८) उत्पादकत्व तथा गुणस्तर प्रबर्द्धन सम्बन्धी अन्तरक्रिया :

नेपाल उद्योग वाणिज्य महासंघ–उत्पादकत्व तथा गुणस्तर समिति र गुणस्तर उत्पादकत्व तथा प्रतिस्पर्धा संजाल नेपाल (NQPCN) को संयुक्त आयोजनामा महासंघमा गत असार १ गते आयोजित गुणस्तर बृद्धि गर्ने इच्छा–आकांक्षा, दुःख तथा आनन्द (Quality Crusade : Pains and Pleasures) बिषय मा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

भारतको टिक्यूएम इन्टरनेशनल प्रा.लि. का अध्यक्ष श्री जनक मेहता ले उक्त कार्यक्रममा गुणस्तर व्यवस्थापन सम्बन्धमा प्रवचन दिनु भएको थियो ।

६(३९) **वार्ताद्वारा समस्या समाधान गर्न महासंघद्वारा आग्रह :**

कामना प्रकाशन समूहबाट नियमित रुपमा प्रकाशित हुंदै आएका नेपाल समाचार पत्र राष्ट्रिय दैनिक लगायत महानगर तथा सन्ध्याकालिन दैनिक वितरकहरुको कारण गत असार ५ गतेदेखि प्रकाशन कार्य केही दिन बन्द गरिएकोमा महासंघको गम्भिर ध्यानाकर्षण भएको थियो ।

लामो समयदेखि नियमित रुपमा प्रकाशित हुंदै आएको र पाठकहरु माझ आफ्नो स्थान कायम गर्न सफल भैसकेका पत्रपत्रिका यसरी अनायासमा बन्द गर्नु पर्दा लाखौं पाठकहरुको सुसूचित हुने अधिकार माथिनै प्रश्न चिन्ह लागेको मात्र नभई व्यवसायिहरुको लगानी जोखिममा पर्न जाने र हजारौं कामदार कर्मचारीको रोजगारी नै ठप्प हुने भएकोले कुनै पनि समस्याको समाधान वार्ताद्वारा गर्न सकिने हुंदा वार्ताद्वारा समस्या समाधान गर्न र पत्रपत्रिका नियमित प्रकाशित गर्न तथा प्रकाशन तथा वितरण कार्यमा कहिं कतैबाट अवरोध नपुऱ्याउन महासंघले सम्बन्धित सबै पक्षसंग आग्रह गरेको थियो ।

६(४०) **महासंघ समेतका विरुद्धको रिट निवेदन खारेज :**

महासंघ र महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल समेतलाई विपक्षि बनाई उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट मञ्चका महासचिव अधिवक्ता श्री ज्योति बानिया र कार्यसमितिको तर्फबाट श्री रामचन्द्र सिंखडाले दायर गर्नु भएको निषेधाज्ञा र अदालतको अपहेलना सम्बन्धी निवेदनलाई निवेदन मागदावी पुग्न नसक्ने भनि पुनरावेदन अदालत पाटनले खारेज गरेको छ ।

सो अदालतका माननीय न्यायाधीश द्वय श्री केशरी राज पण्डित र श्री हरि बहादुर बस्नेतको संयुक्त इजलासले गत असार १३ गते उक्त निर्णय गरेको थियो ।

निवेदकहरुले उक्त निवेदन गत २०६३ असोज २९ गते दायर गरेको निषेधाज्ञा मुद्दामा सम्मानित उक्त अदालतबाट जारी भएको अन्तरिम आदेश विपरित हुने गरी महासंघले पूर्व घोषित बन्द कार्यक्रम सम्पन्न गरेको भन्ने विषयलाई लिएर दायर गरेका थिए ।

६(४१) **स्वदेशी वस्तुको उपभोगमा जागरण ल्याउन पोष्टरिङ्ग कार्यक्रम :**

महासंघद्वारा प्रवर्द्धित नेपाल युवा उद्यमी मञ्च (NYEF) ले विगत दुई /तीन वर्ष देखि युवा उद्यमशीलताको प्रवर्द्धनका अतिरिक्त राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले विशेष गरि युवा वर्गलाई देशभित्रै विभिन्न अवसरको श्रृजना गर्ने परियोजना तथा कार्यक्रमहरु संचालन गर्दै आएको पृष्टभूमिमा "मेड इन नेपाल" (Made in Nepal) अभियान अन्तर्गत २०६३ साल भाद्र २० देखि २६ गतेसम्म "हाम्रै प्रदर्शनी" (Made in Nepal) आयोजना गरेको थियो ।

अभियानको दोश्रो चरणको कार्यक्रम अन्तर्गत उपभोक्तामाझ मञ्चको अपिलको व्यापक प्रचार प्रसार गर्ने उद्देश्यले गत जेष्ठ ५ गते काठमाडौंमा पोष्टरिङ्ग "Postering" कार्यक्रमको शुभारम्भ गरेको थियो । यस कार्यक्रमलाई अधिराज्यका विभिन्न शहरमा विस्तार गर्ने क्रममा असार १५ गते पोखरामा युवा उद्यमी समाज नेपाल युवा उद्यमी मञ्च पोखरा (YES-NYEF Pokhara Chapter) को आयोजनामा "Postering" कार्यक्रमको शुभारम्भ गरिएको थियो ।

६(४२) **महासंघका भूतपूर्व उपाध्यक्ष गोल्छाको निधनमा शोक :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकालको अध्यक्षतामा असार १७ गते महासंघमा आयोजित शोक सभाले महासंघ स्थापनाकालको एडहक कमिटीका सदस्य एवं भूतपूर्व उपाध्यक्ष तथा नेपालका प्रतिष्ठित एवं वरिष्ठ उद्योगपति एवं समाजसेवी श्री हुलासचन्द गोल्छाको ७३ वर्षको उमेरमा गत असार १५ गते असामयिक निधन भएकोमा महासंघ परिवार लगायत नेपालको तमाम निजी क्षेत्रलाई मर्माहत एवं स्तब्ध तुल्याएको उल्लेख गर्दै यस दुःखद् घडिमा गहिरो दुःख व्यक्त गर्नुका साथै शोक प्रस्ताव पारित गरेको थियो ।

सो सभाले स्वर्गिय गोल्छाका शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै स्वर्गिय आत्माको चीर शान्तिको कामना सहित स्वर्गिय गोल्छा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुका साथै एक मिनेट मौन धारण समेत गरेको थियो ।

उक्त सभाले स्वर्गिय गोल्छाले महासंघलाई पुऱ्याउनु भएको योगदानको निरन्तर कदर र सम्मान सहित सम्झिरहने उल्लेख गरेको छ ।

६(४३) **वर्दिया उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलद्वारा भेटघाट :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल एवं अन्य पदाधिकारीहरु र गुलरिया उद्योग वाणिज्य संघका अध्यक्ष श्री राजेन्द्र प्रसाद कंडेलको नेतृत्वमा आएको सो संघका पदाधिकारी, सदस्यहरु तथा वर्दिया जिल्लाका आठै राजनीतिक दल, स्थानीय निकाय एवं नागरिक समाजका प्रतिनिधिहरु सम्मिलित २२ सदस्यीय प्रतिनिधिमण्डल बीच गत असार १९ गते महासंघमा आयोजित भेटघाट एवं छलफल कार्यक्रममा उक्त प्रतिनिधिमण्डलले भन्सार नाका समस्याका साथै वर्दिया जिल्लाको भुरिगाउंबाट तेलपानी जोड्ने सडक सर्वे भई सकेकोले निर्माण एवं गेरुवा नदीमा स्थायी पुल शिघ्र निर्माण हुनु पर्नेमा जोड दिइएको थियो ।

सो अवसरमा भएको छलफलमा द्वन्दको बेला क्षतिग्रस्त हुन पुगेको राजापुर स्थित सबै भन्दा ठूलो र आधुनिक चामल कारखाना शीघ्र पुननिर्माण गरी सञ्चालन गर्न सरकारले सहयोग गर्नु पर्ने, बर्दिया राष्ट्रिय निकुञ्ज स्थित होटल लगायतको पर्यटन उद्योगहरु पुनः संचालनको वातावरण बनाउनु पर्ने, पर्यटन, कागज, चिनी, जडिबूटी एवं कृषिजन्य उद्योग, जलविद्युत तथा जलयात्राको प्रशस्त सम्भावना रहेको त्यस क्षेत्रमा अनुकूल औद्योगिक वातावरण लगायत शान्ति सुरक्षाको प्रत्याभूति सहित लगानीको लागि पहल गर्नु पर्नेमा पनि प्रतिनिधिमण्डलका सदस्यहरुले जोड दिइएको थियो ।

६(४४) **नेपाल-क्रोएशिया बीच आर्थिक सम्बन्ध विस्तारमा जोड :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल एवं अन्य पदाधिकारीहरु र नेपालका लागि गणतन्त्र क्रोएशियाका राजदुत श्री डिनो डिवेलजुह बीच गत असार २० गते महासंघमा भएको भेटमा दुई देश बीचको आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार तथा आपसी हितका विषयमा बिचार विमर्श भएको थियो ।

सो अवसरमा राजदुत श्री डिवेलजुहको स्वागत गर्नुहुंदै अध्यक्ष श्री चण्डिराज ढकालले मुलुकको आर्थिक तथा सामाजिक विकासमा निजी क्षेत्रको संघिय संस्था महासंघले प्रभावकारी भूमिका खेल्दै आएको र आर्थिक सामाजिक रुपमा नेपाल अहिले निकै पछाडी रहेकाले आर्थिक विकासमा क्रोएशियाको अनुभव निकै महत्वपूर्ण हुने बताउनु भएको थियो । साथै नेपालमा लगानीका संभावना प्रचुरमात्रामा रहेकाले क्रोएशियाली लगानी भित्र्याउने कार्यमा कुटनीतिक तहबाट सक्दो सहयोगको अपेक्षा पनि गर्नु भएको थियो ।

उक्त बिचार विमर्श कार्यक्रममा महासंघका तर्फबाट नेपालमा क्रोएशियाली राजदुतावास नभएकोले आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार, सूचना आदान प्रदानका लागि नेपालमा सम्पर्क सचिवालयको व्यवस्था हुन सकेमा आपसी हितका विषयमा थुप्रै कार्यहरु गर्न सकिने सुझाव दिइएको थियो ।

६(४५) **सरकारको नीति तथा कार्यक्रम प्रति महासंघको अवधारणा :**

सम्माननीय प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाबाट प्रस्तुत नेपाल सरकारको आर्थिक वर्ष २०६४/६५ को नीति तथा कार्यक्रम माथि महासंघबाट निम्न धारणा व्यक्त भएको थियो:

"राष्ट्रिय सवालका महत्वपूर्ण बुंदाहरुलाई समायोजन गरेर आठ राजनैतिक दलबाट प्रतिवद्धता जाहेर भएको प्रस्तुत नीति तथा कार्यक्रम मुलुककै इतिहासमा एउटा सवल

उदाहरण हो । आगामी मंसीरमा संविधान सभाको चुनाव गर्ने प्रतिवद्धताका साथ प्रस्तुत यस नीति तथा कार्यक्रमले सम्पूर्ण नेपालीलाई “**आउंदा दिनहरु साच्चै नै सुनौला हुने छन्**” भन्ने आभास मिलेको छ । नेपाल सरकार मुलुकमा राजनीतिक स्थायित्वका साथ साथै आर्थिक क्षेत्रलाई अघि बढाउन अग्रसर भएको छ भन्ने हामीले महसूस गरेका छौं । नीतिमा देशको आर्थिक र सामाजिक रुपान्तरण गर्न साझा राष्ट्रिय अवधारणापत्र तयार गरी कार्यान्वयन गर्ने लगायत निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्नुका साथै नेपाललाई लगानी मैत्री स्थलको रुपमा विकास गर्दै लैजाने प्रतिबद्धता जाहेर भएकोमा महासंघ सराहना व्यक्त गर्दछ । साथै उद्योग व्यवसाय क्षेत्रलाई परिलक्षित गरी विदेशी लगानी नीति, औद्योगिक नीति तथा वाणिज्य नीतिमा सम–सामयिक सुधार, पर्यटन प्रवर्द्धन, निकासी व्यापारलाई आर्थिक वृद्धिको आधार स्तब्धको रुपमा विकास गर्न नीतिगत व्यवस्था गर्ने, विशेष आर्थिक क्षेत्र, लघु उद्यम नीति र औद्योगिक सुरक्षाबल गठन, कृषि क्षेत्रको व्यवसायिकरण, गैर आवासीय नेपालीको राष्ट्र निर्माणमा उपयोग, सार्वजनिक–निजी साझेदारीको अवधारणा, राजमार्गमा अवरोध हुन नदिन कानूनी व्यवस्था, व्यवसायिक तालीम जस्ता निजी क्षेत्रका मागहरुलाई सम्बोधन गरिएकोमा नेपाल सरकार प्रति आभार व्यक्त गर्न चाहान्छौ ।

यद्यपि विश्वव्यापिकरण एवं क्षेत्रीय स्वतन्त्र व्यापार व्यवस्थाको परिप्रेक्ष्यमा नेपाली उत्पादन र सेवाको प्रतिस्पर्धि क्षमता वृद्धि गर्दै लानु पर्ने अति आवश्यक भएकोमा उत्पादनको प्रमुख साधन श्रमसंग सम्बन्धित नीतिका साथै रुग्ण उद्योगको पुनरुत्थान बारे उक्त नीति तथा कार्यक्रममा स्पष्ट धारणा नआएकोमा महासंघ अचम्भित भएको छ । त्यसैले आगामी दिनमा प्रस्तुत हुने बजेट तथा कार्यक्रममा यस सम्बन्धमा नेपाल सरकारको ध्यान जाओस् भन्ने हाम्रो जोडदार आग्रह छ । समग्र रुपमा नीति तथा कार्यक्रम राम्रो भएतापनि यसको कार्यान्वयन पक्ष सवल हुनुको साथै कार्यान्वयनमा प्रतिवद्धता हुनु पर्ने कुरामा जोड दिदैं महासंघ यसका लागि सक्दो सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।”

**६(४६) लेखनाथ उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलद्वारा भेटघाट :**

महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल एवं अन्य पदाधिकारीहरु र लेखनाथ उद्योग वाणिज्य संघका तत्कालिन अध्यक्ष श्री चतुराखर अधिकारीको नेतृत्वमा आएको लेखनाथका व्यवसायीहरु सम्मिलित प्रतिनिधिमण्डल बीच गत असार २५ गते महासंघमा भएको भेटघाट एवं छलफल कार्यक्रममा स्थानीय आर्थिक तथा सामाजिक विकासमा उद्योग वाणिज्य संघ र स्थानीय निकायहरु बीच सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप संचालित कार्यक्रमहरु निकै प्रभावकारी भएको र लेखनाथ उद्योग वाणिज्य संघ लगायत महासंघका केही सदस्य उद्योग वाणिज्य संघहरु यस कार्यमा निकै सफल भएको धारणा व्यक्त गरियो ।

विभिन्न जिल्लाका उद्योग वाणिज्य संघहरुको अध्ययन भ्रमणका क्रममा महासंघमा आएको उक्त प्रतिनिधिमण्डललाई स्वागत गर्नुहुदै अध्यक्ष श्री ढकालले स्थानीय क्षेत्रको विकासमा स्थानीय निकायसंग संघले गरेको सहकार्य, संघको आयस्रोत वृद्धिका लागि प्रत्येक वर्ष आयोजना हुने व्यापार मेला, शैक्षिक विकासमा संघले संचालन गरेका गतिविधिहरु निकै प्रभावकारी भएको र यस्ता गतिविधिहरु अन्य संघहरुका लागि पनि उदाहरणीय भएको बताउनु भएको थियो ।

**६(४७) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारको समस्या समाधानका लागि जोडदार आग्रह :**

नेपाल सरकारबाट संसदमा पेश भएको आर्थिक विधेयक २०६४ को अनुसूची १ को दफा ७ को उपदफा २३ अनुसार हवाई मार्गबाट व्यापारिक रुपमा पैठारी गरिने माल बस्तुहरुको भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले मूल्य, भाडा तथा बीमा रकम छुट्टा छुट्टै घोषणा गर्नु पर्ने व्यवस्थाको कारण देशको एउटा प्रमुख भन्सार नाकाको रुपमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट गत असार २९ गते देखिनै

मालसामान छुटाउन कठिनाई भई रहेको तर्फ महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी मालसामान नछुटेको कारण राजस्वमा प्रत्यक्ष असर पर्नुको साथै व्यापार व्यवसायमा पनि नराम्रो असर पर्न सक्ने भएकोले व्यवहारिक पक्षलाई मध्यनजर राखी यथाशीघ्र सो समस्या समाधान गर्न महासंघले नेपाल सरकार समक्ष जोडदार आग्रह गरेको थियो ।

**६(४८) नेकपा (माओवादी)का अध्यक्ष प्रचण्ड तथा वरिष्ठ नेता डा. भट्टराई र निजी क्षेत्रका औद्योगिक व्यवसायिक संघ/संस्था बीच अन्तरक्रिया कार्यक्रम :**

नेपाल कम्यूनिष्ट पार्टि (माओवादी) का अध्यक्ष श्री प्रचण्ड तथा वरिष्ठ नेता डा. बाबुराम भट्टराई र निजी क्षेत्रका औद्योगिक व्यवसायिक संघ/संस्था बीच गत श्रावण २ गते काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमको प्रारम्भमा महासंघका अध्यक्ष श्री चण्डिराज ढकालले अध्यक्ष श्री प्रचण्ड एवं नेता डा. भट्टराई लगायत उपस्थित सबैको स्वागत गर्नु हुंदै विगतमा सरकार/सात दल र नेकपा (माओवादी) बीच भएको सहमतिलाई कार्यान्वयन गर्दै देशको सामाजिक आर्थिक रुपान्तरणलाई प्रभावकारी बनाउन निरन्तर सम्वाद र अन्तरक्रिया उपयोगी हुने धारणा व्यक्त गर्नुका साथै आर्थिक क्षेत्रका एजेण्डालाई प्राथमिकता नदिई नयां नेपाल निर्माण सम्भव नहुने हुंदा नयां नेपाल निर्माणको क्रमलाई अघि बढाउनु पर्ने र यसका लागि सरकार एवं निजी क्षेत्रको संयुक्त पहल हुनु पर्नेमा जोड दिनु भयो ।

महासंघको पहलमा नेपाल चेम्बर अफ कमर्स तथा नेपाल उद्योग परिसंघ समेतको सकृयतामा आयोजित उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल चिनी उद्योग संघ, नेपाल तयारी पोशाक उद्योग संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल यूरोपीयन यूनियन उद्योग वाणिज्य संघ, नेपाल बैंकर्स संघ, नेपाल पेट्रोलियम डिलर्स एशोसिएशन, नेपाल फ्रेट फरवार्डर्स एशोसिएशन, होटल एशोसिएशन अफ नेपाल, नेपाल मारवाडी परिषद्, प्याब्सन लगायतका अध्यक्ष एवं पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

मुलुकको विद्यमान शान्ति सुरक्षाको स्थिति, उद्योग व्यवसाय संचालनको वातावरण एवं वस्तुस्थिति र उद्योगी व्यवसायीहरु माथि हुने विभिन्न कृयाकलाप समेतको समीक्षा र समस्या समाधानको लागि सुझाव दिने उद्देश्यले आयोजित उक्त अन्तरक्रियामा महासंघका पदाधिकारी एवं उपस्थित विभिन्न ओद्योगिक व्यवसायिक संघ/संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरुले आ–आफ्नो सुझाव व्यक्त गर्नु भएको थियो ।

**६(४९) कार्गो दिवसलाई निर्यात सहजीकरणको अवसरका रुपमा उपयोग गर्नु पर्ने महासंघको धारणा :**

गत २९ जुलाई कार्गो दिवसको रुपमा मनाउने सन्दर्भमा महासंघबाट निम्न धारणा सार्वजनिक गरिएको थियो:

“अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रका कार्गो व्यवसायको अत्यन्त महत्वपूर्ण स्थान रही आएको र देशको निर्यात व्यापारलाई सहजिकरण गर्ने एक प्रमुख माध्यम पनि कार्गो व्यवसाय भएको परिप्रेक्ष्यमा आज २९ जुलाईको दिनलाई विश्वभर १३ औं कार्गो दिवसका रुपमा मनाउन लागेकोमा यसलाई सकारात्मक रुपमा लिदैं महासंघले यस दिवसलाई निर्यात प्रवर्द्धनको क्रममा अवसरको रुपमा उपयोग गर्नु पर्ने आवश्यकता ठानेको छ ।

अन्तर्राष्ट्रिय व्यापारको क्रममा १००० किलोमिटर भन्दा बढी सतहमार्ग पार गरेपछि मात्र नेपालले बन्दरगाहको पहूच प्राप्त गर्न सक्ने र नेपालले मुख्य रुपमा प्रयोग गर्दै आएको भारतको हल्दिया–कलकत्ता बन्दरगाहको अत्याधिक खर्च तथा नेपाल–भारत सीमा भन्सारमा जांचपासमा हुने ढिलाईका कारण समेत सो बन्दरगाहमा सामान पुग्न ढिला हुंदा समयमा सिपमेन्ट हुन नसक्ने, भारत र चीनको बढ्दो निर्यातका कारण सिंगापुर एवं कोलम्बो बन्दरगाह अत्यन्त व्यस्त भई नेपाली उत्पादनले सिपमेन्टमा कम प्राथमिकता पाउने र

कन्टेनरको समस्या हुने, नेपाली वस्तुको सिपमेन्टमा ढिलाई हुंदा नेपाली व्यवसायीले कलकत्ता–हल्दिया बन्दरगाहमा ठूलो मात्रामा ट्रक डिटेन्सन चार्ज तिर्नु पर्ने जस्ता समस्याले नेपाली सामान यूरोप पुग्न पहिलेको ३० दिनको तुलनामा ४५ दिन लाग्ने आदी कारण एकातिर नेपाली निर्यात वस्तुले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न कठिनाई पर्न गई अन्तर्राष्ट्रिय बजार नै गुमाउनु परेको छ भने अर्को तर्फ आयातित वस्तुहरुको मूल्य समेत बढी पर्न गईरहेको छ । यी विभिन्न कारणबाट तोकिएको समयमा सामान पठाउन नसक्दा निर्यात अर्डर नै रद्ध हुने गरेका कैयौं उदाहरण छन् । त्यसमाथि पनि विगत लामो समयदेखि भई आएको तराई आन्दोलन लगायत विभिन्न क्षेत्र र समूहबाट बारम्बार हुने गरेको बन्द, हड्ताल, चक्काजाम जस्ता कारणले सतह मार्गबाट हुने निर्यात व्यापार पूर्णतया धरासायी बनेको छ । यसबाट विशेषगरी देशको निर्यात व्यापार लगायत कार्गो व्यवसाय बढी प्रभावित भएको छ । यसरी निर्यात प्रभावित हुंदा देशको उद्योग व्यापार मात्र नभई रोजगारी, राजश्व लगायत वैदेशिक मुद्रा आर्जनमा समेत प्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पर्न गएको छ ।

अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा माल वस्तुको आयात निर्यात सरल, सहज एवं कम लागतमा गर्न कार्गो व्यवसायलाई प्रभावकारी बनाउनु अत्यन्त जरुरी छ । यसका लागि अन्तर्राष्ट्रिय विमान स्थललाई अन्तर्राष्ट्रिय व्यापारको आवश्यकतानुरुप भौतिक पूर्वाधारयुक्त बनाउनुका साथै कलकत्ता र मुम्बईको एयर ट्रान्जिटको व्यवस्था गर्नु, कार्गो व्यवसायलाई सेवा व्यवसायको मान्यता प्रदान गरी प्रोत्साहित गर्नु र नेपाल तथा भारत वीच द्विपक्षीय कार्गो सम्झौता गर्नु, वीरगञ्ज सुख्खा बन्दरगाहको प्रभावकारी उपयोग गर्ने व्यवस्था गर्नु, कार्गो व्यवसायलाई नीतिगत एवं प्रकृयागत सरलीकरण गर्ने जस्ता कार्गो व्यवसायिका आवश्यकता एवं मागहरुलाई समयमै सम्बोधन गर्नु पर्नेमा जोड दिंदै यस महासंघले नेपाल सरकार लगायत सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो ।

**६(५०) कञ्चनपुर उद्योग वाणिज्य संघको लागि संघ व्यवस्थापन तथा कार्ययोजना तर्जुमा गोष्ठी तथा सो संघको प्रतिनिधिमण्डलद्वारा भेट :**

कंचनपुर उद्योग वाणिज्य संघका लागि महासंघमा गत श्रावण १५ गते संघ व्यवस्थापन तथा कार्ययोजना तर्जुमा गोष्ठी आयोजना गरियो ।

विभिन्न ११ भन्दा बढी उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकन भ्रमण सकि संघका अध्यक्ष श्री हेमराज पाण्डेको नेतृत्वमा आएको २५ सदस्यीय व्यवसायिक प्रतिनिधिमण्डका लागि आयोजित सो गोष्ठीमा संस्थाको विकास तथा दीगोपन हासिल गर्न दीर्घकालिन सोंच सहितको कार्यक्रम तर्जुमा, उद्यमी व्यवसायीहरुको आवश्यकता पहिचान तथा माग वमोजिमका कार्यक्रम संचालन गरी संघलाई अघि बढाउन जोड दिईएको थियो ।

उक्त प्रतिनिधिमण्डलले महासंघका अध्यक्ष एवं पदाधिकारीहरुसंग भेटी जिल्लाको समस्या र विकासको समभाव्यता सम्बन्धमा अवगत गराएको थियो ।

**६(५१) "स्थायीत्व र उन्नतीका लागि श्रम बजारको सुधार" विषयक सम्मेलन आयोजना :**

महासंघको रोजगारदाता परिषद्द्वारा अन्तर्राष्ट्रिय श्रम संगठन(आइएलओ)को सहयोगमा गत श्रावण १७ गते ललितपुरमा "स्थायीत्व र उन्नतीका लागि श्रम बजारको सुधार" विषयक एक दीने सम्मेलन आयोजना गरियो ।

श्रम बजारलाई बढी उत्पादनमुलक र सहयोगात्मक बनाउन रोजगारदाता र कामदार बीच सुमधुर सम्बन्ध हुनुपर्ने र यसका लागि यी पक्षहरु बीच वारम्वारको सम्वाद तथा छलफल हुनुपर्नेमा सो सम्मेलनमा जोड दिइएको थियो ।

श्रम कानूनमा सुधारका साथै श्रम बजार सम्बन्धी प्रमुख समस्या तथा चुनौतीहरुका विषयमा व्यापक छलफल पश्चात समझदारीमा पुगी नेपालमा श्रम बजारको सुधारका लागि सबै पक्षहरुलाई सर्वमान्य हुने रणनीतिको पहिचान गर्ने उद्देश्यले आयोजित सो

सम्मेलनमा सरकार, रोजगारदाता र श्रमिक संगठनहरुका प्रतिनिधि गरी करिव ८० जनाको सहभागिता थियो ।

**६(५२) वालिङ उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलद्वारा भेटघाट :**

उद्योग वाणिज्य संघहरुको आर्थिक स्रोत पहिचान, प्रभावकारी सेवा विस्तार र संघहरु बीचको आपसी सम्पर्क बढाउने उद्देश्यका साथ विभिन्न जिल्लाहरुको अध्ययन अवलोकन भ्रमणलाई महासंघका सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघहरुले तिव्रताका साथ अघि बढाएका छन् ।

यसै सिलसिलामा महासंघका अध्यक्ष एवं पदाधिकारीहरुसंग वालिङ उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलले गत श्रावण ३० गते महासंघमा भ्रमण गरी संघहरुको आयस्रोत पहिचान, आपसी सम्बन्ध विस्तार, सचिवालय सुदृढीकरण, स्थानीय निकायसंग उद्योग वाणिज्य संघहरुको सहकार्यका विषयमा विस्तृत छलफल गरेको थियो ।

**६(५३) नेपाल-फ्रान्स व्यापार तथा लगानी विस्तारका लागि द्विपक्षीय प्रयासमा जोड :**

नेपालका लागि फ्रान्सका नव नियुक्त राजदूत श्री गिल्स हेनरी गरल्टले भाद्र ३ गते महासंघका अध्यक्ष श्री चण्डिराज ढकाल र अन्य पदाधिकारीहरुसंग महासंघमा समसामयिक विषयमा छलफल गर्नु भएको थियो ।

उक्त अवसरमा श्री चण्डिराज ढकालले नेपालको वर्तमान वस्तुस्थिति र शान्ति कायम गर्न यूरोपियन यूनियन लगायत फ्रान्स सरकारबाट प्राप्त सहयोगको सराहना गर्नु भएको थियो । साथै नेपाल र फ्रान्स बीचको दौत्य सम्बन्ध उत्कृष्ट भएपनि नेपालको फ्रान्ससंगको निर्यात व्यापार बढ्न नसकेको तर्फ राजदुतको ध्यानाकर्षण गराउदै व्यापार प्रवर्द्धन एवं आर्थिक सहयोगको मार्ग विस्तार गर्न दुवै तर्फबाट उचित प्रयास गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

उक्त अवसरमा राजदूत श्री गरल्टले नेपालको आर्थिक एवं उद्योग व्यवसाय विकासमा सघाउन फ्रान्स सधै तयार रहेको विश्वास दिलाउनु हुदै दीगो शान्ति नै अहिलेको आवश्यकता भएबाट यस विषयमा सबै पक्ष दृढताका साथ लाग्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो । साथै नेपाल र फ्रान्स बीच पर्यटन विकासको प्रशस्त सम्भावना भएको र फ्रान्सेली उद्योगी व्यवसायीहरु फोहर व्यवस्थापन तथा विद्युत उत्पादन जस्ता क्षेत्रमा समेत लगानी गर्न ईच्छुक रहेकोले सोही किसिमको वातावरण बनाउनु पर्ने कुरामा राजदुतले जोड दिनु भएको थियो ।

**६(५४) विद्युत संकट र यसको प्रभाव विषयक अन्तरक्रिया :**

महासंघद्वारा गत भाद्र ६ गते आयोजित विद्युत संकट र यसको प्रभाव विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रुपमा माननीय अर्थ मन्त्री डा. रामशरण महतले राजनीतिक स्थिरता नभएको कारणले जलविद्युतमा विदेशी लगानी भित्रिन नसकेको र विद्यतु विक्री गरेर मलुक समृद्धशाली नभएको खण्डमा राष्ट्रियता समेत खतरामा पर्ने वताउनु भएको थियो । साथै पहिचान भएका आयोजनाहरु कार्यान्वयन गर्न सरकार तयार रहेको बताउनु भएको थियो ।

सो अन्तरक्रियामा विशेष अतिथिका रुपमा तत्कालिन माननीय जलस्रोत राज्यमन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले जलविद्युतको लाइसेन्स ओगटेर वस्नेलाई सरकारले कडा नीतिगत योजना तर्जुमा गर्ने बताउनु भएको थियो । यसैक्रममा नेपाल विद्युत प्राधिकरणले सुधारात्मक कदम चालिसकेको र आगामी १० वर्ष भित्रमा ५ हजार मेगावाट विद्युत उत्पादन गर्न सरकार तयार रहेको बताउनु भयो ।

६(५५) **नेपाल–चीन गैर सरकारी सहयोग मञ्च** :

**नेपाल-चीन गैर सरकारी सहयोग मञ्चको नवौं बैठक** :

महासंघ तथा All China Federation of Industry and Commerce (ACFIC) द्वारा नेपाल र चीनमा प्रत्येक वर्ष पालैपालो आयोजना गर्दै आएको नेपाल-चीन गैर सरकारी सहयोग मञ्चको नवौं बैठक गत जेष्ठ २९ र ३०, २०६४ (June 12-13) मा काठमाडौंमा आयोजना भयो । उक्त बैठकमा महासंघको नेतृत्व अध्यक्ष श्री चण्डिराज ढकालले तथा चिनियां पक्ष ACFIC बाट आएका २४ सदस्यीय प्रतिनिधिमण्डल को नेतृत्व ACFIC का Vice Chairman श्री चांग लोंग्चीले गर्नु भएको थियो । सो बैठकको उद्घाटन माननीय अर्थमन्त्री श्री रामशरण महतज्यूबाट भएको थियो ।

नवौं बैठकको सिलसिलामा आयोजित Seminar/ Business सत्रमा नेपाली तथा चिनियां पक्षहरुबाट गरी जम्मा आठवटा कार्यपत्रहरु प्रस्तुत भएको थियो । बैठकको दोश्रो दिन, नेपाली तथा चिनियां व्यवसायीहरु बीच आपसी सहयोग तथा लगानीका अवसरको सम्भावनाहरु पहिचान गर्न Tourism, Agriculture, Construction/ Real Estate र Pharmaceuticals/ Herbal अन्तर्गत चार समूहमा विभाजित गरी One to One Meeting आयोजना गरिएको थियो ।

नवौ बैठकमा महासंघ तथा ACFIC बीच एक Memorandum of Understanding (MOU) मा समेत हस्ताक्षर भएको थियो । महासंघको तर्फबाट अध्यक्ष श्री चण्डिराज ढकालले तथा ACFIC को तर्फबाट Vice Chairman श्री चांग लोंग्चीले हस्ताक्षर गर्नु भएको सो MOU मा दसौं बैठक चीनमा आयोजना गर्ने तथा चीनको चिउचाइगोमा मिनि नेपाल पेभिलियनको प्रवर्द्धन गर्ने विषयमा समेत सहमति भएको थियो ।

चीनको सिचुआन प्रान्तको चिउचाइगोस्थित चिउचाइ ड्रिम इन्टरनेशनल शपिंग मलमा मिनि नेपाल पेभिलियन स्थापना गरी नेपाली हस्तकलाका वस्तुहरु प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाइएको छ र यस सम्बन्धमा पटक पटक सम्बन्धित संघ/संस्थाहरुको सहभागितामा बैठक बसेको थियो ।

**चीनको CCPIT Guangxi- Sub-Council Delegation संग बैठक**

महासंघ र महासंघको निमन्त्रणामा नेपाल भ्रमणमा आएका चीनको Guangxi प्रान्तको China Council for Promotion of International Trade (CCPIT) को Sub-Council का प्रतिनिधिमण्डल बीच गत भदौमा एक बैठकको आयोजना गरिएको थियो ।

उक्त बैठकमा महासंघको तर्फबाट द्वितीय उपाध्यक्ष तथा नेपाल-चीन गैरसरकारी सहयोग मञ्चका संयोजक श्री कुशकुमार जोशीले नेतृत्व गर्नुभएको थियो र उक्त नौ सदस्यीय चिनियां प्रतिनिधिमण्डलको नेतृत्व CCPIT Guangxi Sub-council का उपाध्यक्ष श्री सुन चियानछ्युले गर्नुभएको थियो । प्रतिनिधिमण्डलको स्वागत गर्नुहुंदै श्री जोशीले नेपाल र चीन बीच आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारमा दुवै देशका निजी क्षेत्रबाट भएका उदाहरणीय प्रयाशहरुको चर्चा गर्नुहुंदै नेउवामहासंघ र CCPIT बीच सन् २००२ मा द्विपक्षीय आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारका लागि संयुक्त रुपमा कार्य गर्न एक सम्झौता भएको स्मरण गराउनु भयो । उपाध्यक्ष जोशीले द्विपक्षीय व्यापारमा नेपालले व्यहोरीरहेको बढ्दो घाटा कम गर्नुपर्नेमा जोडदिनु हुंदै नेपालमा विभिन्न क्षेत्रहरुमा चिनियां लगानीको लागि आग्रह गर्दै सो कार्यमा महासघको सहयोग हुनेमा चिनियां पक्षलाई विश्वास दिलाउनु भयो ।

सो बैठकमा Guangxi प्रान्त र नेपाल बीच आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार, संयुक्त लगानीका क्षेत्रहरु तथा नेपालको  व्यापार घाटा कम गर्न सकिने संभाव्यताहरुका विषयमा विस्तृत छलफल भएको थियो ।

**जनवादी गणतन्त्र चीनका लागि नवनियुक्त नेपाली राजदुत तथा नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीहरु बीच भेटघाट कार्यक्रम** :

जनवादी गणतन्त्र चीनका लागि नवनियुक्त नेपाली राजदुत श्री टंक कार्की तथा महासंघका पदाधिकारीहरु बीच गत कात्तिकमा महासंघमा भएको भेटघाट कार्यक्रममा नेपाल र चीन बीचको आर्थिक तथा व्यापारिक सम्बन्धलाई अझ विस्तार गर्न निजी क्षेत्रको तर्फबाट भएका प्रयासमा कुटनीतिक तहबाट समेत पहल हुनु पर्ने, चिनियां एवं दक्षिण एशियाको बजारको आवश्यकता अनुरुप नेपालमा वस्तु उत्पादन गरी निर्यात प्रवर्द्धन गर्न दुवै देशका सरकारद्वारा चिनियां उद्यमी व्यवसायीहरुलाई प्रोत्साहित गर्नुपर्ने, नेपाललाई अन्तरराष्ट्रिय व्यापार तथा सेवा व्यवसाय केन्द्रको रुपमा विकास गर्न चिनियां सहयोग महत्वपूर्ण हुने, नेपाली वस्तु चीनको तिव्वततर्फ निकासिको लागि प्रोत्साहित गर्नुका साथै सडकमार्ग र भंसार नाकाको पूर्वाधार सुधार तथा अझ विकास गर्नुपर्नेमा जोड दिइएको थियो ।

७. **गोष्ठी, बैठक तथा तालिममा सहभागिता** :

यस अवधिमा आयोजित विभिन्न गोष्ठी, बैठक, तालिममा महासंघको सकृय सहभागिता रहेको छ । यस अवधिमा भएको गोष्ठी, बैठक र तालिम कार्यक्रममा भाग लिनु हुने पदाधिकारीहरु, सभापतिहरु र अन्य व्यक्तिहरुको विवरण (अनुसूची– ५) मा दिईएको छ ।

यसका साथै सदस्य संघ/संस्थाहरुलाई समय समयमा तालिम कार्यक्रमको आयोजना गर्न प्रोत्साहित गरिएको छ। विशेषतः विदेशमा आयोजना भएका तालिम, गोष्ठीमा महासंघका सदस्य संघ/संस्थाहरुका प्रतिनिधिहरु एवं कर्मचारीहरुलाई समेत समावेश गरिएको छ ।

८. **सूचना तथा प्रलेख इकाई** :

महासंघको सूचना तथा प्रलेख इकाईमा पुस्तक, निर्देशिका, प्रतिवेदन तथा पत्रिका तथा अन्य पाठ्य सामाग्रीहरु गरी १४५१ थान प्राप्त भएको छ । जस मध्ये १५५ थान पुस्तक तथा निर्देशिका उपहार स्वरुप र १५ थान पुस्तक खरीद गरिएका छन् ।

बिभिन्न देशका निर्देशिका, पुस्तक र अन्य सामाग्री सम्वन्धी ५६ थान CD-ROM प्राप्त हुन आएको छ । साथै यस ईकाईबाट CD-ROM Service पनि उपलब्ध गराउदै आएको छ ।

पाठकबर्गहरुले आफ्नो आवश्यकता अनुसार छिटोछरितो तरिकाले पाठ्य सामाग्रीहरु प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले सन्दर्भ पुस्तिका (Bibliography) प्रकाशित गरिएको छ ।

यस बर्ष करिव २११८ जना पाठक बर्गहरुले यस सूचना तथा प्रलेख इकाई प्रयोग गरेका छन् ।

९. **विभिन्न संघ/संस्थाका व्यक्ति एवं प्रतिनिधिहरुसंग भेटघाट**:

महासंघले आफ्नो सम्बन्ध विकासका साथै आफ्ना माग र भनाईलाई आधिकारिक किसिमले सम्बन्धित निकायहरुमा पेश गर्ने क्रममा सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, माननीय उपप्रधानमन्त्री, माननीय अर्थ मन्त्री, माननीय जलस्रोत मन्त्री, लगायत नेपाल सरकारका वरिष्ठ पदाधिकारीहरुसंग महासंघका अध्यक्ष, अन्य पदाधिकारीहरु एवं सम्बन्धित बिषयका सभापतिहरुले समेत समय समयमा भेट गर्नु भएको छ ।

यसैगरी विभिन्न अन्तर्राष्ट्रिय संघ/संस्थाहरुका पदाधिकारीहरु लगायत कुटनीतिक नियोगका व्यक्तिहरुसंग महासंघका अध्यक्ष एवं पदाधिकारीहरुको छलफल एवं भेटवार्ता भएको छ । यस सम्बन्धी विस्तृत विवरण (अनुसूची–६) मा छ ।

१०. **विभिन्न संघ/संस्थामा प्रतिनिधित्व** :

महासंघ एक प्रभावकारी निकायको रुपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा चिनारी भई सकेको पृष्ठभूमिमा महासंघले विभिन्न निकायहरुमा प्रभावकारी ढंगले प्रतिनिधित्व गर्दै आएको छ। यही पहिचानको कारण नै महासंघको राष्ट्रिय तहमा नेपाल सरकार एवं अन्य निकायहरुमा प्रतिनिधित्व रहेको छ । यस अवधिमा महासंघबाट प्रतिनिधित्व गरिएका संघ, संस्था, निकाय र प्रतिनिधित्व गर्ने

पदाधिकारी, सभापतिहरु, कार्यकारिणी समितिका सदस्यहरु र अधिकृत कर्मचारीहरुको विवरण (अनुसूची–७) मा दिइएको छ ।

११. **प्रेस विज्ञप्ति :**

महासंघको गतिविधि तथा नीतिगत अवधारणा एवं समसामयिक प्रतिकृयाको प्रभावकारी माध्यम "महासंघको प्रेस विज्ञप्ति" पनि भएको छ ।

१२. **कार्यकारिणी समिति र स्थायी समितिको बैठक :**

यस अवधिमा महासंघको ४ पटक कार्यकारिणी समितिको बैठक र ४ पटक स्थायी समितिको बैठक बस्यो ।

यसैगरी पदाधिकारी समिति, जिल्ला/नगर परिषद्, बस्तुगत परिषद्, रोजगारदाता परिषद र अन्य समिति एवं समूहहरुको बैठक पनि समय समयमा बसी समसामयिक बिषयमा आवश्यक छलफल र निर्णय भएको छ ।

१३. **महासंघको आय–व्यय हिसाव वासलात** :

लेखापरीक्षकको प्रतिवेदन सहितको महासंघको आ.व. २०६३।६४ को वासलात र २०६४ साल असार मसान्तसम्मको आय–व्यय हिसाव प्रथम उपाध्यक्षले अघिल्लो कार्यकारिणी समितिमा पेश गर्नु भई स्विकृत भएको छ । उक्त वर्षको आय–व्यय हिसाव र वासलात यसै प्रतिवेदनमा संलग्न गरिएको छ ।

१४. **कृतज्ञता ज्ञापन** :

महासंघको वर्तमान कार्यकारिणी समिति यस अवधिमा पनि देशको आर्थिक क्षेत्रको साथ साथै निजी क्षेत्रको उत्थानमा सक्रिय रह्यो । महासंघको आफ्नो मर्यादा, उद्देश्य र आकांक्षालाई उच्च बनाउन र आफ्नो अस्तित्व बोध गराउन यस कार्यकारिणी समिति प्रभावकारी ढंगबाट अघि बढ्यो । महासंघको गत वर्ष सम्पन्न ४१ औं वार्षिक साधारण सभा एवं सदस्य संघ/संस्थाहरुबाट प्राप्त सुझाव र सल्लाहलाई मार्ग दर्शनको रुपमा ग्रहण गरी सोही आधारमा महासंघलाई अघि बढाउने काम यस कार्यकारिणी समितिबाट भएको छ ।

यस अवधिमा कार्यकारिणी समितिलाई सहयोग पुर्‍याउने अग्रजहरु, सम्पूर्ण सदस्य संघ/संस्थाहरु, नेपाल सरकार, सम्पूर्ण दातृ संस्थाहरु एवं अन्य संघ/संस्थाहरु प्रति कार्यकारिणी समिति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । साथै महासंघको सचिवालयलाई क्रियाशील रही गरेको कार्यका लागि धन्यवाद ज्ञापन गर्दछ ।

*(अनुसूची–१)*

# नेउवामहासंघको ४१ औं बार्षिक साधारण सभाबाट पारित प्रस्तावको प्रगति विवरण

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| १. **राजश्व** :<br>राजश्व सम्बन्धी नीति, ऐन, नियमहरुको निर्माण, व्याख्या तथा राजश्व सम्बन्धी विभिन्न निकायहरुलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार सम्पन्न राजश्व बोर्ड निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने गरी गठन हुनु पर्दछ । | गठन गर्ने मनस्थितिमा सरकार गएको । |
| स्थानीयस्तरका राजश्व सम्बन्धी समस्याहरु निराकरण गर्न भंसार, आन्तरिक राजश्व तथा मालपोत एवं स्थानीय कर संकलन गर्ने निकायहरुको समेत प्रतिनिधित्व हुने गरी सबै जिल्लामा राजश्व समन्वय समिति गठन गरी प्रभावकारी बनाउनु पर्दछ । | १७ जिल्लामा मात्र गठन भएको थप जिल्लामा हुन नसकेको । |
| कर अधिकृतको निर्णयमा चित्त नबुझाइ महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनमा जांदा धरौटी राख्नु पर्ने व्यवस्था तत्काल हटाउनु पर्दछ । | नभएको । |
| राजश्व कार्यालयहरुबाट परिक्षण भईसकेको राजस्व सम्बन्धी फाईलमा कुनै निकायले कैफियत गरेको अवस्थामा त्यसको जवाफदेही सम्बन्धित कार्यालय नै हुने गरी करदातालाई ऐनले तोकिएको अवधिपछि जिम्मेवारीबाट मुक्त गरिनु पर्दछ । | नभएको । |
| मूल्य अभिवृद्धि कर, आयकर र अन्तशुल्क विवरण बुझाउंदा करदाताले तिरेको बढी भएको रकम एक शिर्षकबाट अर्को शिर्षकमा डेविट, क्रेडिट गर्न पाउने व्यवस्था हुनु पर्दछ । | सिद्धान्त मानेको तर कार्यान्वयन भै नसकेको । |
| घरेलु उद्योगको स्पष्ट परिभाषा गरी सबै किसिमको घरेलु उद्योगलाई कम्तिमा ५ बर्षको लागि आयकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था हुनु पर्दछ। | नभएको । |
| खानी, जलविद्युत, वनजन्य उद्योगहरुलाई खानी, जि.वि.स. र वन कार्यालयहरु समेतले गरी एकै बस्तुमा दोहोरो-तेहोरो रोयल्टी कर लगाउने गरिएको छ । स्थानिय स्वायत्त शासन ऐन नियम अनुसार खानी रोयल्टी जलविद्युतको १०-५० प्रतिशत स्वतः जि.वि.स. ले पाउने व्यबस्था भएकोमा यस्तो जि.वि.स. ले केन्द्रिय करहरुबाट हिस्सा प्राप्त गर्ने गरेकोले दोहोरो-तेहोरो कर लाग्ने व्यबस्था हटाई केन्द्रिय स्तरमा उठाएको कर तिरिसकेको सामानमा जि.वि.स. कर नलाग्नुपर्ने व्यबस्था हुनुपर्ने । | नभएको । |
| २. **आयकर** :<br>राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुलाई वि.सं. २०८० सम्म आयकर पूर्ण रुपमा छुट हुनु पर्दछ । | नभएको । |
| घर बहाल करको दर ५ प्रतिशत हुनु पर्दछ । नगरपालिकाले घरबहाल कर उठाउन नपाउने व्यवस्था हुनु पर्दछ । | नभएको । |
| कर छुट सीमा व्यक्तिलाई १,१५,००० र परिवार तथा दम्पत्तिलाई १,४०,००० छुट सीमा कायम गरिनु पर्दछ । | माग अनुसार छुट सिमा कायम भएको । |
| करको पूर्ण लेखा परिक्षण गर्न हालको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाईनु पर्दछ र सो प्रकृया निर्धारण गर्दा निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने व्यबस्था हुनुपर्दछ । | हाल सम्म केही नभएको । |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| जुन आ.व.मा फाईल छनौटमा परेको हो त्यही आर्थिक बर्षमा मात्र छानविन हुनुपर्दछ । कुनै ठूलो कैफियत देखिएमा महानिर्देशक बाट स्विकृत लिएर पूर्वादेश लिएर मात्र छानविन गर्न पाउने व्यबस्था हुनुपर्दछ । | हाल सम्म कार्यान्वयन नभएको । |
| लेखाहरु हालको व्यबस्था अन्तर्गत आयकरमा ५ बर्ष, मू.अ.करमा ४ बर्ष कागज धुल्याउने व्यबस्था भएकोमा दुवैमा एकरुपता कायम गरी ३ बर्षपछि धुल्याउने व्यबस्था हुनुपर्दछ । | हाल सम्म कार्यान्वयन नभएको । |
| ऐनमा तोकिएको धुल्याउन सक्ने अवधिको भन्दा अगाडिको अवधिको कुनै बाँकी बक्यौताहरु माग गर्ने परिपाटी भईरहेकोमा त्यस्तो बाँकी बक्यौताहरु हिसाव-किताव राख्ने अवधि भित्र माग गरिसक्नुपर्दछ । तोकिएको अवधिभन्दा बाहिरको बाँकी बक्यौता माग गर्ने परिपाटीलाई करदाताको जिम्मेवारीबाट मुक्त हुने व्यबस्था हुनुपर्दछ । | नभएको । |
| आयकरमा लाग्ने जरिवाना र व्याजका दरहरुलाई राजश्व उठाउने माध्यमको रुपमा हुनुहुँदैन । व्याजको दर बढिमा १० प्रतिशत मात्र हुनुपर्दछ । | नभएको । |
| सहकारीका सदस्यहरुले जम्मा गरेको रकमको ब्याजमा १५ प्रतिशतको अग्रिमकर लिने गरेकोमा रु. ५,००० भन्दा बढि ब्याज भुक्तानी गर्ने व्यक्तिहरुबाट मात्रै ब्याज रकमको ५ प्रतिशत अग्रिम कर कट्टी गर्ने ब्यवस्था गरिनु पर्ने र ब्यवसायीक प्रयोजनको लागि लिइएको ब्यक्तिगत ऋणको ब्याजमा अग्रिम कर ५ प्रतिशतका दरले मात्रै कट्टी गर्ने ब्यवस्था हुनु पर्छ । | सबैलाई ब्याज कर ६ प्रतिशतबाट ५ प्रतिशत गरिएको । |
| पुराना मेसिनहरुमा मर्मत खर्च बढी हुने गरेको तर आयकरले यसलाई नमान्ने गरेको र नया मेशिन खरिदमा खर्च यो सालमा भएको तर कर प्रयोजनको लागि सम्पत्ती सामानको खुद मूल्यको ७ प्रतिशत भन्दा बढी खर्च अमान्य हुने अवस्था भएकोले यसमा ७ प्रतिशत भन्दा बढी गर्न पाउने गरी आयकर ऐनमा सुधार हुनु पर्छ । | नभएको । |
| सहकारी ऐन अर्न्तगत दर्ता भएका सम्पूर्ण सहकारीहरुलाई कर छुटको एकरुपता हुने गरी ब्यवस्था गर्नु पर्छ । | नभएको । |
| आयकर ऐन अनुसार कर प्रशाशनले न्यायोचित आधारमा जतिपटक पनि कर बिवरण संशोधन गर्न पाउने व्यवस्थाको सट्टा एक पटक भन्दा बढी संशोधन गर्न नपाउने व्यवस्था हुनु पर्छ । | नभएको । |
| रु. २० लाख देखि रु.३ करोड सम्म वार्षिक कारोवार गर्ने करदातालाई खरिद बिक्री र मौज्दातको विवरणको आधारमा सरलिकृत स्वयंकरको विवरण दिए पुग्ने व्यवस्था हुनु पर्छ। | नभएको । |
| ३. **मूल्य अभिवृद्धि कर :**<br>मूल्य अभिवृद्धि करको दरलाई पुनरावलोकन गरी कृषिजन्य उत्पादन, अन्य उत्पादन तथा विलाशिताका वस्तुमा क्रमश ४, १० र १३ प्रतिशतका दर कायम गर्ने व्यवस्था हुनु पर्दछ । | महासंघको प्रतिनिधि समेत रहेको कार्यदल गठन भै सुझाव दिने तर्फ कारवाही अगाडी बढेको । |
| कच्चा तथा सहायक कच्चा पदार्थमा मूल्य अभिवृद्धि कर लाग्ने तर अन्तिम उत्पादनमा मूल्य अभिवृद्धि कर छुट हुने वस्तु उत्पादन गर्ने उद्योगले कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थमा तिरेको | नभएको । |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| मूल्य अभिवृद्धि कर. क्रेडिट गर्न पाउने व्यवस्थाको लागि त्यस्ता उद्योगहरुलाई शून्य दरको मू.अ.क. हुनु पर्दछ । | |
| आयकर ऐनमा जस्तै मूल्य अभिवृद्धि कर. मा पनि अदालतबाट मात्र दण्ड जरिवाना कैद हुने व्यवस्था गर्नु पर्दछ । | नभएको । |
| इलेक्ट्रोनिक क्यास मेशिन र फिजिकल प्रिन्टर जस्ता आधुनिक मेशिनरी प्रयोग गरी राखिएका खाताहरु कर प्रयोजनको लागि पूर्ण रुपमा मान्यता हुनुपर्दछ । | यस तर्फ सकारात्मक रुपमा काम भैरहेको । |
| कुनै निकायले मू.अ.क. नलाग्ने सामानमा मू.अ.क.तिरेको छ भने हाल Credit नपाउने व्यबस्था रहेकोमा सो Credit पाउने व्यबस्था हुनुपर्दछ | केही नभएको । |
| तोरीको तेल, भटमासबाट उत्पादित मस्यौरा लगायत कृषिजन्य उत्पादनमा मूल्य अभिवृद्धि कर नलाग्ने ब्यवस्था हुन पर्दछ । | नभएको । |
| ४. **भन्सार :**<br>भन्सार ऐन नियम र भन्सार सम्वन्धी व्यवस्थामा चित्त नबुझेमा वा कुनै विषयमा दुविधा परेमा पूर्वादेश माग गर्न पाउने व्यवस्था हुनु पर्दछ । | नभएको । |
| भन्सार एजेन्टको माध्यमबाट हुने कार्यहरुलाई पारदर्शि, सुव्यवस्थित र प्रतिस्पर्धी बनाउन भन्सार एजेन्टको इजाजत खुल्ला गर्नु पर्दछ । | नभएको । |
| ढुवानी ब्यवसाय, कार्गो ब्यवसाय र भन्सार एजेन्टहरुको काम, कतर्ब्य, अधिकार र दण्ड सजायको ब्यवस्था बारेमा आवश्यक ऐन नियम वा नीतिको ब्यवस्था यथासिघ्र ल्याईनु पर्दछ । | केही हदसम्म कार्यान्वयन भएको । |
| भन्सार बिन्दुबाट हुने आयात निर्यातलाई सरल सहज र पारदर्शि बनाउन तथा आधुनिकीकरण गर्न आवश्यक उपकरण र भौतिक सुविधाको तत्काल व्यवस्था हुनु पर्दछ । | केही हदसम्म कार्यान्वयन भएको । |
| भन्सार राजस्व छलेको प्रमाणित भएमा छल्ने व्यवसायी र सोसंग सम्बन्धित प्रशासनिक कर्मचारी समेत दुवैलाई दण्ड सजायं गरी सार्वजनिक रुपमा प्रचार प्रसार गरीनु पर्दछ । | केही हदसम्म कारवाही भएको । |
| भारतबाट पैठारी हुने सामानहरुमा यथार्थ रुपमा भाडा जोडी मात्र भन्सार लिने व्यबस्था हुनुपर्दछ । | आंशिक रुपमा कार्यान्वयन भएको । |
| H.S. Code ८४.३६ अन्तर्गतका कृषि, बनजगंल, पंक्षी पालन तथा मौरी पालन सम्वन्धी औद्योगिक मेसिनरीहरुको स्पेयर पार्टस्को आयातमा २.५ प्रतिशत भन्दा बढी भंसार महसुल नलाग्ने ब्यवस्था हुन पर्दछ । | नभएको । |
| ५. **अन्तःशुल्क** :<br>विश्व व्यापार संगठनको सदस्यता लिंदाको बखत प्रतिवद्धता गरिएका वस्तु तथा सेवामा मात्र अन्तशुल्क लगाउनु पर्दछ । | नभएको । |
| अन्तःशुल्कमा राजश्व चुहावट रोक्न प्रतिवद्धता गरिएको स्टीकर तत्काल लगाउनु पर्दछ । | लागु भएको । |
| आयात खुला गरिएका सबै किसिमका मदिरा देश भित्र पनि उत्पादन गर्न पाउने व्यवस्था हुनु पर्दछ । | नभएको । |
| ६. **स्थानीय कर शुल्क** :<br>एक पटक स्थानीय कर लागिसकेपछि पुनः कर लाग्ने व्यवस्थाको तत्काल अन्त्य हुनु पर्दछ । | नभएको । |

| | पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|---|
| | कृषिजन्य उत्पादनहरु जस्तै मुसुरो, अदुवा, तोरी, फलफूल, सुठो, घ्यू, तरकारी आदि र सो को सहउत्पादनमा लगाइएको जि.वि.स. कर र कवाडी कर पूर्णरुपमा खारेज हुनु पर्दछ । | नभएको । |
| | स्थानीय निकायहरुले लगाउने कर, शुल्क, दस्तुर आदिको दरहरु तोक्नु पर्दा महासंघसंग सम्बन्धित उद्योग वाणिज्य संघहरुको स्थानिय प्रतिनिधित्व हुने समितिबाट तोकिने ब्यवस्था हुनु पर्दछ । | नभएको । |
| | स्थानीय निकायले लगाउने कर सम्वन्धी ठेक्का प्रथा तुरुन्त खारेज हुनु पर्दछ । साथै राजमार्गहरुमा कर उठाउने उदेश्यले ढाट राखी जिल्ला वा स्थानीय निकायहरुले कर संकलन गर्ने प्रथा तत्काल बन्द गरीनु पर्ने । चामल र धान लगायत प्राथमिक खाद्यान्न बस्तुहरु आयात गर्दा लागि आएको भंसार तथा स्थानिय शुल्क नलाग्ने व्यवस्था हुनु पर्ने । | नभएको । |
| ७. | **बैंकिङ्ग तथा वित्तिय** :<br>प्रचलित कम्पनी कानून अनुसार शेयरको सिमित दायित्व (Limited Liability) हुने हंदा सोहीअनुसार कालोसूची निर्देशिका पनि संशोधन हुनुपर्दछ । त्यस्तै प्रत्येक कम्पनीको आ-आफ्नो स्थायी अस्तित्व हुने हंदा व्यक्ति समेतको पृथक अस्तित्व कायम हुने गरी कालो सूचीमा संशोधन हुनुपर्दछ । | नभएको । |
| | कुनै पनि कर्जा वा खराब कर्जाको सन्दर्भमा कालोसूचीमा राखिंदा वा कारबाही गरिंदा त्यस्ता खराव कर्जाको नियतबस (Willful) कर्जाको दुरुपयोग वा अपचलन भएको नभएको एकिन गरी परिस्थितीबस कर्जा भुक्तानी गर्न नसकेको अवस्थामा त्यस्ता ऋणीलाई Non Willful Defaulter रुपमा परिभाषा गरी Willful र Non Willful Defaulter को स्पष्ट रुपमा परिभाषित गरी नियतबस ऋण नतिर्ने ऋणीहरुलाई मात्र कारबाही हुने कानूनी व्यबस्था हुनुपर्दछ । | नभएको । |
| | बैंक तथा वित्तिय संस्थाले लिने र दिने व्याजको दरको फरक (Spread Rate) बढीमा ४ प्रतिशत भन्दा बढि नहुने व्यवस्था हुनु पर्दछ । साथै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरुलाई बढिमा ५ प्रतिशत मात्र व्याजदर लाग्ने कानूनी व्यबस्था हुनुपर्दछ । | नभएको । |
| | व्यापारिक कारोबारलाई असर पर्ने गरी स्थानीय स्तरमा बन्द भएका बैङ्क तथा वित्तीय संस्थाका शाखाहरु यथाशिघ्र खोल्ने ब्यवस्था भई व्यापारिक कारोबार सुचारु रुपले संचालन हुने वातावरण तयार हुनु पर्दछ । | आंशिक रुपमा भएको । |
| | वैंक तथा वित्तीय संस्थाहरुले उद्योगहरुको लागि प्रवाह गर्ने कर्जालाई प्राथमिकतामा राखी रियल स्टेट र हायर परचेज जस्ता क्षेत्रमा प्रवाह गर्ने ऋणमा लाग्ने व्याजदर सरह नै उद्योग ब्यवसाय क्षेत्रमा पनि सोही अनुसार व्याजदर लाग्ने ब्यवस्था हुनु पर्दछ। | नभएको । |
| | उद्योगी व्यबसायीहरुको काबु बाहिरको कारणले बन्द, हड्ताल तथा नाकाबन्दी जस्ता कारणबाट कारोबारमा प्रत्यक्ष असर पर्न जाने स्थितिलाई दृष्टिगत गरी त्यस्तो समयको कर्जाको व्याज बैंक तथा वित्तीय संस्थाहरुले लिन नहुने कानूनी व्यबस्था हुनुपर्दछ । | नभएको । |
| ८. | **औद्योगिक प्रबर्द्धन** :<br>देशमा अनुकुल औद्योगिक वातावरण एवं लगानी प्रबर्द्धनको लागि | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मस्यौदा प्राप्त |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
| --- | --- |
| समय सापेक्ष नयां औद्योगिक नीति, विदेशी लगानी नीति ल्याई सोही अनुसार नयां औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन प्रकाशमा ल्याउनु पर्दछ । | भएको तर हालसम्म पनि नीति प्रकाशमा नआएकोले निरन्तर रुपमा पहल भैरहेको। |
| औद्योगिक नीति तथा औद्योगिक व्यबसाय ऐनमा भएका व्यवस्थाहरु आयकर, भन्सार, मूल्य अभिबृद्धि कर, आर्थिक विधेयक र अन्य कुनै पनि ऐनहरुबाट संसोधन तथा खारेज नहुने कानूनी व्यवस्था हुन पर्दछ । | यस सम्बन्धी ब्यवसायको लागि निरन्तर रुपमा पहल गर्दै आएको । |
| कुनै पनि उद्योगले आफ्ना ब्राण्डका बस्तुहरु करारमा (Sub-Contract Manufacturing) उत्पादन गर्न दिएमा त्यस्ता उत्पादकलाई उत्पादनमूलक उद्योगले पाउने सरहको सुविधा पाउने व्यवस्था हुनु पर्दछ । | मन्त्रालयबाट प्राप्त नयाँ औद्योगिक नीतिको मस्यौदामा उल्लेख भएको । |
| देशमा स्वस्थ प्रतिस्पर्धा गर्न सक्ने खालका तुलनात्मक लाभ भएका उद्योगहरुलाई राष्ट्रीय प्राथमिकता प्राप्त उद्योगहरु तोकी यस्ता उद्योगहरुको स्थापना विकास तथा विस्तारका लागि आयकर छुटका साथै अन्य सुविधा प्रदान गर्ने व्यवस्था हुनु पर्दछ । | मन्त्रालयबाट अनुरोध भएअनुसार महासंघबाट यस सम्बन्धी बिस्तृत सुझाव पेश गरी पहल गर्दै आएको । |
| आफ्नो उत्पादनमा अधिकतम मूल्य अभिबृद्धि हुने किसिमका बस्तुहरु उत्पादन गरेमा त्यस्ता बस्तु उत्पादन गर्ने उद्योगहरुलाई सहुलियत तथा सुविधा दिने व्यवस्था हुनु पर्दछ । | मन्त्रालयबाट प्राप्त नयाँ औद्योगिक नीतिको मस्यौदामा उल्लेख भएको । |
| दुर्गम तथा अविकसित क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्न त्यस्ता क्षेत्रहरुमा पूर्वाधारको विकासको साथै त्यस्ता क्षेत्रहरुमा स्थापना हुने सवै बर्गका उद्योगहरुलाई आयकर एवं अन्तःशुल्क छुट लगायत अन्य किसिमका सहुलियत सुविधाको व्यबस्था हुनु पर्दछ । | मस्यौदामा उल्लेख भएको र यस सम्बन्धी ब्यवसायको लागि पहल गर्दै आएको । |
| स्वदेशी उद्योगबाट उत्पादित बस्तुहरुको प्रयोग गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने व्यवस्था हुनु पर्दछ । यसका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा महासंघ लगायत अन्य सम्बन्धित निकायहरुका प्रतिनिधिहरु सम्मिलित एक उच्चस्तरीय अधिकार सम्पन्न अनुगमन समिति गठन गरी निरन्तर रुपमा अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ । साथै समितिले गरेका सिफारिश कार्यान्वयन नगर्ने निकाय माथि कडा कारवाही समेत गर्ने कानूनी व्यबस्था हुनु पर्दछ । | यस सम्बन्धी बिस्तृत सुझाव सहित सम्बन्धित निकायमा पेश गरिएको र प्रधानमन्त्रीको कार्यालयमा अनुगमन इकाइ गठन भएको । |
| निकासी गरेको बस्तुमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार महसुल फिर्ता दिने औद्योगिक ब्यवसाय ऐनमा ब्यवस्था भए अनुसार छिटो छरितो तथा सरल रुपमा पाउने ब्यवस्था हुनु पर्दछ । साथै निकासीको अनुपातमा भन्सार विन्दुबाटै समदर रुपमा (Flat Rate) मा ड्यूटी ड्र ब्याक दिने ब्यबस्था लागु गर्न पहल हुनु पर्दछ । | निरन्तर रुपमा पहल गर्दै आएको । |
| WTO, SAFTA, BIMSTEC जस्ता संस्थाहरुको नेपाल सदस्य भएको सन्दर्भमा स्वदेशी उद्योगहरुको प्रतिस्पर्धी क्षमता अभिबृद्धि एवं लगानी प्रबर्द्धनका लागि समय सापेक्ष निम्न ऐनहरु यथाशिघ्र तर्जुमा गरी प्रकाशमा ल्याउनु पर्दछ :<br>(i) Anti Dumping Act<br>(iii) Negotiable Instruments Act<br>(iv) Commercial Transaction Act<br>(V) Patent Design and Trade Mark Act | यथासिघ्र ऐन प्रकाशमा ल्याउन नेपाल सरकारमा निरन्तर रुपमा पहल गर्दै आएको । |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| ९. **घरेलु एवं लघु उद्योग** :<br>लघु एवं घरेलु उद्यम व्यवसायको बिकास बिस्तार तथा प्रवर्द्धनको लागि Incentive Package सहितको छुट्‌टै लघु तथा घरेलु उद्यम नीति एंव सो अनुसारको छुट्‌टै ऐन यथाशिघ्र प्रकाशमा ल्याउनु पर्दछ । | यस सम्बन्धी मस्यौदा समेत तयार गरी नेपाल सरकारमा निरन्तर रुपमा पहल गर्दै आएको । |
| उद्यमी व्यवसायीहरुमा भएका उद्यमशिलता अभिवृद्धिका लागि आवश्यक प्रशिक्षण, सेवा र व्यावसायिक जानकारीहरु प्रदान गर्न प्रत्येक विकास क्षेत्रमा बिजिनेस ईन्क्यूबेशन केन्द्रहरुको (Business Incubation Center) स्थापना गरी त्यस्ता Incubation उद्यमलाई लघु उद्यम सरह आयकर एवं अन्तशूल्क कर छूट हुने व्यवस्था हुनु पर्दछ । | सम्बन्धित निकायहरुमा पहल गर्दै आएको । |
| लघु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनको लागि राष्ट्रिय स्तरमा विक्री प्रदर्शनी कक्षको व्यवस्था हुनु पर्दछ । | सम्बन्धित निकायहरुमा पहल गर्दै आएको । |
| लघु तथा घरेलु उद्योगहरुको लागि सरल र सुलभ तरिकाले ऋण उपलब्ध हुने व्यवस्था हुनु पर्दछ । | पहल गर्दै आएको । |
| नेपाल सरकारको घरेलु तथा साना उद्योग विकास समितिमा नेउवामहासंघको प्रतिनिधित्वको व्यवस्था हुनु पर्दछ । | यस सम्बन्धी व्यवसायको लागि नेपाल सरकारमा अनुरोध गर्दै आएको । |
| १०. **महिला उद्यमी विकास** :<br>महिला उद्यमीहरुको विकासको लागि महिलाहरुको स्वामित्वमा स्थापना हुने उद्यम व्यवसायलाई कर शुल्कमा छुट हुने गरि विशेष प्रोत्साहन हुने गरी नीति ल्याईनु पर्दछ। | सम्बन्धित निकायहरुको ध्यानाकर्षण गर्दै आएको । |
| महिला उद्यमीहरुको दिगो विकासको लागि महिला उद्यमी विकास कोष खडा हुनु पर्दछ । | पहल गर्दै आएको । |
| महिला उद्यमीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट ब्यक्तिगत धितो जमानी नलिई परियोजनाको आधारमा ऋण सुविधा उपलब्ध हुने व्यबस्था हुनु पर्दछ । | सम्बन्धित निकायहरुको ध्यानाकर्षण गर्दै आएको । |
| ११. **रुग्ण उद्योग** :<br>साँवा बराबरको ब्याज भुक्तानी गरिसकेका रुग्ण उद्योगहरुलाई लाग्ने थप ब्याज तथा पेनल ब्याज मिन्हा गरी सांवा तिर्न केहि निश्चित अवधि सम्मको लागि पुनरतालिकीकरण गरी यस्ता उद्योगहरुको पुनरस्थापना गर्ने ब्यवस्था हुनु पर्दछ । | केश टु केश आधारमा सम्बन्धित निकायहरुसंग छलफल गर्ने गरेको । |
| पुनरस्थापना हुने संभाव्य नभएका रुग्ण उद्योगहरुको हकमा सरलीकृत रुपमा धितोहरु खण्ड खण्ड गरी बिक्री गरी ऋण तिर्ने व्यवस्था हुनु पर्दछ । | पहल गर्दै आएको । |
| पुनरस्थापना हुन नसक्ने रुग्ण उद्योगहरुको हकमा सांवा मात्र भुक्तान गरी Exit हुने व्यवस्था हुनु पर्दछ । | पहल गर्दै आएको । |
| १२. **उत्पादकत्व तथा गुणस्तर** :<br>विदेशबाट आयात हुने तयारी सामानहरु र आद्यौगिक कच्चा पदार्थहरु गुणस्तरको निश्चितता र स्वच्छ प्रतिस्पर्धाको आधारमा मात्र आयात गर्न पाईने व्यवस्था हुनु पर्दछ । | पहल भईरहेको । |
| नेपाली उत्पादन एवं सेवाहरुले विश्व (स्वदेशी, छिमेकी र अन्य मुलुक) को बजार पाउन प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्ने | पहल भईरहेको । |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| भएकोले सोको लागि राष्ट्रीय स्तरमा "उत्पादकत्व नीति" अत्यन्त जरुरी भैसकेको हुंदा सो यथासिघ्र ल्याउनु पर्दछ । | |
| नेपालमा accreditation गर्ने कार्यको लागी छुट्टै Accreditation निकायको को स्थापना एवं संचालन यथाशिघ्र हुनु पर्दछ । | पहल भईरहेको । |
| समानता (Reciprocity) को आधारमा Nepal Bureau of Standards & Metrology (NBSM) बाट NS Mark प्राप्त गरेका नेपाली सामानहरु छिमेकी मुलुकहरुमा सहज र सरल तरिकाबाट प्रवेश पाउने कानुनी व्यवस्था हुनु पर्दछ । | पहल भईरहेको । |
| १३. **निर्यात प्रवर्द्धन :**<br>नेपालबाट विभिन्न देशहरुमा निर्यात भईरहेका र निर्यात हुन सक्ने वस्तुहरुको विषयगत आधारमा दक्षता प्राप्त गरेका निजी तथा सरकारी क्षेत्रका विज्ञहरुको प्रतिनिधित्व हुने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा एकिकृत रुपमा छुट्टै Export Promotion Cell को स्थापना गरी प्रभावकारी रुपमा कार्य संचालन गर्नु पर्दछ । | पहल भईरहेको । |
| सरकारले कम्तिमा ५ वर्षसम्म निर्यात नीतिमा परिवर्तन नहुने गरी दिर्घकालिन निर्यात नीति यथाशिघ्र ल्याउनु पर्दछ । | पहल भईरहेको । |
| Export Trading House ले विदेशबाट कच्चा पदार्थ आयात गरी त्यसबाट निर्यातयोग्य वस्तु उत्पादन गर्नको लागि साना उद्यमी वा महिला समूहले उत्पादन गरी बस्तु निर्यात गरिएकोलाई Deemed Export सरह मान्नु पर्दछ । | पहल भईरहेको । |
| नेपालबाट निकासी हुने जुन वस्तुहरुमा GSP सुविधा छैन, त्यस्ता वस्तुहरुलाई Duty Free लिनको लागि नेपाल सरकारबाट पहल हुनु पर्दछ । | पहल भईरहेको । |
| सन् २००५ पछिको कोटा रहित खुल्ला अन्तर्राष्ट्रिय व्यापारलाई दृष्टिगत गरी नेपाली तयारी पोशाक लगायत अन्य निकासीमूलक वस्तुहरुको निकासी प्रबर्द्धनका लागि अमेरिकी बजारमा भन्सार छूटको सुविधाको लागि नेपाल सरकारले कुटनीतिको माध्यमबाट कार्यान्वयन गराउने तर्फ पहल अत्यावश्यक भएकोले यस तर्फ कुटनीतिज्ञको प्रयास हुनु पर्दछ । | पहल भईरहेको । |
| १४. **आन्तरिक व्यापार तथा आपूर्ति :**<br>समय सापेक्ष आपूर्ति नीति यथासिघ्र प्रकाशमा ल्याई कार्यान्वयनमा ल्याउनु पर्दछ । | आपूर्ति नीतिको सुझाव मन्त्रालयमा पठाई सकेको । |
| अधिराज्यको अति दुर्गम क्षेत्रहरुमा वस्तु तथा सेवाहरुको आपूर्ति गर्ने व्यवस्था गर्दा नेपाल सरकारले आफ्नो स्वामित्वमा रहेकासंघ/संस्थाहरुलाई दिए सरहको सुविधा निजी क्षेत्रका व्यवसायीहरुलाई पनि प्रदान गर्नु पर्दछ । | पहल भईरहेको । |
| पेट्रोलियम पदार्थको कारोबारमा प्रतिस्पर्धा गरी पारदर्शिता ल्याउन निजी क्षेत्रलाई संलग्न गराउने व्यवस्था हुनुपर्दछ । | पहल भईरहेको । |
| अधिराज्यको अति दुर्गम क्षेत्रहरुमा वस्तु तथा सेवाहरुको आपूर्ति सरल र सुलभ तरिकाले गर्नु पर्दछ । | पहल भईरहेको । |
| १५. **अन्तर्राष्ट्रिय व्यापार :**<br>नेपालको बैदेशिक व्यापारलाई उल्लेखनीय रुपले गति प्रदान गर्न मौजूदा वाणिज्य नीति २०४९ धेरै पुरानो भएकोले वर्तमान | वाणिज्य नीति सम्बन्धी सुझाव मन्त्रालयमा पठाई सकेको । |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| विश्वमा आएको परिवर्तनलाई समेट्ने गरी दीर्घकालिन बैदेशिक व्यापार नीति यथाशिघ्र प्रकाशमा ल्याउनु पर्दछ । | |
| हाल कार्यान्वयनमा ल्याईरहेको निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ आजको विश्वव्यापीकरणको समयमा खुल्ला बजारमुखी अर्थतन्त्रसंग मेल नखाने भएकोले पारदर्शी एवं सरलीकृत रुपमा नयाँ निकासी पैठारी ऐन ल्याउनु पर्दछ । | पहल भईरहेको । |
| अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा क्षेत्रगत र बहु-पक्षियगत (Regional & Multi-lateral) व्यापारको बैठकहरुमा निजी क्षेत्रको सहभागिता हुनुपर्दछ । | पहल भईरहेको । |
| निकासीलाई प्रोत्साहन गर्नका लागि निकासीकर्तालाई विभिन्न किसिमका विशेष Incentive दिनु पर्दछ । | पहल भईरहेको । |
| **१६. सार्क व्यापार तथा विम्स्टेक :**<br>नेपाल भारत व्यापार सन्धि अनुसार नेपालबाट निकासी हुने वस्तुहरुमा सन्धि भावनानुरुप लाग्न नपर्ने अतिरिक्त शुल्क ४ प्रतिशत् केही वस्तुहरुमा भारत सरकारले छुट दिएता पनि सम्पूर्ण वस्तुहरुमा छुट नभएकोले नेपालबाट निर्यात हुने सबै वस्तुहरुमा अतिरित्त शुल्क छुट हुन पर्ने व्यवस्थाको लागि नेपाल सरकारबाट पहल हुनु पर्दछ । | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ध्यानाकर्षण भएको र पहल भइरहेको । |
| सार्क मुलुक बीच हुने व्यापारलाई सरलीकृत गर्न Quarantine परिक्षण, खाद्य वस्तुहरुको परिक्षण (PFA Test) गुणस्तर आदि विषयमा क्षेत्रीय स्तरमा सबै लाई मान्य हुने सरलीकृत प्रकारका Documents को विकास हुनु पर्दछ । | पहल भईरहेको । |
| सार्क मुलुक बीच व्यापार हुने खाद्य वस्तुहरुको Test Certificate लाई सार्क क्षेत्र भित्र मान्य हुने Mutual Recognition को व्यवस्था गर्नु पर्दछ । | पहल भईरहेको । |
| सार्क मुलुक बीच व्यापार अभिवृद्धि गर्न Non Tariff र Para Tariff measures हरुको पहिचान गरि निराकरण गर्न पहल हुनु पर्दछ । | पहल भईरहेको । |
| **१७. यातायात तथा पारवहन :**<br>हेटौंडा काठमाडौं सडक र हेटौंडा काठमाडौं सुरुङ्ग मार्ग छोटो र दिर्घकालीन रुपमा नेपाललाई फाइदाजनक हुने भएकोले यसको निर्माण तर्फ नेपाल सरकारबाट पहल हुनु पर्दछ । | श्रम तथा यातायात मन्त्रालयको ध्यानाकर्षण भएको । |
| उपत्यका भित्र विद्यमान बढ्दो सवारी चापलाई मध्य नजर राखी सवारी चाप कम गर्न सडक सुधारका साथै पूर्वाधारहरुको विकास हुनु पर्दछ । | श्रम तथा यातायात मन्त्रालयको ध्यानाकर्षण भएको । |
| नेपालमा मालवस्तुको ढुवानी यातायातका साधन संचालनमा विद्यमान सिण्डिकेट, कार्टेलिङ्ग वा टोकन प्रणाली वा चक्र प्रणाली वा त्यस्तै प्रकारका अन्य कुनै प्रणाली वा प्रकृया हाल सम्म कायमै रहेकोले त्यस्ता सिण्डिकेट व्यवस्था बन्द गरि निर्वाध प्रतिष्पर्धाको आधारमा कानुन सम्मत ढुवानी साधनहरु संचालन गर्ने व्यवस्था अविलम्ब गरिनु पर्दछ । | सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण भई कानून सम्मत कार्यको लागि यातायात व्यवस्था विभागबाट क्षेत्रिय कार्यालयलाई अनुरोध भएको । |
| ढुवानी यातायात, ट्रक/टैंकर व्यवसायलाई मर्यादित, व्यवस्थित र प्रतिष्पर्धी बनाउन प्रकृयागत विषयमा सुधार गर्न नेपाल | नीतिगत विषय भएकोले श्रम तथा यातायात |

| पारित प्रस्ताव | कार्यान्वयनको स्थिति |
|---|---|
| सरकारबाट निजी क्षेत्रको सहभागितामा आवश्यक पहल हुनु पर्दछ । | मन्त्रालयको ध्यानाकर्षण भएको । |
| राजमार्ग तथा सहायक राजमार्गमा बन्द, हडताल चक्काजाम गर्न नपाउने गरी कानूनी रुपमा निषेधित क्षेत्र घोषणा गर्नु पर्छ । | बिभिन्न फोरम, बैठक, सभा, सम्मेलनहरुमा यस संघका पदाधिकारीहरुद्वारा सबै ध्यानाकर्षण भईरहेको । |

**१८. श्रम :**

बजारमुखी अर्थतन्त्र र परिवर्तित व्यवसायिक वातवारण अनुकूल  विद्यमान श्रम ऐन कानूनमा निम्न प्रावधान सहित संशोधन एवं सुधारका लागि हुनु पर्दछ ।

रोजगारीका प्रकार, विविधिकरण र कामदारको नियुक्ती प्रकृया, सेवा, शर्त सम्बन्धी प्रावधानहरुलाई सरल र लचिलो बनाउने ।

श्रम सम्बन्धको प्रवर्द्धन र श्रम विवादको प्रभावकारी समाधानका लागि मौजूदा श्रम ऐनमा एक स्वतन्त्र औद्योगिक सम्बन्ध आयोगको प्रावधान समावेश गर्ने ।

औद्योगिक लगानी, वाह्य पूजीको प्रवेश र श्रम शक्तिको उच्चतम परिचालनमा सहयोग पुग्ने गरी श्रम ऐनको सम्पूर्ण पक्षमा आवश्यक सुधार गर्ने ।

कामदार कर्मचारीको कटौती, खराव आचरण र अनुशासन सम्बन्धी मौजूदा व्यवस्थामा पुनरावलोकन गरी आधारभूत मान्यता अनुकूल समय सापेक्ष सुधार गर्ने ।

टेड यूनियन गतिविधिलाई अझ व्यवस्थित एवं जिम्मेवारीपूर्ण बनाउन श्रम, ऐन र ट्रेड यूनियन ऐनमा आवश्यक सुधार गर्ने  ।

साना उत्पादन मूलक उद्योग, चियावगान, जुट तथा तयारी पोशाक, गलैंचा उद्योग, हस्तकला उद्योग, यातयात, अनौपचारिक श्रम समेतको प्रकृतिलाई ध्यानमा राखी न्यूनतम व्यवस्था बाहेक अरु कुराको हकमा विशेष छुटको प्रावधान राखी श्रम ऐन कानूनमा सुधार गर्नुपर्ने ।

न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी हालको प्रावधान र प्रचलनमा सुधार गर्नु पर्ने ।

कामदार/कर्मचारीहरुको सामाजिक सुरक्षाको उपयुक्त व्यवस्था गर्न त्रिपक्षीय योगदान सहितको सामाजिक सुरक्षा प्रणाली लागू गर्न आवश्यक कानून र संयन्त्रको व्यवस्था गर्नुपर्ने ।

विशेष आर्थिक क्षेत्र (sez), निकासी प्रशोधन क्षेत्र (epz) र उच्च लगानी भएका विशेष प्रकृतिका उद्योगहरुका लागि श्रम ऐनमा विशेष प्रावधानको व्यवस्था गर्नुपर्ने ।

**द्रष्टब्य :**

उपरोक्त अनुसारको प्रस्ताब गरिए बमोजिम ऐन कानूनको संशोधन प्रकृया जारी रहेको र महासंघबाट यसमा सहभागितामा रायसुझाव पेश गर्ने काम भईरहेको छ ।

(अनुसुची–२)

<u>**ILO तथा NICC को सहयोगमा रोजगारदाता परिषदबाट आयोजित तालिम/गोष्ठिको विवरण**</u>

| क.सं. | कार्यक्रमको नाम | मिति | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | Employers' Conference 2007 | 2nd August 2007 | काठमाडौं | 11 |
| २ | Interaction Program on Legal Service Centre | 15 November 2007 | पोखरा | 34 |
| ३ | Meeting on Legal Service | 12 December 2007 | वीरगंज | 31 |
| ४ | Meeting on Legal Service Centre | 14 December 2007 | विराटनगर | 32 |
| ५ | Management Training Program | 24-28 Sept. 2007 | पोखरा | 24 |
| ६ | Training Workshop on OSH and HIV/AIDS | 6-7 December 2007 | काठमाडौं | 35 |
| ७ | OSH and HIV/AIDS Advocacy in the World of Work | 9 December 2007 | चितवन | 37 |
| ८ | OSH and HIV/AIDS Advocacy in the World of Work | 12 December 2007 | झापा | 40 |

*(अनुसुची - ३ )*

अन्तर्राष्ट्रिय व्यापार मेलामा सिफरिश गरिएका फर्म/उद्योग/कम्पनी/प्रतिष्ठानहरुको नामावली

| मेला | फर्म/कम्पनीको नाम | प्रदर्शनी गर्ने वस्तु |
|---|---|---|
| **India International Trade Fair**<br>Date : November 14 – 27, 2007<br>Venue : New Delhi, India | Bahwani Pashmina Kasto Udyog<br>Kathmandu | Pashmina |
| | Annapurna Industry<br>Kathmandu | Wooden products |
| | Shree Pashmina Industry<br>4424811 | Pashmina |
| | Nepal Pashmina Craft<br>4287107 | Pashmina |
| | Pramila Handicraft<br>4275108 | Handicraft items |
| | Rage Boutique<br>4267645 | Garments |
| | Bilakchhana Handicraft Industry<br>4700328 | Woolen products |
| **Ambinte 2008 Trade Fair**<br>Date: February 8 – 12, 2008<br>Venue: Frankford, Germany | Cottage Craft Gyan Griha<br>5536209 | Singing bowls, Gong, Bells |
| | Nepali Paper Products P. Ltd.<br>4285306 | Paper products |
| | Association of Craft Producers<br>4275108 | Handicrafts items |
| **FOODEX JAPAN 2008**<br>Date: March 11 – 14, 2008<br>Venue: Chiba, Japan | Jun Chiyabari P. Ltd.<br>Kathmandu | Tea |
| | Nepal Tea Development Corporation Limited | Green Tea, Black Tea |

## Nepalese Participants in South Asian Countries Commodity Fair 2007

| | | |
|---|---|---|
| **South Asian Countries Commodity Fair 2007**<br>Date: December 28 – 30, 2007<br>Venue: Beijing, China | Bhaktapur Traditional Cotton Textile<br>Kolachhen – 13, Bhaktapur | Cotton garments and pashimina |
| | Statue House P. Ltd<br>Kwalkhu – 18, Lalitpur | Statues and Thanka |
| | Motherland Traders<br>Kathmandu | Wooden products, Handicrafts |
| | Harti Maa Handicraft P. Ltd<br>Patan, Lalitpur – 16 | Metal Statues |
| | Marketing International<br>Kathmandu, Nepal | Silver jewellery, handicrafts |
| | Gem Art International<br>Durbar Marg, Kathmandu | Handicrafts and Silver jewellery |
| | Nepal Women Craft<br>Naxal, Kathmandu | Paper products |
| | Everest Wood Craft<br>Madyapur, Thimi, Bhaktapur | Ceramics, Handmade paper |
| | Nepalese Handicraft<br>Mangalachhen– 14, Bhaktapur | Wooden crafts |
| | Shree Baidyaraj Ayurvedic Medicine Ind.<br>Wad No. 13, Kathmandu | Herbal products and medicines |
| | Nepalese Art & Craft Export<br>Bhaktapur | Handicrafts |
| | Tilicho Handicraft<br>Baneshwor Height, Kathmandu | Pashmina |
| | Yeti Stitchers<br>Bakumbahal, Lalitpur | Silver, Cotton bag & cloths |
| | Gurkhas Khukuri House<br>Thamel, Kathmandu | Khukuri |
| | K. N. International<br>Gogabu, Kathmandu | Paper products |
| | Handmade Nepal<br>Tridevi Marg, Thamel, Kathmandu | Handicrafts, Furniture |
| | Dabur Nepal Pvt. Ltd.<br>Tinkune, Kathmandu | Herbal, Cosmetic products |
| | NepaSoft Solution Pvt. Ltd.<br>Ghairidhara, Kathmandu | Software |
| | Billium Trade International P. Ltd.<br>Thamel, Kathmandu | Cotton Goods |
| | NCEC | Information |
| | FNCCI | Information |

## जिल्ला/नगर उद्योग वाणिज्य संघ एवं वस्तुगत संघबाट आएका मेलाहरुको विवरण

| क्रस | मेलाको नाम | आयोजक संघ | समय |
|---|---|---|---|
| १. | जुम्ला महोत्सव- २०६४ | जिल्ला विकास समिति, जुम्ला | २०६४ आश्विन १-५ |
| २. | पूर्वाञ्चल महोत्सव- २०६४ | इटहरी उद्योग वाणिज्य संघ | २०६४ आश्विन १७ - २७ |
| ३. | कटारी महोत्सव- २०६४ | उदयपुर उद्योग वाणिज्य संघ | २०६४ आश्विन १९-२६ |
| ४. | मलंग महोत्सव | मलंगवा उद्योग वाणिज्य संघ | २०६४ आश्विन २५-कार्तिक १ |
| ५. | जनकपुर महोत्सव-२०६४ | जनकपुर उद्योग वाणिज्य संघ | २०६४ आश्विन २५-कार्तिक ५ |
| ६. | रौतहट महोत्सव - २०६४ | रौतहट उद्योग वाणिज्य संघ | २०६४ कार्तिक १-१० |
| ७. | त्रियुगा औद्योगिक प्रदर्शनी २०६४ | त्रियुगा उद्योग वाणिज्य संघ | २०६४ मंसिर ३ र ४ |
| ८. | राष्ट्रिय औद्योगिक व्यापार मेला- २०६४ | पोखरा उद्योग वाणिज्य संघ | २०६४ मंसीर २०-२९ |
| ९. | कृषि मेला - २०६४ | नारायणगढ उद्योग वाणिज्य संघ | २०६४ मंसीर २८- पौष ३ |
| १०. | सुदुर पश्चिम महोत्सव २०६४ | कैलाली उद्योग वाणिज्य संघ | २०६४ मंसीर २२- पौष २ |
| ११. | सुर्खेत महोत्सव एव मध्यपश्चिमाञ्चल क्षेत्रिय औद्योगिक व्यापार पर्यटन मेला | सुर्खेत उद्योग वाणिज्य संघ | २०६४ मंसिर २५-पौष २ |
| १२. | छैठौ गोरखा महोत्सव २०६४ | गोरखा उद्योग वाणिज्य संघ | २०६४ पौष २०-२४ |
| १३. | सिन्धुली महोत्सव | सिन्धुली उद्योग वाणिज्य संघ | २०६४ पौष २५- माघ १ |
| १४. | रत्ननगर महोत्सव २०६४ | रत्ननगर उद्योग वाणिज्य संघ | २०६४ पौष २७-माघ ५ |
| १५. | राष्ट्रिय औद्योगिक व्यापार मेला एवं बांके महोत्सव २०६४ | नेपालगंज उद्योग वाणिज्य संघ | २०६४ माघ ११-२० |
| १६. | CAN Info Tech 2008 | कम्प्युटर एशोसिएसन अफ नेपाल | २०६४ माघ १५ - २० |
| १७. | लेखनाथ महोत्सव-२०६४ | लेखनाथ उद्योग वाणिज्य संघ | २०६४ माघ १८-२७ |
| १८. | प्रथम धादिङ महोत्सव २०६४ | धादिङ उद्योग वाणिज्य संघ | २०६४ माघ २१-२७ |
| १९. | Leather Goods & Footwear Expo 2008 | छाला जुत्ता तथा वस्तु उत्पादन संघ | २०६४ माघ २४ - २८ |
| २०. | कृषि मेला २०६४ | बुटवल उद्योग वाणिज्य संघ | २०६४ माघ २५ - २८ |
| २१. | पर्वत महोत्सव २०६४ | पर्वत उद्योग वाणिज्य संघ | २०६४ फागुन ३ - ९ |
| २२. | Nepal Pharma Expo 2008 | नेपाल औषधी उत्पादक संघ | २०६४ फागुन ४ र ५ |
| २३. | Made in Nepal Expo 2008 | नेपाल युवा उद्यमी मञ्च | २०६४ फागुन १० - १४ |

(अनुसुची–४)

# कृषि उद्यम केन्द्र
## नेपाल उद्योग बाणिज्य महासंघ

२०६४ साल को प्रगति विवरण

(१) नीतिगत पैरवी

- नेपालमा प्लान्ट क्वारेन्टाइन कार्यक्रमको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रम तथा निर्यात प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा कृषि उद्यम केन्द्रले स्याङ्जा जिल्लामा सुन्तलाको पेष्ट फ्री एरिया (PFA) तथा स्याउ र अदुवाको पेष्ट रिस्क एनालीसीस (PRA) अध्ययन गरिएको छ ।
- केन्द्रले नियमित रुपमा भारत तथा अन्य देशहरुले कृषि उपजको व्यापार सम्बन्धमा लागु गरेका निति नियम, ऐन, सूचना तथा तीनको संशोधन सम्बन्धि अध्ययन गरिरहेको छ ।
- नेपाली मह तथा कफीको व्यापारमा SPS/TBT को प्रभाव बारे अनुसन्धान र अध्ययन कार्य गरेको छ । यो अध्ययनले नेपाली मह तथा कफीको निर्यात सम्बन्धी समस्याहरुको छ ।
- चीन सरकारको Zhang MU (खासा) Entry – Exit Inspection and Quarantine का महासचिब सहितको प्रतिनीधि मण्डलको नेपाल भ्रमणको क्रममा नेपाल र ल्हासाको व्यापारमा क्वारेन्टाइन, खाद्य सूरक्षा र चीन सरकारको आयात निर्यातको नियमावलीका जटिलता बारे छलफल कार्यक्रम आयोजना गरियो । त्यसैगरी केन्द्रले जनबादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रको क्वारेन्टाइन बिभागबाट आएको उच्चस्तरीय प्रतिनिधि मण्डल तथा नेपाली निजी क्षेत्र, राष्ट्रिय पशु क्वारेन्टाइन कार्यालय र राष्ट्रिय प्लान्ट क्वारेन्टाइन कार्यक्रमका प्रतिनिधिहरु बिच नेपाल-तिब्बत व्यापारको क्रममा आइपर्ने प्रमूख क्वारेन्टाइन सम्बन्धि समस्याहरु तथा समाधानका उपायहरुका बारेमा एक छलफल कार्यक्रम पनि आयोजना गरेको थियो ।
- आ.ब. २०६४/६५ को बजेटमा नीतिगत पहलकदमी गर्न विभिन्न बस्तुगत संघहरुसंग छलफल कार्यक्रम आयोजना गऱ्यो छलफलबाट आएका आ.ब. २१६४/६५ को बजेटमा समावेश गर्न संम्बन्धी निकाएहरुमा पेश गरियो ।
- केन्द्रले "नेपालमा पुष्प व्यवसायको प्रतिस्पर्धी क्षमता" विषयक अध्ययन सम्पन्न गरेको छ । यस अध्ययनका निष्कर्ष तथा सल्लाह/सुझाबहरु प्रस्तुत गर्ने उद्देश्यले एक अन्तरक्रियात्मक कार्यक्रम गरिएको थियो ।
- केन्द्र, GTZ, ICIMOD, HNCC तथा NEHHPA को संयुक्त आयोजनामा "Strengthening Value Chain of Five Sclected Herbs" विषयक दुई दिने कार्यशाला गोष्ठी आयोजना गरियो । कार्यशालामा कुरिलो, टिमुर, यार्चागुम्बा, चिराइतो तथा जटामसीको भ्यालु चेन म्यापिङ्ग सम्बन्धी विशेषज्ञहरुबाट कार्यपत्रहरु प्रस्तुत गरिएको थियो ।
- कृषि उद्यम केन्द्र र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको संयुक्त तत्वावधानमा विश्व व्यापार संगठनको सन्दर्भमा आवश्यक अनुसन्धान तथा विकास कार्यक्रमको प्रारुप, नेपालमा नक्कल गर्ने प्रणालीको कमी गर्न साथै कृषि नीतिको परिमार्जन र विज्ञान तथा प्रविधि नीतिको कृषिमा प्रभाव बारे छलफल गरेको थियो । उक्त कार्यक्रममा "Status of Agricultural Research, Extension and Education in Nepal," "Disgnositic Analysis of Agricultural Policy, Implementation and Achievements in Nepal", "Agricultural Transformation in Nepal" र " Areas for Joint Venture and Modalities for Implementation." सम्बन्धि कार्यपत्रहरु प्रस्तुत भएको थियो ।
- कृषि उद्यम केन्द्रले USAID/Nepal को सहयोगमा संचालित कार्यक्रम "Improving Policy Environment for Agricultural Trade, Production and Marketing in Nepal" अन्तरगत पश्चिमाञ्चलका पोखरा, पाल्पा र बुटवल तथा मध्य पश्चिमाञ्चलको नेपालगंज र सुर्खेत उद्योग वाणिज्य संघमा संघको "क्षमता अभिवृद्धि कार्यक्रम" अन्तरगत गठित "कृषि व्यवसाय सेवा इकाई" अन्तरगत निम्न कार्यक्रमहरु संचालन गरिएको छ ।
    - नीतिगत पैरवी : स्थानीय स्तरमा पाँचै उद्योग वाणिज्य संघहरुमा नीतिगत पैरवी तथा कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धि अन्तरक्रिया कार्यक्रमहरु ।
    - अध्ययन : पोखरा, पाल्पा, बुटवल, नेपालगंज र सुर्खेत उद्योग वाणिज्य संघमा "जिल्लामा व्यवसायीकरणको लागि संभाव्य कृषि उपजहरुको पहिचान" विषयक अध्ययन ।

- o District Profile: पोखरा, बुटवल र नेपालगंज उद्योग वाणिज्य संघले 'District Profile: agriculture Related Information' तयार गरेको ।
- o Traders Profile : पाल्पा, बुटवल, नेपालगंज र सुर्खेत उद्योग वाणिज्य संघले "Profile of Agro and Herbal Traders" तयार गरेको ।
- o अन्तरक्रिया कार्यक्रम :
  - ▪ पाँचैवटा उद्योग वाणिज्य संघमा "Value Chain Approach and Importance of WTO in Trade of Agro and Herbal Products" विषयक अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।
  - ▪ पोखरा उ.वा. संघमा संघ र केन्द्रको संयुक्त आयोजनामा “कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ तथा गैरकाष्ठ वन पैदावर प्रवर्द्धन नीति २०६४” विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । सोही कार्यक्रम अन्तरगत नेपालगंज उद्योग वाणिज्य संघमा “गैर काष्ठ वन पैदावारको व्यावसायीक खेतीको संभावना” विषयक अन्तरक्रिया कार्यक्रम पनि संचालन गरिएको थियो।
- o Agro Business Database: “क्षमता अभिवृद्धि कार्यक्रम” अन्तरगतको Agro Business Database लाई नियमित रुपमा अधावधिक गरिदैछ ।
- o Market Information Service (MIS) तथा Agribusiness Service Unit को कार्यक्रमहरु लाई निरन्तरता दिईएको छ । सोही कार्यक्रम अन्तरगत पोखरा उद्योग वाणिज्य संघ, नेपाल सीमि/पोखरा तथा अन्नपूर्ण एफ् एम/पोखरा बीच त्रिपक्षीय सम्झौता भई कृषि उपजहरुको दैनिक थोक मूल्य अन्नपूर्ण एफ.एम.बाट दैनिक रुपमा प्रसारण गर्ने कार्य भइरहेको छ । उक्त कार्यक्रमको लागि केन्द्रले पोखरा उद्योग वाणिय संघलाई आर्थिक सहयोग उपलब्ध गराएको छ ।

- Policy Advocacy Sustainability: USAID/Nepal को सहयोगमा केन्द्रद्वारा संचालित "Improving Policy Environment for Agricultural Trade, Production and Marketing in Nepal" को Policy Advocacy Sustainability शिर्षक अन्तरगत निम्न कार्यहरु सम्पन्न गरियो ।
  - o केन्द्रबाट "Compilation of Selected Information on Agricultural Productions and Economic Infrastructures मा ७५ जिल्लामा Districts of Nepal" विषयक एक अध्ययन सम्पन्न भएको छ ।
  - o केन्द्रबाट व्यवसायीकरण तथा निर्यात संभावना भएका केही कृषि तथा जडिबुटीजन्य वस्तुहरु (मुसुरो, कफी, तरकारी, फलफूल, जडिबुटी, मह तथा दुग्ध जन्य पदार्थ गरी सातवटा वस्तुहरु) को हालको उत्पादन, निर्यातको अवस्था, भोलिका संभावना आदिका साथै ती वस्तुहरुको भ्यालु चेन तथा व्यवसायीहरुले माग गर्न सक्ने Possible Interventions आदिको बारेमा एक अध्ययन गरिएको प्रतिवेदन विश्व बैंकको परियोजना तर्जुमा गर्ने कार्यमा प्रयोग गरिएको छ ।
  - o मह, अदुवा तथा कुखुरापालन सम्बन्धि Case Studies तयार पारिएको छ ।

- USAID/Nepal को सहयोगमा केन्द्रद्वारा संचालित "Improving Policy Environment for Agricultural Trade, Production and Marketing in Nepal" सम्बन्धि प्रोजेक्टको २००२ अक्टोवर देखि २००६ सेप्टेम्वर सम्मका् Monitoring and Evaluation कार्य सम्पन्न भएको छ । सोहि कार्यक्रम अन्तरगत Bilateral Trade Facililaton को लागि केन्द्रले "Nepal Bangladesh Trade: Trend and Situation Analysis" विषयक अध्ययन सम्पन्न गरेको छ ।

- सोहि कार्यक्रम अन्तरगत नेपालमा जनजाती, महिला, दलित तथा विपन्न वर्गहरुका कृषि जन्य व्यवसाय/उद्योग धन्दामा संलग्नता बारे जानकारी र प्रशासनीक/नीतिगत कठिनाई अनि त्यसको समाधानका सुझावहरु बारे कपिलवस्तु, बर्दिया र दाङ्ग जिल्लाहरुको अध्ययन गरि नीतिगत पैरवी गर्ने उद्देश्यले एक अध्ययन सम्पन्न भएको थियो। अध्ययनका Findings तथा Recommendations प्रस्तुत गर्ने उद्देश्यका साथ एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । माननीय कृषि तथा सहकारी मन्त्री, श्री छविलाल विश्वकर्माको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रममा समावेशीकरणको लागि नयां Model विकसित गरी अघि बढ्नु पर्नेमा सहभागीहरुले सुझाब दिनु भएको थियो ।

- USAID/Nepal को सहयोगमा संचालित कार्यक्रमको तेस्रो चरण (सेप्टेम्बर २००३ देखि संञ्चालन भएको 'Improving Policy Environment for Agricultural Trade, Production & Marketing in Nepal") को कार्यक्रम डिसेम्बर ३१, २००७ मा समाप्त भएको छ । सो परियोजना समाप्त हुन भन्दा अगाडी काठमाडौमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष माननीय श्री डा. जगदीश चन्द्र पोखरेल ज्यू को प्रमुख आतिथ्य तथा महासंघका अध्यक्ष श्री चण्डी राज ढकाल ज्यूको सभापतित्वमा एक बृहत भेलाको आयोजना गरि AEC/FNCCI ले हालसम्म गरेका कार्यहरु, उपलब्धि, सिकेको पाठहरु तथा भविष्यमा केन्द्रको भूमिकाको बारेमा प्रस्तुतीकरण तथा छलफल भएको थियो ।

- नेपाली महको यूरोपियन यूनियनका देशहरुमा निर्यात रोकिएको परिप्रेक्ष्यमा त्यसको समाधान गर्नको लागि यूरोपियन यूनियनबाट माग भए अनुसार नेपालले Residue Monitoring Plan (RMP) तयार गर्ने सिलसिलामा केन्द्रको सहयोगमा खाद्य प्रविधि तथ गुणस्तर नियन्त्रण विभाग (DFTQC) बाट Residue Monitoring Plan को मस्यौदा तयार गरेको र सो सम्बन्धमा निकट भविष्यमा बृहत छलफल कार्यक्रम गर्ने कार्यक्रम रहेको छ ।

- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको WTO Cell, कृषि तथा सहकारी मन्त्रालयको SPS Enquiry Point तथा SPS Coordination Committee को लागि आवश्यक सूचना तथा Documents केन्द्रले निरन्तर रुपमा प्रदान गर्दै आइरहेको छ । साथै भारत सरकार तथा अन्य देशहरुको Quarantine, Food Safety, आदि नीति-नियम, कानून र त्यससंग सम्बन्धित Notifications को बारेमा केन्द्रले नियमित रुपमा Research गर्दै आइरहेको छ ।

## (२) "एक गाँउ एक उत्पादन" (OVOP) कार्यक्रम

- नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघले सरकारी नीजि साझेदारी अवधारणा स्वरुप संचालन गरेको "एक गांउ एक उत्पादन" OVOP कार्यक्रमको पहिलो बर्षको मूख्य मूख्य प्रगति निम्नानुसार छ।

- <u>लप्सी/भक्तपुर</u>
    - ➢ लप्सी खेतीको लागि छानिएका १२ गा.वि.स. हरुमा वितरित ९६०० लप्सीको बोट मध्ये करिब ७९०० बोट विरुवा राम्ररी हुर्केको छ ।
    - ➢ बगैंचा व्यवस्थापनको सम्बन्धित प्राविधिक नियमित अनुगमन गर्ने कार्य भईरहेको छ ।
    - ➢ कार्यक्रम संग २३० जना कृषक संलग्न छन् भने प्रा.स./ना.प्रा.स.हरुलाई लप्सी खेती सम्बन्धि र अन्तरबाली सम्बन्धि तालिम दिने कार्य सम्पन्न भएको छ ।

- <u>जुनार/रामेछाप, सिन्धुली</u>
    - ➢ प्रत्येक जिल्लामा २/२ गा.वि.स.हरु छनौट भएको ।
    - ➢ रामेछापमा १० जुनार कृषक समूह भएको र २५५ कृषक परिवार संलग्न रहेको ।
    - ➢ सिन्धुलीमा ११ जुनार कृषक समूह गठन भएको र ६९ कृषक परिवार संलग्न रहेको ।
    - ➢ बगैंचा व्यवस्थापनको लागि विभिन्न कृषि औजार/सामाग्री वितरण गरिएको ।
    - ➢ रोग कीरा नियन्त्रणको विभिन्न कार्यक्रम संचालन भएको ।
    - ➢ रामेछापमा ७ जना र सिन्धुलीका ७ जना प्रा.स./ना.प्रा.स.लाई तालिम दिइएको ।

- <u>रेन्बो ट्राउट/नुवाकोट</u>
    - ➢ ट्राउट माछा प्रजननमा संलग्न २ जना कृषकहरुलाई ट्राउट ह्याचरी सुदृढिकरण एवं विस्तारमा लागि आवश्यक सहयोग दिइएको ।
    - ➢ आवश्यक उपकरण खरिद गर्न रु. ५ लाख अनुदान दिइएको ।
    - ➢ छनौटमा परेका कृषकलाई ५०/५० हजारका दरले भूरा वितरण गरेको ।
    - ➢ १२ वटा ट्राउट माछा पालनको लागि सम्भाव्य स्थलको पहिचान भएको ।

- <u>बेल/सिरहा, बर्दिया</u>
    - ➢ प्रोसेसीङ्ग प्रविधिमा सुधार तथा Lab test गरी Chemical Composition पत्ता लगाउने सम्बन्धि ३० जनालाई तालिम दिइएको ।
    - ➢ बजार प्रबर्द्धनको लागि Alternative Harbal संग कार्यक्रम संयोजन गरी TV, FM मा प्रसारण तथा पत्र पत्रिकामा विज्ञापन दिइएको ।
    - ➢ गुलरिया उद्योग वाणिज्य संघको संयोजन तथा जिल्ला वन कार्यालयको सहयोगमा RRA र IEA गर्ने कार्य सम्पन्न भएको ।
    - ➢ High Yield Variety संकलन गर्न १८ वटा लाइनहरुबाट Germplasm संकलन गरी सर्लाहीको वागवानी फार्ममा परिक्षणको लागि पठाई परिक्षण भइरहेको ।
- नेपाल सरकारबाट चालु आ.ब. २०६४/६५ मा यस OVOP कार्यक्रमलाई अझ विस्तार गर्नको लागि प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा निरन्तरता दिइयो । यसै सिलसिलामा चालु आ.ब. मा लेखनाथमा एग्रो-टुरिजम र ललितपुर अर्किड खेती गरी थप २ नयाँ कार्यक्रमहरु संचालनमा आएको छ र यस बर्षको कार्यक्रम संञ्चालनार्थ कृषि तथा सहकारी मन्त्रालयको तर्फबाट रु. ३ करोड र नेपाल उद्योग वाणिज्य महासंघको कृषि उद्यम केन्द्रको तर्फबाट रु. १५ लाख गरि जम्मा रु. ३ करोड १५ लाख बार्षिक बजेट विनियोजन गरिएको छ ।

(३) **<u>बजार विश्लेषण तथा प्रवर्द्धन</u>:**

१. उच्च मूल्यका कृषि वस्तुहरु जस्तै बेंमौसमी तरकारी, अलैंची, कफी चिया, मह, जडीबुडी, अदुवा, पुष्प व्यावसाय आदीको बजार तथा मागको विश्लेषण गर्दै आएको ।

२. नेपालका प्रमूख ५ कृषि थोक बजार (कालीमाटी, नारायणगढ, बुटवल, पोखरा र नेपालगञ्ज) को तरकारी जन्य बस्तुहरुको मूल्य तथा बजार अवस्थाको विश्लेषण गरी मासीक रुपमा प्रतिवेदन तयार गरी विभिन्न बजार तथा सम्बन्धित संघ सस्थाहरुलाई पठाईने गरेको ।

३. कृषि जन्य वस्तुहरुको उत्पादन Trend तथा सम्भावना र बजार सम्बन्धी ज्ञान तथा तथ्यांक उपलब्ध गराउदै आएको ।

४. कृषि उद्यम केन्द्रका कृयाकलापहरु समेटेर नियमीत रुपमा प्रकासीत गरिने “कृषि उद्यम बुलेटीन” प्रकाशित गदै आएको ।

(४) **<u>बजार सूचना सेवा</u> (Market Information Service (MIS)**

१. थोक बजार भाउ सम्बन्धि दैनिक, मासिक प्रतिबेदनहरु प्रकाशित गर्दै आएको ।

- नेपालका बिभिन्न ११ वटा प्रमुख बजारहरु र ६ वटा भारतिय सीमाबर्तिय बजारहरुको दैनिक मूल्य सूची संकलन, ऋफउर्षिबितष्यल र प्रवाह गर्ने कार्य नियमित रुपमा गर्दै आएको ।
- धरान र नेपालगंज बजार र भारतको दिल्ली बजारको जडिबुटिको मूल्य संकलन गरी, पठाउदै आएको ।
- थोक बजार मूल्य सूची बुलेटिन प्रकाशित गर्दै आएको ।

२. SIMI Project

(क) **Marketing**

- USAID को Small Holder Irrigation Market Initiatives (SIMI) Project का लागि यस केन्द्रले SIMI-Nepal संगको कार्यक्रम September २००९ सम्म थप भएको हुंदा SIMI संगका सबै कार्यक्रमहरु यथावत रुपमै संचालन भइरहेको ।
- बजार सूचना सेवा इकाई मार्फत ५ वटा प्रमुख बजारहरु समावेश गरी बनाइएको मासिक बजार बिश्लेषण सम्बन्धित निकायहरुमा पठाउदै आएको सम्झौता अनुरुप बिभिन्न आठ बजारहरु संग व्यापारीक सम्बन्ध राखी पोखरा, स्याङ्गजा, तौलिहवा, रुपन्देहि, कपिलबस्तु, पाल्पा, बर्दिया र बांकेका उद्योग बाणिज्य संघहरुमा सूचना केन्द्रको स्थापना गरीएको र दैनिक थोक बजार सूचना प्रबाह गर्ने काम भैरहेको ।
- साप्ताहिक रुपमा दुई क्षेत्रिय रेडियोहरु पोखरा र सुर्खेतबाट बजार सूचना प्रशारण गर्ने कार्य भैरहेको छ। त्यस्तै भेरी आवाज नामक सामुदायिक रेडियो मार्फत दिनहुं नेपालगंज बजारको थोक मूल्य सूची बिवरण प्रबाह गर्ने कार्य पनि भैरहेको ।

- केन्द्रले MIS कार्यक्रम अन्तरगत पाँचैवटा संघ लगायत अन्य पाँच बजार केन्द्रका Data Collectors को लागि "Techniques of extracting genuine data and tools for their verification' विषयक तालिम आयोजना गरेको छ ।

(ख) **Tea and Coffee Development Alliances (TCDGA)**

- यस बर्षको शुरु देखी चिया तथा कफी विकासमा संलग्न सरकारी गैर सरकारी, दातृ संस्था र बस्तुगतसंघहरुको सामुहिक सहयोगको कार्यक्रम अगाडी बढाउन गठित Tea Development Alliance र Coffee Development Alliance को सहभागी संस्थाको रुपमा र सचिवालयका रुपमा यस केन्द्रले कार्य शुरु गरेको छ ।
- 17 Nov. 2007 मा NTCBD को आयोजना तथा SIMI/WI/IDE को सहयोगमा काठमाण्डौमा राष्ट्रिय कफी दिवस आयोजना गरियो ।
- १७/१८ डिसेम्बर २००७ मा 'Strategic Planning Working for Orthodox Tea' विषयक कार्यशाला गोष्ठी आयोजना भएको थियो ।

(५) **बस्तुगतसंघ/उद्योग वाणिज्य संघहरुलाई सहयोग**

- नवलपरासी उद्योग वाणिज्य संघमा "कृषि व्यवसाय प्रवर्द्धनमा Value Chain विधि तथा कृषि उपजको व्यापारमा WTO को महत्व" सम्बन्धि अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरियो ।
- केन्द्र तथा बुटवल उद्योग वाणिज्य संघ र फ्लोरिकल्चर एशोसिएसन नेपालको संयुक्त आयोजनामा बुटवलमा "कट(फ्लावर उत्पादन तथा बजार व्यवस्थापन" विषयक सात दिने तालिम सम्पन्न भयो ।
- गत भाद्र २९ देखि असोज ४, २०६४ सम्म चीनको Chezhent Tibetan Medicine Group नेपाल भ्रमणमा आएको थियो । केन्द्रले सो कार्यक्रमको लागि व्यवस्थापकीय, आर्थिक तथा सचिवालय सम्बन्धि सहयोग गरेको थियो ।
- सुर्खेत उद्योग वाणिज्य संघद्वारा Dec 11 – 17 सम्म आयोजित सुर्खेत महोत्सब तथा मध्य-पश्चिमाञ्चल क्षेत्रीय औद्योगिक, कृषि, पर्यटन तथा सांस्कृतिक मेला २०६४ अन्तरगत आयोजित "सुर्खेत जिल्लामा कृषि व्यवसायको अवस्था" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम गरियो ।
- नारायणढ उद्योग वाणिज्य संघद्वारा Dec 14-18 सम्म आयोजित "कृषि मेला २०६४" अन्तरगत आयोजित कृषि क्षेत्रको औद्योगिकीकरणमा विद्यमान चुनौती तथा संभावना विषयक अन्तरक्रिया कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा केन्द्रको तर्फबाट प्राविधिक तथा गुण नियन्त्रण विभागका महानिर्देशक श्री उत्तम कुमार भट्टराईबाट "डेरी क्षेत्रमा HACCP को महत्व" विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो ।
- जडिबुटी एशोसिएसन अफ नेपाल (JABAN) द्वारा नेपालगंजमा "दोश्रो राष्ट्रिय जडिबुटी, जडिबुटी उत्पादन तथा मसला व्यापार मेला तथा गोष्ठी" आयोजना गरियो ।

**गोष्ठी, तालीममा सहभागिता:**

- कृषि उद्यम व्यवसायसंग सम्बन्धित देश विदेशमा आयोजना हुने गोष्ठी, तालीम तथा बैठकहरुमा विषय बस्तुको महत्व तथा आवशयकतालाई दृष्टिगत गरी सम्बन्धित संघ/संस्थाहरुलाई सिफारिश गरी सहभागिता गराउँदै आएको छ ।

**सूचना प्रवाह:**

- कृषि व्यवसाय सम्बन्धी विभिन्न बजारहरुबाट प्राप्त दैनिक थोक बजार मूल्य, कृषि समाचार जस्ता विभिन्न जानकारी एवं सूचनाहरु वेवसाइटमा राखी सूचना प्रवाह गर्दै आएको छ ।

(अनुसूची– ६ )

## विशिष्ठ महानुभावहरुसंग भेटघाट :

| | | |
|---|---|---|
| १. | Coal India Ltd. का Chief General Manager Mr. Jawahan Lal Goal | जेष्ठ २३, २०६४ । |
| २. | New Chinese Economic Counsellor | असार २७, २०६४ । |
| ३. | GTZ/ESPs Consultant's External Evaluation Team | श्रावण ९, २०६४ । |
| ४. | IUCN का Country Representative Mr. Prabhu Budhathoki | श्रावण २०,२०६४ । |
| ५. | माननीय अर्थ मन्त्री | श्रावण २१, २०६४ । |
| ६. | माननीय जलस्रोत मन्त्री | श्रावण २४, २०६४ । |
| ७. | उद्योग, वाणिज्य तथा आपूर्ति सचिव | श्रावण २४, २०६४ । |
| ८. | Credit Information Bureau का CE Mr. Anil Chandra Adhikari | श्रावण २४, २०६४ । |
| ९. | Asian Development Bank का Senior Country विशेषज्ञ Mr. Paolo Spantigati | श्रावण ३२, २०६४ । |
| १०. | गैर आवसिय नेपाली संघका अध्यक्ष डा. उपेन्द्र महतो | श्रावण ३२, २०६४ । |
| ११. | Korea का Pro. James Jie | श्रावण ३२, २०६४ । |
| १२. | E-Commerce का Dr. Tank Dhamala र Pro. Bisal Nath Upreti | श्रावण ३२, २०६४ । |
| १३. | CCPIT Guangxi Sub-Council | भाद्र १७, २०६४ । |
| १४. | अर्थमन्त्रालयका सचिव श्री रामेश्वर खनाल | भाद्र २४, २०६४ । |
| १५. | Consul General, Kolkata का Mr. Suresh Man Shrestha and Mr. Hari Bashyal | असोज १, २०६४ । |
| १६. | सम्माननीय प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला | असोज २३, २०६४ । |
| १७. | माननीय श्री माधव कुमार नेपाल | असोज २३, २०६४ । |
| १८. | ILO का Director | कार्तिक १६, २०६४ । |
| १९. | भन्सार विभागका महानिर्देशक र उपमहानिर्देशक | मंसीर ४, २०६४ । |
| २०. | Aid for Trade का Mr. Fedarico Foders Germany (Studi Mission) | मंसीर १८, २०६४ । |
| २१. | Management Association का Mr. Lall Krishna K.C | पुष १८, २०६४ । |

(अनुसूची– ७ )

# विभिन्न संघ/संस्था एवं निकायमा महासंघको प्रतिनिधित्व

| क.सं. | विभिन्न संघ/संस्था एवं निकाय | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | गुनोसो व्यवस्थापन समिति, (नेपाल राष्ट्र वैंङ) | अध्यक्ष<br>द्वितिय उपाध्यक्ष | श्री चण्डिराज ढकाल<br>श्री कुशकुमार जोशी |
| २. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को | अध्यक्ष | श्री चण्डिराज ढकाल |
| ३. | Transit Point | अध्यक्ष | श्री चण्डिराज ढकाल |
| ४. | गुनासो व्यवस्थापन समिति | अध्यक्ष<br>द्वितिय उपाध्यक्ष | श्री चण्डिराज ढकाल<br>श्री कुशकुमार जोशी |
| ५. | Regional Development Committee<br>राष्ट्रिय योजना आयोग | अध्यक्ष | श्री चण्डिराज ढकाल |
| ६. | युद्धविराम आचार संहिता समिति | अध्यक्ष | श्री चण्डिराज ढकाल |
| ७. | परराष्ट्र नीति कार्यदल | अध्यक्ष | श्री चण्डिराज ढकाल |
| ८. | व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति | सभापति,<br>निर्यात प्रवर्द्धन समिति | श्री किरण प्रकाश साखः |
| ९. | राजश्व परामर्श समिति | प्रथम उपाध्यक्ष<br>सभापति<br>आयकर एवं मूल्य अभिवृद्धि कर समिति<br>सभापति<br>भन्सार तथा अन्तःशुल्क समिति | श्री दिवाकर गोल्छा<br>श्री प्रदिपमान वैद्य<br><br>श्री दिनेश श्रेष्ठ |
| १०. | नेपाल इन्टरमोडल यातायात विकास समितिको सञ्चालक समिति | द्वितीय उपाध्यक्ष<br>सभापति,<br>यातायात तथा पारवहन फोरम | श्री कुशकुमार जोशी<br>श्री वीरेन्द्र बहादुर थपलिया |
| ११. | औद्योगिक प्रवर्द्धन वोर्ड | द्वितीय उपाध्यक्ष | श्री कुशकुमार जोशी |
| १२. | धितोपत्र वोर्ड | द्वितीय उपाध्यक्ष | श्री कुशकुमार जोशी |
| १३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, Integrated Framework Steering Committee | द्वितीय उपाध्यक्ष | श्री कुशकुमार जोशी |
| १४. | औद्यागिक व्यवसाय विकास प्रतिष्ठानको संचालक समितिको वैठक | तृतीय उपाध्यक्ष | श्री आजाद श्रेष्ठ |
| १५. | Micro Enterprise Development Programme (MEDEP) Steering Committee | तृतिय उपाध्यक्ष | श्री आजाद श्रेष्ठ |
| १६. | लघु घरेलु तथा साना उद्योग विकास कोष | तृतिय उपाध्यक्ष | श्री आजाद श्रेष्ठ |
| १७. | केन्द्रीय श्रम सल्लाहकार समिति | पदेन उपाध्यक्ष एवं नि. सभापति<br>रोजगारदाता परिषद<br>सभापति<br>उद्योग पुनर्स्थापना एव व्यवसायीक कानून समिति<br>का.मु. महानिर्देशक | श्री रविन्द्र श्रेष्ठ<br><br>श्री अशोक कुमार तोदी<br><br><br>श्री मेघनाथ न्यौपाने |
| १८. | एकद्वार समिति | सभापति<br>औद्योगिक प्रवर्द्धन समिति | श्री प्रदिपजंग पाण्डे |
| १९. | राष्ट्रिय वाल दिवस समारोह समिति | सभापति<br>सामाजिक सेवा समिति | श्री लोक विक्रम थापा |

| क्र.सं. | विभिन्न संघ/संस्था एवं निकाय | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| २०. | नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति | सभापति<br>सामाजिक सेवा समिति | श्री लोक विक्रम थापा |
| २१. | काठमाडौं उपत्यका व्यवस्थापन वोर्ड | सभापति<br>स्थानिय आर्थिक विकास समिति | श्री किशोर कुमार प्रधान |
| २२. | शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम (पीपीपीयूई) को संचालक समिति | सभापति<br>स्थानीय आर्थिक विकास समिति | श्री किशोर कुमार प्रधान |
| २३. | Ns Quality Award Committee | सभापति<br>उत्पादकत्व तथा गुणस्तर समिति<br>सहसभापति<br>उत्पादकत्व तथा गुणस्तर समिति | श्री विजय वहादुर श्रेष्ठ<br><br>श्री दिलिप अधिकारी |
| २४. | Steering Committee on Annual Programme on Development of Productivity Data Base | सभापति<br>उत्पादकत्व तथा गुणस्तर समिति | श्री विजय बहादुर श्रेष्ठ |
| २५. | औद्योगिक प्रदर्शनी तथा राष्ट्रिय उत्कृष्ट घरेलु उद्यमी पुरस्कार कार्यक्रम सम्बन्धी वैठक | सभापति<br>घरेलु एवं लघु उद्यम समिति | श्री डि.वि. वस्नेत |
| २६. | भन्सार मूल्याङ्कन समिति | सभापति<br>भन्सार तथा अन्तःशुल्क समिति | श्री दिनेश श्रेष्ठ |
| २७. | निर्यात प्रवर्द्धनात्मक कार्य सम्बन्धी समिक्षा तथा सुझाव उपसमिति | सभापति<br>निर्यात प्रवर्द्धन समिति | श्री किरण प्रकाश साखः |
| २८. | आपूर्ति सुधार सुझाव समिति | सभापति<br>आन्तरिक व्यापार तथा आपूर्ति समिति<br>निर्देशक, नेउवामहासंघ | श्री विमल कुमार केडिया<br><br>सुश्री जीवन कंसाकार |
| २९. | नेपाल गुणस्तर तथा नापतौल विभागमा गठित प्रयोगशाला प्रमाणिकरण समिति | कार्यकारि निर्देशक<br>कृषि उद्यम केन्द्र | डा. देवभक्त शाक्य |
| ३०. | निर्यातकर्ता तथा आयातकर्ता सम्मान उपसमिति | सभापति,<br>निर्यात प्रवर्द्धन समिति<br>निर्देशक | श्री किरण प्रकाश साखः<br>सुश्री जीवन कंसाकार |
| ३१. | जिल्ला प्रशासन कार्यालयमा वस्ने गरेको दर रेट निर्धारण समिति | निर्देशक | सुश्री जीवन कंसाकार |
| ३२. | सडक बोर्ड | सभापति<br>यातायात तथा पारवहन फोरम | श्री वीरेन्द्र बहादुर थपलिया |
| ३३. | प्राविधिक समिति, उद्योग विभाग | सभापति<br>औद्योगिक प्रवर्द्धन समिति | श्री प्रदीपजंग पाण्डे |